नेपालमा विद्यालय शिक्षाका लागि

# राष्ट्रिय पाठ्यक्रम प्रारूप

२०६३

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# नेपालमा विद्यालय शिक्षाका लागि

# राष्ट्रिय पाठ्यक्रम प्रारूप

२०६३

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

**प्रकाशक**
नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

*यो प्रारूप कार्यान्वयनका क्रममा प्राप्त हुने प्राविधिक, शैक्षिक एवम् प्राज्ञिक सुझावहरू संयोजन गर्दै जाने गरी नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०६३।१०।२५ को निर्णयानुसार स्वीकृत ।*

प्रथम प्रकाशन : २०६३ फागुन

**मुद्रण**

*पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्नतन गरेर प्रकाशन गर्न पाइनेछैन ।*

# विषयसूची

| शीर्षक | | पृष्ठ |
|---|---|---|
| प्राक्कथन | | |
| प्रारूपको सारांश | | I-V |
| **भाग १ : राष्ट्रिय पाठ्यक्रम प्रारूपको औचित्य** | | १ |
| १.१ | परिचय | १ |
| १.२ | पृष्ठभूमि | १ |
| १.३ | प्रारूप निर्माण प्रक्रिया | २ |
| १.४ | प्रारूपको सङ्गठन | ५ |
| **भाग २ : पाठ्यक्रमसम्बद्ध समसामयिक एवम् महत्त्वपूर्ण पक्षहरू, मुद्दा एवम् चुनौतीहरू** | | ६ |
| २.१ | सामाजिक, सांस्कृतिक तथा शैक्षिक पक्ष | ६ |
| २.२ | पाठ्यक्रम विकास तथा विस्तार प्रक्रिया | ७ |
| २.३ | पाठ्यक्रमको सामञ्जस्य र निरन्तरता | ८ |
| २.४ | मूल्यमान्यतामा आधारित शिक्षा | ९ |
| २.५ | शिक्षामा जीवनोपयोगी सीप | १० |
| २.६ | रोजगारी र स्वरोजगारीका लागि शिक्षा | १० |
| २.७ | सञ्चार तथा सूचना प्रविधिसम्बन्धी शिक्षाको आवश्यकता | ११ |
| २.८ | मातृभाषिक मुद्दाहरू | १२ |
| २.९ | पाठ्यक्रममा समावेशी पद्धति | १४ |
| २.१० | शैक्षणिक पद्धति | १५ |
| २.११ | संस्कृत शिक्षा | १६ |
| २.१२ | स्थानीय आवश्यकतामा आधारित शिक्षा | १७ |
| २.१३ | शिक्षण गर्ने विषयहरू | १८ |
| २.१४ | वैकल्पिक शिक्षा | १९ |
| २.१५ | शिक्षामा विश्वव्यापीकरणको प्रभाव | २० |
| २.१६ | विद्यार्थी मूल्याङ्कन | २१ |
| २.१७ | शैक्षिक गुणस्तर र सान्दर्भिकता | २२ |

| | | |
|---|---|---|
| २.१८ | अनुसन्धान कार्य | २३ |
| २.१९ | संस्थागत क्षमता | २४ |

| | | |
|---|---|---|
| **भाग ३ :** | **शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको दृष्टिकोण र पाठ्यक्रमसम्बद्ध सैद्धान्तिक आधारहरू** | **२५** |
| ३.१ | राष्ट्रिय उद्देश्य | २५ |
| ३.२ | विद्यालय शिक्षाको दृष्टिकोण | २६ |
| ३.३ | पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधारहरू | २६ |
| ३.३.१ | बृहद् एवम् सन्तुलित शिक्षाको अवधारणाअनुरूप पाठ्यक्रम विकास | २६ |
| ३.३.२ | सिकाइका प्रमुख क्षेत्रको सङ्गठन | २७ |
| ३.३.३ | एकीकृत सिद्धान्तका आधारमा पाठ्यक्रम विकास | २७ |
| ३.३.४ | बालकेन्द्रित विकासात्मक पद्धतिअनुरूप पाठ्यक्रम विकास | २७ |
| ३.३.५ | आधारभूत शिक्षाको माध्यम | २८ |
| ३.३.६ | समावेशी शिक्षा नीतिअनुरूप पाठ्यक्रम निर्माण | २८ |
| ३.३.७ | स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण | २८ |
| ३.३.८ | पूर्वीय ज्ञान तथा आधार स्तम्भका रूपमा संस्कृत शिक्षा | २९ |
| ३.३.९ | सूचना तथा सञ्चार प्रविधि | २९ |
| ३.३.१० | पाठ्यक्रममा जीवनोपयोगी सीपको स्थान | २९ |
| ३.३.११ | कार्यप्रति अभिमुख पाठ्यक्रम निर्माण | ३० |
| ३.३.१२ | विद्यार्थी मूल्याङ्कनलाई उच्च स्थान | ३० |
| ३.३.१३ | सहभागितामूलक पाठ्यक्रम विकास प्रक्रिया | ३१ |
| ३.३.१४ | वैकल्पिक शिक्षा/दूर शिक्षा तथा खुला शिक्षा नीति | ३१ |
| ३.३.१५ | नेपाली मूल्य र मान्यतामा आधारित पाठ्यक्रम विकास | ३१ |
| ३.३.१६ | खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास | ३२ |
| ३.३.१७ | शिक्षणसिकाइ क्रियाकलाप पाठ्यक्रम सम्बद्ध गतिविधि | ३२ |
| ३.३.१८ | विद्यालय शिक्षा र गुणस्तर मानक | ३२ |
| **भाग ४ :** | **विद्यालय शिक्षाका उद्देश्यहरू, पाठ्यक्रम संरचना र विद्यार्थी मूल्याङ्कन एवम् अन्य पाठ्यक्रमसम्बद्ध नीतिहरू** | **३३** |
| ४.१ | विद्यालय शिक्षाको संरचना | ३३ |
| ४.२ | तहगत उमेर समूह | ३३ |
| ४.३ | विद्यालय शिक्षाका तहगत उद्देश्यहरू | ३४ |
| ४.३.१ | बालविकास शिक्षाका उद्देश्यहरू | ३४ |
| ४.३.२ | आधारभूत शिक्षाका उद्देश्यहरू (कक्षा १-८) | ३४ |
| ४.३.३ | माध्यमिक शिक्षाका उद्देश्यहरू ( कक्षा ९-१२ ) | ३५ |

| | | |
|---|---|---|
| ४.४ | विद्यालय शिक्षाको पाठ्यक्रम संरचना | ३६ |
| ४.४.१ | आधारभूत तह | ३६ |
| ४.४.२ | माध्यमिक तह | ३९ |
| ४.५ | मूल्याङ्कन | ३९ |
| ४.६ | अन्य सम्बद्ध पक्ष | ४२ |
| ४.६.१ | रोजगारमुखी शिक्षा | ४२ |
| ४.६.२ | शिक्षक शिक्षा | ४२ |
| ४.६.३ | शिक्षणसिकाइ क्रियाकलाप र सामग्री | ४३ |
| ४.६.४ | पाठ्यपुस्तक | ४४ |
| ४.६.५ | संस्कृत शिक्षा | ४४ |
| ४.६.६ | अनुगमन र सुपरिवेक्षण | ४४ |
| ४.६.७ | संस्थागत (निजी) विद्यालय | ४५ |
| ४.६.८ | खुला शिक्षा | ४५ |
| ४.६.९ | विद्यालय शिक्षाको गुणस्तर र मानक निर्धारण | ४५ |
| **भाग ५ : राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन** | | **४६** |
| ५.१ | विद्यालय शिक्षाको पुनसंरचना | ४६ |
| ५.२ | पाठ्यक्रम विकास, स्वीकृति र परिमार्जन प्रक्रियामा सुधार | ४६ |
| ५.३ | पाठ्यक्रमसम्बद्ध सामग्री निर्माण र वितरण | ४७ |
| ५.४ | संस्थागत संयन्त्रको विकास | ४७ |
| ५.५ | पाठ्यक्रम मूल्याङ्कन र अनुसन्धान प्रवर्द्धन | ४८ |
| ५.६ | विभिन्न स्तरमा परीक्षा समितिको निर्माण | ४८ |
| ५.७ | विद्यार्थी मूल्याङ्कनमा सरोकारवालाहरूको सहभागिता | ५० |
| ५.८ | मूल्याङ्कन नीति कार्यान्वयनका लागि संस्थागत व्यवस्था | ५० |
| ५.९ | प्रभावकारी पाठ्यक्रम विकास र कार्यान्वयनका निम्ति शिक्षकको तयारी | ५१ |
| ५.१० | विद्यालय | ५२ |
| ५.११ | समन्वय र साझेदारी | ५२ |
| ५.१२ | संस्थागत क्षमता र प्रारूप कार्यान्वयन | ५३ |
| ५.१३ | राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिमार्जन र सुधार | ५३ |
| **अपेक्षित परिवर्तित स्वरूप र कार्यान्वयन खाका** | | **५४** |
| **सन्दर्भ सामग्रीहरू** | | **५८** |
| अनुसूचीहरू | | ६० |

# प्रारूपको सारांश

विद्यालय शिक्षा व्यवस्थित भएमा मुलुकको सर्वपक्षीय विकासमा थप मदत पुग्दछ । नेपालको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक सन्दर्भ, विद्यमान दसौँ योजना तथा अन्य शैक्षिक योजना र कार्यक्रमहरूलाई मूल आधार बनाई प्रस्तुत प्रारूप निर्माण गरिएको छ । यो प्रारूप तयार गर्दा सरोकारवालाहरूको व्यापक सहभागिता गराउँदै बढी सहभागीमूलक बनाउने प्रयत्न गरिएको थियो । त्यस्तै पाठ्यक्रम विकास केन्द्र र विभिन्न क्षेत्रबाट भएका शैक्षिक अनुसन्धानबाट निस्केका निष्कर्ष एवम् सुझावको पनि समुचित उपयोग गरिएको थियो । यसले मुख्यतया नेपालको सन्दर्भमा विकेन्द्रीकरण, पाठ्यक्रमको स्थानीयकरण, पाठ्यक्रमको विशिष्टीकरण, आधुनिकीकरण, विश्वव्यापीकरणजस्ता पक्षहरूलाई जोड दिएको छ । यसले श्रम, सीप पक्षलाई प्रवर्द्धन गर्दै समतामूलक समावेशी समाज निर्माण गर्ने उद्देश्यलाई मुखरित गरेको छ । विद्यालय, शिक्षणसिकाइ क्रियाकलाप र शिक्षक तथा विद्यार्थीलाई मूल केन्द्र मानी विद्यालय शिक्षाको समग्र व्यवस्थापन सुदृढ गर्ने दिशामा प्रारूप केन्द्रित रहेको छ । यस प्रारूपमा विशेषतः पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका सिद्धान्तहरू, विद्यालय शिक्षाको दृष्टिकोण, पाठ्यक्रम संरचना र कार्यान्वयन खाकालाई व्यवस्थित गरिएको छ । समग्रमा राष्ट्रिय पाठ्यक्रम प्रारूपको सारांश यसप्रकार रहेको छ :

**(क) पाठ्यक्रमसम्बद्ध समसामयिक महत्त्वपूर्ण पक्षहरू र तिनको विश्लेषण**

यो प्रारूप तयार गर्ने क्रममा नेपालको विद्यालय तहको शिक्षामा देखापरेका देहायका महत्त्वपूर्ण पक्ष, मुद्दा प्रमुख आधारका रूपमा रहेका छन् :

- सामाजिक, सांस्कृतिक तथा शैक्षिक पक्ष
- पाठ्यक्रम विकास तथा विस्तार प्रक्रिया
- पाठ्यक्रमको सामञ्जस्य र निरन्तरता
- मूल्यमान्यतामा आधारित शिक्षा
- शिक्षामा जीवनोपयोगी सीप पद्धति
- रोजगारी र स्वरोजगारीका लागि शिक्षा
- सञ्चार तथा सूचना प्रविधिसम्बन्धी शिक्षाको आवश्यकता
- मातृभाषिक मुद्दाहरू
- पाठ्यक्रममा समावेशी पद्धति
- शैक्षणिक पद्धति
- संस्कृत शिक्षा
- स्थानीय आवश्यकतामा आधारित शिक्षा
- शिक्षण गर्ने विषयहरू
- वैकल्पिक शिक्षा
- शिक्षामा विश्वव्यापीकरणको प्रभाव

- विद्यार्थी मूल्याङ्कन
- शैक्षिक गुणस्तर र सान्दर्भिकता
- अनसुन्धान कार्य
- संस्थागत क्षमता

**(ख) पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधारहरू**

यस प्रारूपले माथि उल्लिखित पाठ्यक्रमसम्बद्ध समसामयिक महत्त्वपूर्ण पक्षहरूको व्याख्या र विश्लेषणका आधारमा निम्नानुसारको पाठ्यक्रम विकास तथा कार्यान्वयनका सिद्धान्तहरू स्थापित गरेको छ :

- पाठ्यक्रम बृहद् एवम् सन्तुलित शिक्षाको अवधारणाअनुरूप विकास गरिने
- पाठ्यक्रम निर्माण गर्दा सिकाइका प्रमुख क्षेत्रलाई सङ्गठित गरिने
- पाठ्यक्रम एकीकृत सिद्धान्तका आधारमा विकसित गरिने
- बालकेन्द्रित विकासात्मक पद्धतिअनुरूप पाठ्यक्रम विकास गरिने
- आधारभूत शिक्षा मातृभाषामा दिइने
- समावेशी शिक्षा नीतिअनुरूप पाठ्यक्रम निर्माण गरिने
- स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिइने
- पूर्वीय ज्ञान तथा आधार स्तम्भका रूपमा संस्कृत शिक्षालाई व्यवस्थित गरिने
- सूचना तथा सञ्चार प्रविधि शिक्षालाई पाठ्यक्रमा विशिष्ट स्थान दिइने
- पाठ्यक्रममा जीवनोपयोगी सीपको स्थान सुनिश्चित गरिने
- कार्यप्रति अभिमुख पाठ्यक्रममा जोड दिइने
- पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा मूल्याङ्कनलाई उच्च स्थान दिने
- पाठ्यक्रम विकास एवम् सुधार प्रक्रियालाई सहभागितामूलक बनाइने
- वैकल्पिक शिक्षा/दूर शिक्षा तथा खुला शिक्षा नीतिअनुरूप पाठ्यक्रम निर्माण गरिने
- नेपाली मूल्य मान्यतामा आधारित पाठ्यक्रम विकासमा जोड दिइने
- खोज तथा अनुसन्धानलाई पाठ्यक्रम विकासको अभिन्न अङ्गका रूपमा विकसित गरिने
- शिक्षणसिकाइ क्रियाकलाप पाठ्यक्रमसम्बद्ध गतिविधिहरूको महत्त्वपूर्ण अङ्ग हुने
- विद्यालय शिक्षाका लागि गुणस्तर मानक तयार गरिने

(ग) **पाठ्यक्रमको संरचनागत विषय क्षेत्रको स्वरूप**

| तह | चरण/धार | सिकाइका प्रमुख क्षेत्र | विषय |
|---|---|---|---|
| **आधारभूत शिक्षा** कक्षा १-८ | (क) पहिलो चरण (कक्षा १-३) | भाषा, गणित, सामाजिक अध्ययन, सिर्जनात्मक कला, स्थानीय आवश्यकतामा आधारित शिक्षा | प्रमुख सिकाइ क्षेत्रका विषयहरूलाई एकीकृत पाठ्यक्रममा आधारित क्रियाकलाप पुस्तिका विकास गरी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिने |
| | (ख) दोस्रो चरण (कक्षा ४-५) | नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक अध्ययन | अनिवार्य : नेपाली, गणित, अङ्ग्रेजी, सामाजिक अध्ययन थप दुईओटा विषय स्थानीय आवश्यकताअनुसार विद्यालयले छनोट गर्ने छ ।<br>सामाजिक अध्ययन विषयमा विज्ञान, स्वास्थ्य र शारीरिकजस्ता विषयहरू एकीकृत गर्दै स्थानीय परिवेशमा आधारित पाठ्यक्रमद्वारा व्यवस्थित गर्ने । |
| | (ग) तेस्रो चरण (कक्षा ६-८) | भाषा, गणित, सामाजिक अध्ययन, विज्ञान, स्थानीय विषय | अनिवार्य : नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक अध्ययन, विज्ञान<br>ऐच्छिक प्रथम : भाषा/अन्य<br>ऐच्छिक द्वितीय : स्थानीय विषय (पेसा, व्यापार, व्यवसाय तथा अन्य) |
| माध्यमिक शिक्षा कक्षा ९-१२ | (क) साधारण धार (कक्षा ९-१२) | (क) साधारण धार : भाषा, विज्ञान, गणित, सामाजिक, स्थानीय विषय | एकल पथको अवधारणा अनुरूप आवश्यक व्यवस्था गरिने |
| \| | (ख) व्यावसायिक धार (कक्षा ९-१२) | (ख) व्यावसायिक/प्राविधिक धार : कृषि, वन विज्ञान, चिकित्सा शास्त्र, इन्जिनियरिङ | विषयको प्रकृति र विषय क्षेत्रको विशिष्टताका आधारमा विशेष प्राविधिक कार्यदलको सुझावका आधारमा व्यवस्थित गरिने । |

यो स्वरूप कार्यान्वयन हुँदा विद्यालयबाहिर सङ्गठित रूपमा सञ्चालित शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि) पनि मूल प्रवाहमा समावेश हुने छन् ।

**(घ) शिक्षाका अन्य प्रमुख पक्षहरू**

विद्यालय शिक्षाका अन्य पक्षहरूलाई निम्नानुसार हुने गरी व्यवस्थित गरिएको छ :

- विद्यालय शिक्षाको अवसरलाई व्यापक गराउन खुला शिक्षाको व्यवस्था गरिएको
- अनौपचारिक रूपबाट शिक्षा प्राप्त गरेकालाई प्रमाणीकरणको व्यवस्था गरी औपचारिक विद्यालयीय शिक्षामा प्रवेश खुला गरिएको
- प्राविधिक तथा व्यवसायिक शिक्षाबाट औपचारिक विद्यालयीय शिक्षा र औपचारिक शिक्षाबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा प्रवेश खुला गर्न सेतु पाठ्यांशको व्यवस्था प्रस्ताव गरिएको
- हाल प्रचलित संस्कृत शिक्षा (साधारण र वेद विद्याश्रम) लाई यथावत् कायम राखी कक्षा १२ सम्म सञ्चालन गर्ने गरी व्यवस्थित गरिने छ । पूर्वीय वाङ्गमयका महत्त्वपूर्ण व्यवहारोपयोगी मूल्य र मान्यतालाई विद्यालय शिक्षाका सबै धारमा समावेश गरिने छ ।

- विद्यार्थी मूल्याङ्कन
  - समावेशी मूल्याङ्कन पद्धतिको विकास गरी कार्यान्वयन गर्ने
  - निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा स्थापित गरी कक्षा ७ सम्म क्रमशः उदार कक्षोन्नति नीति लागू गर्ने
  - कक्षा ५ को अन्त्यमा स्रोत केन्द्रस्तरीय, कक्षा ८ को अन्त्यमा जिल्लास्तरीय, कक्षा १० को अन्त्यमा क्षेत्रस्तरीय र विद्यालय तहको अन्त्य (कक्षा १२) मा लिइने परीक्षा राष्ट्रियस्तरमा सञ्चालन गरिने
  - हरेक तह र कक्षामा उत्तीर्ण प्रतिशत ४० कायम हुने
  - मूल्याङ्कनमा अक्षराङ्क पद्धति (Letter grading system) लाई कार्यान्वयन गर्न सम्भाव्यता अध्ययन गर्ने
- शिक्षकको भूमिकालाई सूचना प्रवाहकर्ता (Information transformer), प्रवर्द्धनकर्ता (Promoter), विद्यार्थीसँग सहकार्य गरी सिक्ने (Colerner) र सिकाइ संस्कृति (learning culture) को खुला वातावरण सिर्जना गर्ने व्यक्तिका रूपमा विकास गर्न आवश्यक व्यवस्था गर्ने
- विद्यालय शिक्षामा बहुपाठ्यपुस्तक विकास तथा प्रयोग नीति अवलम्बन गर्ने
- गुणस्तरसम्बन्धी राष्ट्रिय मानक तयार गरी तदनुरूप जिल्ला तथा विद्यालयले आ-आफ्नो मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने
- हरेक पाँच वर्षमा विद्यालय तहको पाठ्यक्रमको मूल्याङ्कन गर्ने
- विद्यालय शिक्षाका गतिविधिहरू पुनारावलोकन गरी पृष्ठपोषण प्राप्त गर्न सुधारका लागि सुझाव दिन केन्द्रीय निकायका रूपमा एक अध्ययन अनुसन्धान एवम् पुनरावलोकन संयन्त्र (Review Mechanism) मार्फत व्यवस्थित गर्ने

- राष्ट्रिय पाठ्यक्रम प्रारूपको खाकाभित्र रही विद्यालय पाठ्यक्रमसम्बद्ध गतिविधिहरू सञ्चालन र व्यवस्थापन गर्न स्वायत्त र सक्षम बनाउने
- विद्यालय तहको शिक्षाको अनुगमन र सुपरिवेक्षण कार्यलाई पहुँच र सर्वसुलभता, शिक्षणसिकाइ क्रियाकलाप र पाठ्यक्रमबीचको सामञ्जस्य, स्थानीय पाठ्यक्रमको कार्यान्वयन आदिजस्ता पक्षसँग सम्बद्ध हुने गरी व्यवस्थित गर्ने ।

यो राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयनका लागि विद्यालय शिक्षाको पुनर्संरचना गर्ने, पाठ्यक्रम विकास परिमार्जन प्रक्रियामा सुधार, मूल्याङ्कन, अनुसन्धान र प्रवर्द्धन, समन्वय र साझेदारी, शिक्षक तयारीलगायत केन्द्रदेखि विद्यालयसम्मको संस्थागत संयन्त्रमा सुधार एवम् विकासजस्ता पक्षमा आवश्यक नीतिगत परिवर्तन गरिने छ ।

# प्राक्कथन

यो पाठ्यक्रम प्रारूप नेपालको विद्यालय शिक्षा पद्धतिको मूल दस्तावेज हो । यसबाट विद्यालय तहको शिक्षालाई दीर्घकालीन दृष्टिकोणसहित दिशा निर्दिष्ट हुने अपेक्षा गरिएको छ । प्रारूपले पाठ्यक्रम सम्बद्ध समसामयिक एवम् महत्त्वपूर्ण पक्षहरू, मुद्दा एवम् चुनौतीहरू, विद्यालय शिक्षाको दृष्टिकोण र पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधारहरू, विद्यालय शिक्षाका उद्देश्यहरू, विद्यालय शिक्षाको संरचना, विद्यार्थी मूल्याङ्कन नीति, खुला शिक्षा एवम् शैक्षिक व्यवस्थापनसँग सम्बद्ध अन्य महत्त्वपूर्ण पक्षहरूका बारेमा नीतिगत दृष्टिकोण प्रस्तुत गरेको छ ।

विश्वव्यापीकरणको सन्दर्भमा हाल अभ्यासमा रहेका सूचना तथा सञ्चार प्रविधि (ICT), जीवनोपयोगी सीप (Life skill), कामको संसार (World of work), मानव अधिकार, समावेशीकरणजस्ता विषयक्षेत्रहरूलाई समेत यस प्रारूपले सम्बोधन गर्ने प्रयास गरेको छ । यसबाट लोकतान्त्रिक पद्धति एवम् संस्कारलाई विकसित गर्न थप मद्दत पुग्ने विश्वास लिइएको छ ।

नेपालको समग्र शैक्षिक, सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक अवस्था एवम् विश्वव्यापी परिवेशलाई समेत विश्लेषण गरी तयार पारिएको यो दस्तावेजको सफल कार्यान्वयनबाट बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुग्नुका साथै समग्रमा देशको शिक्षा पद्धतिले निश्चित मार्ग अवलम्बन गर्न सहयोग गर्ने विश्वास लिइएको छ ।

प्रस्तुत प्रारूप तयार गर्दा शिक्षा क्षेत्रका नीति निर्माता, कार्यान्वयनकर्ता र अन्य सरोकारवालाहरूसँगको प्रत्यक्ष र व्यापक सहभागिताबाट प्राप्त सुझाव, विद्यमान विद्यालय तहको पाठ्यक्रमको विभिन्न दृष्टिकोणबाट विश्लेषण, प्रमुख विषयक्षेत्रहरूमा गहन अन्तरक्रिया एवम् शिक्षासँग सम्बद्ध विभिन्न निकायबाट प्राप्त पृष्ठपोषणलाई मूल आधार लिइएकाले यसले विद्यालय शिक्षालाई व्यवस्थित गर्न मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ ।

यो प्रारूप तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुर्‍याउनुहुने सल्लाहकार समिति, नीतिनिर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, प्राध्यापक, शिक्षक, पत्रकार, रोजगारदाता, विद्यार्थी एवम् अन्य सरोकारवालाहरूप्रति केन्द्र हार्दिक कृतज्ञता व्यक्त गर्दछ । समुचित निर्देशन, समन्वय एवम् पथपदर्शन गर्ने शिक्षा तथा खेलकुद मन्त्रालय एवम् अन्तर्गतका केन्द्र, क्षेत्र एवम् जिल्लास्तरका निकायहरू र राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्प्रति केन्द्र आभार व्यक्त गर्दछ । अन्तमा प्रारूप विकास गर्न आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने शिक्षा सल्लाहकार समूह (ESAT) लाई पाठ्यक्रम विकास केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# भाग – एक

# राष्ट्रिय पाठ्यक्रम प्रारूपको औचित्य

## १.१ परिचय

विद्यालय शिक्षालाई व्यवस्थित गरी बालबालिकाहरूलाई एक्काइसौँ शताब्दीअनुकूल सक्षम र सबल तुल्याउँदै प्रतिस्पर्धी समाजमा सहजरूपमा समायोजन गर्न सक्ने शिक्षा प्रदान गर्न पाठ्यक्रम विकास निर्माण तथा कार्यान्वयन गर्ने नीति एवम् सिकाइका उपयुक्त क्षेत्र, शिक्षणसिकाइ क्रियाकलाप व्यवस्थापनसम्बन्धी दृष्टिकोणसमेत उल्लेख भएको विद्यालय शिक्षाको मूल दस्तावेज नै राष्ट्रिय पाठ्यक्रम प्रारूप हो । यस प्रारूपको कार्यान्वयनबाट विषयगत तरलताको अन्योल, पाठ्यक्रमको समावेशीकरण, स्थानीयकरणका साथै विद्यार्थी, पाठ्यक्रम, शिक्षक तथा विद्यालय मूल्याङ्कन, शैक्षिक अनुसन्धान, शिक्षक शिक्षा, शैक्षिक व्यवस्थापनजस्ता महत्त्वपूर्ण पक्षहरूमा उत्पन्न भएका समस्या समाधानमा सहयोग पुग्ने छ । साथै शैक्षिक पहुँच र समानता, सान्दर्भिकता र गुणस्तरीयताजस्ता पक्षमा सुधार हुन गई सबैका लागि गुणस्तरीय, सान्दर्भिक एवम् निरन्तर शिक्षाको अवसरहरूको अभिवृद्धि हुने छ ।

## १.२ पृष्ठभूमि

एक्काइसौँ शताब्दीमा विश्वव्यापीकरण, मानवअधिकारको संरक्षण, बालअधिकार, शान्ति सामाजिक एवम् लैङ्गिक समानता, जनसङ्ख्या शिक्षा तथा वातावरण संरक्षणलगायत विश्वव्यापी सूचना तथा सञ्चारजस्ता विषयक्षेत्रहरूको माग दिनानुदिन बढिरहेको परिप्रेक्ष्यमा शिक्षाको भावी दृष्टिकोण स्पष्ट गर्नुपर्ने देखिन्छ । शिक्षालाई सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक उन्नतिको प्रमुख साधनका रूपमा रूपान्तरण गर्न सकेमा सबैको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुन जान्छ । मूलतः पहुँच, समानता, सान्दर्भिकता र गुणस्तर वृद्धि गर्नेजस्ता महत्त्वपूर्ण पक्षहरूमा सुधार गरी जीवनपर्यन्त शिक्षाको व्यवस्था गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

उपर्युक्त सन्दर्भ र हालसम्म नेपालको विद्यालय शिक्षासँग सम्बद्ध अभ्याससमेतका आधारमा राष्ट्रिय पाठ्यक्रम प्रारूपको आवश्यकता महसुस हुँदै गएको हो । मुख्यतया तल प्रस्तुत विभिन्न पक्षहरूलाई राष्ट्रिय पाठ्यक्रम प्रारूपका औचित्यका रूपमा लिइएको छ :

- हालसम्म विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूप निर्माण नहुनु
- पाठ्यक्रम तथा यससँग सम्बद्ध शिक्षणसिकाइसम्बद्ध सम्बन्धित सामग्री विकासको कार्यलाई व्यवस्थितीकरण गर्न

- १ कक्षादेखि १२ कक्षासम्मको शिक्षालाई विद्यालयीय शिक्षाको संरचनाभित्र समाविष्ट गरी एकीकृत कार्यान्वयन पद्धतिको विकास गर्नु
- पटकपटक विभिन्न कारणबाट ठोस आधारविना पाठ्यक्रमको ढाँचामा परिवर्तन गरिने कार्यबाट उन्मुक्ति दिनु र पाठ्यक्रम संरचनालाई व्यवस्थित गर्नु
- सबैका लागि शिक्षा तथा सहस्राब्दी विकासका लक्ष्य प्राप्तिजस्ता अन्तर्राष्ट्रिय परिवेशमा भएका सरकारी प्रतिबद्धताहरूलाई व्यवहारमा ल्याउन
- समावेशी शिक्षाको व्यवस्था गर्न
- शिक्षामा असल साझेदारीको विकास गर्न
- पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध अन्य पक्षहरूको कार्यान्वयन, शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कन, शिक्षक विकासजस्ता पक्षमा देखिएका प्रक्रियागत कमजोरीहरूलाई न्यून गर्न
- पाठ्यक्रम विकास तथा कार्यान्वयनसम्बन्धी गतिविधिमा संलग्न संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि उपयुक्त दिशा निर्देश गर्न
- समग्र शैक्षिक विकासमा राजनीतिक समझदारी, सहमति, सहयोग र समन्वयको वातावरण तयार गर्न
- उपयुक्त साधन र स्रोतको खोजी एवम् व्यवस्थापन गर्न
- राष्ट्रिय विकासका दीर्घकालिक लक्ष्यअनुरूप शिक्षाको व्यवस्था गर्न
- शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतीहरूलाई सामना गर्न

निष्कर्षमा उत्पादनशील, सिर्जनशील, गुणात्मक, राष्ट्रिय चिन्तनमुखी, रोजगारमूलक र विश्वपरिवेशअनुकूलको शिक्षाको व्यवस्थापन गर्दै सुसंस्कृत, समृद्धशाली, प्रतिस्पर्धी र समतामूलक नेपाली समाजको स्थापनाका लागि पाठ्यक्रमको विकास र कार्यान्वयन पक्षलाई व्यवस्थित गर्न विद्यालयस्तरीय पाठ्यक्रम प्रारूपको निर्माण गरिएको हो । साथै हाल कार्यान्वयनमा रहेका दसौं पञ्चवर्षीय योजना, सबैका लागि शिक्षा कार्यक्रम २००४-०९, माध्यमिक शिक्षा सहयोग कार्यक्रम तथा विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यालय शिक्षाको संरचनालाई पुनर्संरचित गर्ने नीति तथा कार्यक्रम तय गरिसकेको परिप्रेक्ष्यमा यिनै योजना तथा कार्यक्रमले विद्यालय शिक्षाको संरचनालाई कक्षा १-८ आधारभूत तह र कक्षा ९-१२ माध्यमिक तह गरी विद्यालय शिक्षालाई १२ वर्षे (कक्षा १-१२) हुने गरी व्यवस्थित गर्ने यथार्थ परिस्थिति विद्यमान रहेकाले राष्ट्रिय पाठ्यक्रम प्रारूपको आवश्यकता पर्न गएको हो ।

## १.३ प्रारूप निर्माण प्रक्रिया

पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध विश्वव्यापी परिवेश, विद्यमान पाठ्यक्रमको विश्लेषण, विशेषज्ञ एवम् विज्ञहरूको सल्लाह सुझाव, बालमनोविज्ञान एवम् अन्य सरोकारवालाहरूको रायप्रतिक्रियासमेतका आधारमा देहायका चरणहरू पूरा गरी यो पाठ्यक्रम प्रारूप तयार गरिएको हो (अनुसूची - १) :

**सल्लाहकार समितिको गठन**

पाठ्यक्रम प्रारूप गर्ने क्रममा पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशकको संयोजकत्वमा पाठ्यक्रम प्रारूपको ढाँचा निर्धारण, प्रक्रिया निर्धारण र निर्माण प्रक्रियामा आवश्यक प्राविधिक तथा प्राज्ञिक सल्लाह प्रदान गर्न विज्ञहरूको सल्लाहकार समिति गठन गरिएको (अनुसूची - २) थियो । पाठ्यक्रम विकास केन्द्रबाट गठित यस समितिले निरन्तर रूपमा सल्लाह एव्म पृष्ठपोषण प्रदान गरेको थियो ।

**राष्ट्रिय गोष्ठी सञ्चालन**

सल्लाहकार समितिको परामर्शअनुसार पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय तहमा प्रारूप विकाससम्बन्धी स्पष्ट दृष्टिकोण एवम् स्वरूप निर्माण गर्न सल्लाहकार समितिको परामर्शमा सबै प्रकारका सरोकारवालाहरू (शिक्षाविद्, शिक्षक, अभिभावक आदि) को सहभागितासहितको छलफल तथा अन्तरक्रिया सञ्चालन गरेको थियो । (यी गोष्ठीहरूमा सहभागितासम्बन्धी विवरण अनुसूची-३ मा दिइएको छ) ।

**क्षेत्रीय तहमा गोष्ठी सञ्चालन**

राष्ट्रिय गोष्ठीबाट प्राप्त सुझावहरू एवम् विज्ञहरूको परामर्शसमेतलाई आधार बनाई पाँच विकास क्षेत्रमा सरोकारवालाहरूसँग प्रारूपको खाका, स्वरूप आदिका बारेमा पृष्ठपोषण सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको थियो । उक्त क्षेत्रीय गोष्ठीहरूमा महिला, दलित, जनजाति, विशेष आवश्यकता समूह, अभिभावक, पत्रकार, उद्योगपति, शिक्षक, विद्यार्थी आदिको सहभागिता रहेको थियो । यी क्षेत्रीय गोष्ठीहरू पाठ्यक्रमका खास सरोकारवालाहरू (Grassroot level stakeholder) को राय, प्रतिक्रिया सङ्कलन गर्ने प्रमुख आधार रहेका थिए । (यी गोष्ठीहरूमा सहभागितासम्बन्धी विवरण अनुसूची-३ मा दिइएको छ) ।

**सन्दर्भ सामग्री अध्ययन**

प्रारूप निर्माणको क्रममा गोष्ठीबाट पृष्ठपोषण प्राप्त गर्नुका साथसाथै सन्दर्भ सामग्री अध्ययन र विश्लेषण गर्ने कार्य भएको थियो । विभिन्न मुलुक, विशेष गरी प्रारूप निर्माण भइसकेका भारत, अस्ट्रेलिया, न्युजिल्यान्ड, थाइल्यान्ड र फिनल्यान्ड आदि देशहरूको प्रारूप एवम् शिक्षा विकाससँग सम्बन्धित अन्य दस्तावेजहरू प्रारूपसम्बन्धी खाकाका लागि स्पष्ट दृष्टिकोणको निर्माण गर्न महत्त्वपूर्ण सावित भएका थिए ।

**वर्तमान पाठ्यक्रम तथा पाठ्यपुस्तक विश्लेषण** (कक्षा १–१२ )

विद्यालय तह कक्षा १-१२ का अनिवार्य ६ विषय (नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययन र स्वास्थ्य जनसङ्ख्या र वातावरण शिक्षा) को विद्यमान पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीहरूको अध्ययन कार्य सम्पन्न गर्न प्रत्येक विषय क्षेत्रका लागि विज्ञ, विश्वविद्यालय र विद्यालय तहका विषय शिक्षकहरू संलग्न विश्लेषण कार्यदल गठन भएको थियो । विश्लेषणको क्रममा विद्यालय तहको पाठ्यक्रमको कक्षागत, तहगत, विषयगत लम्बीय (vertical) एवम् समतलीय (horizontal) सम्बन्ध र सान्दर्भिकता (relevance) तथा पर्याप्ततालाई केलाइएको थियो । यस केन्द्रमा छुट्टाछुट्टै विषयगत प्रतिवेदन प्रस्तुत गरिएका थिए[१] । सो कार्यदलमा उच्च माध्यमिक शिक्षा परिषद्का प्रतिनिधि, शिक्षक प्रतिनिधि र पाठ्यक्रम विकास केन्द्रका सम्बन्धित विषयका पाठ्यक्रम अधिकृत रहेका थिए । ती

---

[१] कार्यदलले प्रस्तुत गरेका सुझावहरू संलग्न गरी ''कक्षा १-१२ को वर्तमान पाठ्यक्रम विश्लेषण'' एक छुट्टै शीर्षकमा प्रतिवेदन तयार गरिएको थियो । मुद्रणसमेत भइसकेको सो प्रतिवेदनमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विश्लेषणसम्बन्धी र विद्यालय अन्तरक्रियासम्बन्धी विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

विषयगत कार्यदलहरूद्वारा प्रतिवेदन तयार गर्ने क्रममा विद्यालय अन्तरक्रिया कार्यक्रमसमेत सञ्चालन गरिएको थियो ।

**विभिन्न सरोकार समूहबाट पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध सामग्रीको अध्ययन**

पाठ्यक्रममा समावेशीकरण र मैत्रीपूर्ण वातावरणमा सुनिश्चितता प्राप्तिका लागि आवाज उठाउँदै आएका महिला, दलित, अपाङ्गता, जनजाति र बालअधिकार समूहका आधिकारिक संस्थाबाट पनि विद्यमान विद्यालय शिक्षा (कक्षा १-१२) को पाठ्यक्रम तथा सम्बद्ध सामग्रीको अध्ययन विश्लेषण गरी छुट्टाछुट्टै प्रतिवेदन प्रस्तुत भएका थिए[२] । उक्त प्रतिवेदनका सुझावहरूलाई विश्लेषण गरी पृष्ठपोषण प्राप्त गरिएको थियो ।

**विषयगत गोष्ठी** (Thematic discussion) **सञ्चालन**

प्रारूपले सम्बोधन गर्ने पक्षका रूपमा औँल्याइएका प्रमुख पाँच विषयक्षेत्रहरू : सूचना तथा सञ्चार प्रविधि, समावेशीकरण, स्थानीय पाठ्यक्रम, परीक्षा र मूल्याङ्कन एवम् जीवनोपयोगी शिक्षाका सम्बन्धमा छुट्टाछुट्टै गोष्ठीहरूको आयोजना गरी सम्बन्धित विशेषज्ञहरूको सहयोगमा पृष्ठपोषण प्राप्त गर्ने कार्य सम्पन्न भएको थियो ।

**नीतिनिर्माताहरूको गोष्ठी सञ्चालन**

राष्ट्रिय स्तरमा नीतिनिर्माण तहमा संलग्न व्यक्तिहरूको एक दिवसीय कार्यशाला गोष्ठी सञ्चालन गरी पृष्ठपोषण लिइएको थियो । यस कार्यशालामा विश्वविद्यालयका प्राध्यापक शिक्षक युनियनका प्रतिनिधि तथा राष्ट्रिय रूपमा विशेषज्ञता हासिल गरेका विशिष्ट विद्वान्हरूको समेत सहभागिता रहेको थियो ।

**राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा छलफल**

प्रारूपका सम्बन्धमा नीतिगत प्राविधिक तथा व्यवस्थापकीय पक्षको बारेमा सुझाव प्राप्त गर्न प्रारूपको मसौदालाई राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा प्रस्तुत गरी छलफलमा ल्याइएको थियो । परिषद्ले शिक्षा विभाग, उच्च माध्यमिक शिक्षा परिषद्, त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय प्राविधिक तथा व्यावसायिक तालिम परिषद् एवम् शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतका विभागीय निकाय, शिक्षक सम्बद्ध संस्था, अभिभावक सङ्घ आदिबाट समेत राय तथा सुझाव प्राप्त गरी पृष्ठपोषण लिई थप सुधार गर्न निर्देशन दिएअनुसार थप सुधार गर्ने कार्य भएको थियो ।

**लोकतान्त्रिक परिवेशअनुरूप प्रारूपमा सुधार**

लोकतान्त्रिक परिवेशअनुसार प्रारूपलाई अन्तिम रूप दिन शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्राप्त निर्देशनका आधारमा एक प्राविधिक समिति गठन गरी थप सुधार गर्ने काम सम्पन्न गरिएको थियो (समितिको विवरण अनुसूची - ४) ।

**नीतिनिर्माण तहका सरोकारवालाहरूसँग छलफल**

माथिका विभिन्न चरणबाट आवश्यक सुधार र परिमार्जन गरिएको प्रारूपलाई पुनः नीति निर्माण तहका सरोकारवालासँग छलफलमा ल्याइएको थियो (अनुसूची - ५) । छलफलले औँल्याएका प्रमुख विषय

---

[२] यसअन्तर्गत प्रस्तुत प्रतिवेदनहरू यसप्रकार छन् : (१) दलितको दृष्टिकोणमा पाठ्यक्रमको विश्लेषण प्रतिवेदन, दलितको दृष्टिकोणमा पाठ्यपुस्तक र शिक्षक निर्देशिका विश्लेषण प्रतिवेदन (२) अपाङ्गको दृष्टिकोणमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको विश्लेषण प्रतिवेदन (३) आदवासी तथा जनजातिहरूको दृष्टिकोणमा विद्यार्थी तहको पाठ्यक्रम विश्लेषण प्रतिवेदन (४) मानव अधिकार र बालबालिका केन्द्रित दृष्टिकोणमा पाठ्यक्रम र पाठ्यपुस्तकको (कक्षा १-१२) विषयवस्तुको विश्लेषण प्रतिवेदन र (५) लैङ्गिक दृष्टिकोणमा पाठ्यक्रमको विषयवस्तु (कक्षा १-१२) विश्लेषण प्रतिवेदन ।

क्षेत्रहरूको सन्दर्भमा उक्त विषयक्षेत्रसँग सम्बन्धित विज्ञहरूबीच छलफल र अन्तरक्रिया सम्पन्न गरी थप परिमार्जन र सुधार गर्ने कार्यसमेत भएको थियो ।

उल्लिखित चरणहरू पूरा गरी तयार गरिएको यस प्रारूपमा शिक्षासम्बद्ध सबै तह र क्षेत्रका सरोकारवालाहरू सहभागी गराउने प्रयत्न भएको थियो । विद्यार्थी, शिक्षक, अभिभावक, कृषक, व्यापारी, उद्योगपति, पत्रकार, सरकारी तथा गैरसरकारी क्षेत्र एवम् अन्य सरोकारवालाहरूको प्रत्यक्ष पृष्ठपोषण तथा सुझावहरूलाई विश्लेषण गरी यो प्रारूप तयार गरिएको हो । प्रारूपलाई अन्तिम स्वीकृतिका लागि प्रस्तुत गर्न पूर्व राष्ट्रिय दलित आयोग, अपाङ्ग सङ्घ, महिला आयोग, मानव अधिकारी आयोग  जनजाति आयोग र विज्ञहरूबीच छलफल कार्यशाला सञ्चालन आयोजना गरिएको थियो (अनुसूची - ६) ।

**शिक्षा तथा खेलकुद मन्त्रालय तहमा कार्यरत नीतिनिर्माण तहका सरोकारवालाहरूसँग छलफल**

प्रारूपलाई अन्तिमरूप दिनुपूर्व मन्त्रालयको संयोजकत्वमा पुनः नीतिनिर्माताहरूसँग अन्तरक्रिया सम्पन्न गरी कार्यान्वयनमा देखा पर्न सक्ने चुनौतीहरू र तिनको व्यवस्थापन पक्षहरूसमेत सम्बोधन गर्न थप पृष्ठपोषण प्राप्त गरी सुधारकार्य सम्पन्न गरिएको थियो ( अनुसूची ७)

## १.४ प्रारूपको सङ्गठन

नेपालको विद्यालय शिक्षाको मूल दस्तावेजका रूपमा रहने यस पाठ्यक्रम प्रारूपमा उल्लेख गर्नुपर्ने विषयवस्तुलाई विभिन्न खण्डमा व्यवस्थित गरिएको छ । पहिलो खण्डमा प्रारूप के हो ? किन आवश्यक पर्‍यो र यसको निर्माण कसरी भयो भन्नेबारेमा चर्चा गरिएको छ । दोस्रो भागमा नेपालको विद्यालय तहको पाठ्यक्रमसम्बद्ध समसामयिक एवम् महत्त्वपूर्ण पक्ष, मुद्दा एवम् चुनौतीहरूका बारेमा उल्लेख गरिएको छ । तेस्रो भागमा उल्लिखित मुद्दाहरूलाई सम्बोधन गर्न आवश्यक पर्ने अवधारणागत र सैद्धान्तिक आधारहरू स्थापित गर्ने प्रयत्न भएको छ । यस भागमा पाठ्यक्रमसम्बन्धी प्रमुख पक्षहरूका बारेमा राज्यको दृष्टिकोण स्पष्ट गर्ने प्रयास गरिएको छ । प्रारूपको चौथो भागमा तेस्रो भागमा स्थापित अवधारणागत तथा सैद्धान्तिक पक्षका आधारमा दोस्रो भागमा प्रस्तुत मुद्दा एवम् चुनौतीहरूलाई सम्बोधन गर्न विद्यालय शिक्षाका उद्देश्यहरू, पाठ्यक्रमको संरचना र मूल्याङ्कन नीतिहरू प्रस्तुत गरिएको छ । यस खण्डमा सेतु पाठ्यांश, संस्कृत शिक्षा, विद्यार्थी मूल्याङ्कन, शिक्षणसिकाइ क्रियाकलाप, शिक्षक शिक्षा, संस्थागत विद्यालय र खुला शिक्षाका सम्बन्धमा राष्ट्रिय नीति तथा दृष्टिकोण के कस्तो हुने भन्नेबारेमा समेत चर्चा गरिएको छ । प्रारूपको अन्तिम अर्थात् पाँचौँ भागमा चौथो भागमा उल्लेख गरिएका शिक्षाका उद्देश्य, संरचना, मूल्याङ्कन र अन्य विविध पक्षको कार्यान्वयन पद्धतिका सम्बन्धमा चर्चा गरिएको छ । यस खण्डमा विद्यालय शिक्षाको पुनर्संरचना, पाठ्यक्रम विकास, स्वीकृति र परिमार्जन प्रक्रियामा सुधार, संस्थागत संयन्त्रको विकास, शिक्षक तयारी र प्रारूप परिमार्जन र सुधार जस्ता पक्षहरूका साथै प्रारूप कार्यान्वयन खाकासमेत प्रस्तुत गरिएको छ ।

# भाग – दुई

# पाठ्यक्रमसम्बद्ध समसामयिक र महत्त्वपूर्ण पक्षहरू

# मुद्दा एवम् चुनौतीहरू

पाठ्यक्रमसम्बन्धी भावी दृष्टिकोण विकास गर्न यससँग सम्बद्ध समसामयिक समस्या तथा चुनौतीहरू पहिचान र विश्लेषण गर्न सान्दर्भिक हुन आउँछ । समस्या र चुनौतीको पहिचान, विश्लेषण र व्याख्याले भविष्यको दृष्टिकोण बनाउन आधार प्रदान गर्ने हुँदा यस खण्डमा नेपालको विद्यालय तहको शिक्षामा देखा परेका महत्त्वपूर्ण पक्षहरू उल्लेख गर्दै ती पक्षहरूसँग सम्बन्धित समस्या तथा चुनौतीहरूका बारेमा विश्लेषण र व्याख्या गरिएको छ ।

## २.१ सामाजिक, सांस्कृतिक तथा शैक्षिक पक्ष

नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त देश हो । यिनै विविधता नेपालका विशिष्ट पहिचान पनि हुन् । उच्च हिमशृङ्खलासहितको शीतोष्ण हिमाली भेग, रमणीय जलवायुयुक्त समशीतोष्ण पहाडी भेक र उपत्यका, समतल र उर्वरभूमि भएको उष्ण तराई प्रदेश एवम् दक्षिणदेखि उत्तरसम्मको छोटो दुरीबीचको एकआपसमा अति भिन्न जलवायुले नेपालको भौगोलिक, सामाजिक तथा सांस्कृतिक पक्षहरूमा विशिष्टता प्रदान गरेका छन् । सामूहिक जीवनपद्धति, आपसी सद्भाव र सहिष्णुता, सरल, मैत्रीपूर्ण र आफ्नै संस्कार तथा संस्कृतिमा रमाउने जीवनशैली, परोपकार, अतिथिसत्कार, मेलमिलाप र सद्भावजस्ता आदर्श नेपालको सामाजिक तथा सांस्कृतिक विशेषता बनेका छन् ।

विविध कला, धर्म, वेशभूषा, रहनसहन, मन्दिर, गुम्बा, धर्मशाला, पाटीपौवा, चौतारी एवम् ढुङ्गेधारा आदिमा आस्था, आत्मीयताको आदानप्रदान, विविध सांस्कृतिक संस्कार, परस्परका चाडपर्वप्रति पनि सद्भाव राखी मनाउने चलन आफैँमा विशिष्ट छन् । विश्वव्यापीकरणको लहरसँगै उदारीकरण र विश्वव्यापार सङ्गठनमा नेपालले प्रवेश गरिसकेको अवस्थामा पनि कृषि र पशुपालन, जडीबुटी, स्थानविशेषका उत्पादनको आदानप्रदान, हाटबजार, पर्वतारोहण, पर्यटन, श्रम आदि पक्ष नेपालका आर्थिक क्रियाकलापका प्रमुख आधार हुन् ।

नेपाल आफैँमा सांस्कृतिक, सामाजिक पक्षबाट विशिष्ट चरित्र भएको देश भए तापनि विविध समस्या र चुनौतीहरू भने अझै पनि विद्यमान रहेका छन् । यस्ता प्रमुख पक्ष, मुद्दा एवम् चुनौतीहरू निम्नानुसार छन् :

- कृषिमा निर्भर रहेर पनि अपेक्षित रूपमा कृषि क्षेत्रको विकास नभई आत्मनिर्भर हुन नसकेको
- आर्थिक वृद्धिदर न्यून रहेको
- साक्षरता प्रतिशत कम रहेको
- शैक्षिक गुणस्तर अपेक्षाकृत रूपमा कमजोर रहेको
- सामाजिक, सांस्कृतिक, तथा शैक्षिक पूर्वाधारको अवस्था सन्तोषजनक रूपमा विकसित भई नसकेको
- जनसङ्ख्या वृद्धिदरमा कमी आउन नसकेको
- समग्र शिक्षा पद्धतिबाट उत्पादित जनशक्तिले रोजगार बजारमा स्थान ग्रहण गर्न नसकेको र स्वरोजगारको अवस्थासमेत सिर्जना हुन नसकेकाले शैक्षिक सान्दर्भिकतामाथि प्रश्न उठ्ने गरेको
- महिला, पिछडिएको जनजाति, उत्पीडित, अपाङ्गता, भौगोलिक रूपमा पछाडि परेको वर्गको साक्षरताको स्थिति सन्तोषजनक नरहेको
- सबै बालबालिका, जनजाति, अपाङ्गता भएका व्यक्ति एवम् पिछडिएको वर्गले पर्याप्त शैक्षिक अवसर प्राप्त गर्न नसकेको

उपर्युक्तअनुसारको भौगोलिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक परिवेश विद्यमान रहेकाले कसरी उक्त समस्याहरूलाई शिक्षाले सम्बोधन गरी समग्र विकासलाई अग्रता प्रदान गर्ने भन्ने पक्ष अत्यन्त चुनौतीपूर्ण रहेकाले राष्ट्रिय पाठ्यक्रम प्रारूपले यी चुनौतीलाई सम्बोधन गर्ने दृष्टिकोण प्रस्तुत गर्नुपर्ने देखिन्छ ।

## २.२ पाठ्यक्रम विकास तथा विस्तार प्रक्रिया

पाठ्यक्रम विकास केन्द्रले विद्यालय तहको पाठ्यक्रम विकास तथा सोसम्बद्ध कार्य गर्ने गरेको छ । शिक्षा तथा खेलकुदमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले पाठ्यक्रमसम्बन्धी नीतिगत निर्णय गर्ने र ती निर्णयहरूको कार्यान्वयन पाठ्यक्रम विकास केन्द्रले गर्दै आएको छ । केन्द्रले देहायका प्रक्रियाहरू पूरा गरी पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध गतिविधि गर्ने गरेको छ :

- राष्ट्रियस्तरका शैक्षिक आयोग, कार्यदल र समितिबाट दिइएका सुझावहरू
- पाठ्यक्रम प्रयोगकर्ताका सुझावहरू
- विभिन्न तालिम तथा गोष्ठीबाट प्राप्त प्रतिक्रिया एवम् सुझाव सङ्कलन (शिक्षक, अभिभावक, सामाजिक कार्यकर्ता, बुद्धिजीवी आदिबाट)
- पाठ्यक्रम विकास र कार्यान्वयन गर्दाको समयमा उल्लिखित उद्देश्य, नीति तथा कार्यक्रमहरू र अनुभवहरू
- शैक्षिक दर्शन, अनुसन्धान तथा विकास र प्रवर्तनात्मक कार्यक्रमबाट प्रस्तुत सुझावहरू
- विभिन्न सञ्चारका माध्यमबाट प्राप्त सल्लाह र सुझावहरू
- नागरिक समाजबाट प्राप्त सुझावहरू

पाठ्यक्रम विकास प्रक्रियामा पाठ्यक्रमका प्रयोगकर्ता (विद्यार्थी तथा शिक्षक), जनप्रतिनिधिहरू, अभिभावक, विद्यालय व्यवस्थापन समिति, जिल्ला शिक्षा समितिका सदस्यहरू, नागरिक समाजका सदस्यहरूबाट पाठ्यक्रम तथा पाठ्यसामग्रीका सम्बन्धमा सूचना तथा पृष्ठपोषण लिने गरिएको छ । यसकै आधारमा केन्द्रबाट हरेक वर्ष अद्यावधिक, प्रत्येक पाँच वर्षमा सामान्य परिमार्जन र प्रत्येक १० वर्षमा विशेष परिमार्जन/परिवर्तन गर्ने अभ्यास हुँदै आएको छ । तथापि पाठ्यक्रम विकास तथा विस्तार प्रक्रियाले तल लेखिएअनुसारका समस्याहरूलाई पूर्ण रूपमा सम्बोधन गर्न सकेको भने पाइँदैन :

- पाठ्यक्रम विकास तथा विस्तार प्रक्रियालाई विकेन्द्रीकृत गर्न
- सरोकारवालाहरूको सहभागितालाई सुनिश्चित गर्न
- सरोकारवालाकै माग र आवश्यकताअनुसारको पाठ्यक्रम विकास तथा विस्तार गर्न
- समावेशी अवधारणाअनुरूप विकास र निर्माण गर्न
- स्थानीय तहसम्म संस्थागत संयन्त्रको विकास गर्न
- विद्यार्थीहरूलाई आफ्नो जीवन र जगत्सँग सान्दर्भिक शैक्षिक सीप, प्रविधि र प्रवृत्तिको विकास गर्न

उपर्युक्त अवस्थालाई सम्बोधन गर्ने र पाठ्यक्रम विकास प्रक्रियालाई व्यावहारिक, समयसापेक्ष एवम् स्तरीय बनाउने पक्षहरू चुनौती एवम् समस्याका रूपमा देखिएका छन् ।

## २.३ पाठ्यक्रमको सामञ्जस्य र निरन्तरता

पाठ्यक्रमको तहगत सामञ्जस्यले समग्र शिक्षाको गुणस्तर एवम् प्रभावकारितालाई प्रत्यक्ष प्रभाव पार्दछ । पाठ्यक्रम तहगत, विषयगत, कक्षागत र विद्यार्थीको सक्षमतागत रूपमा सामञ्जस्य हुनुपर्ने हुन्छ । यसका लागि यसको समतलीय (Horizontal), लम्बीय तथा (Vertical) सन्तुलनको पनि अत्यन्त ठूलो महत्त्व रहने गर्दछ । तर हाम्रो पाठ्यक्रमको तहगत सामञ्जस्यका बारेमा विविध प्रश्नहरू उठ्ने गरेको यथार्थलाई नकार्न सकिँदैन । यस सम्बन्धमा विभिन्न दस्तावेज, अध्ययन अनुसन्धान तथा सरोकारवालाको सुझाव कार्यानुभव एवम् यो प्रारूप विकास क्रममा गरिएको कक्षा १-१२ को विषयगत पाठ्यक्रमको विश्लेषण[1]समेतका आधारमा पाठ्यक्रमको सामञ्जस्य र निरन्तरता सम्बन्धमा निम्नलिखित समस्याहरू विद्यमान रहेको अवस्था छ :

---

[1] विद्यालय तहका प्रमुख ६ विषयका (कक्षा १-१२) का पाठ्यक्रम तथा सोसम्बद्ध सामग्री विश्लेषण प्रतिवेदनमा यससम्बन्धी विस्तृत विवरण प्रस्तुत भएको छ ।

- तहगत, विषयगत एवम् कक्षागत रूपमा लम्बीय एवम् समतलीय सन्तुलन कायम हुन नसकेको र तहगत समस्या अझ बढी रहेको
- पाठ्यक्रम निर्माण प्रक्रिया सम्पूर्णता (Wholistic)  मा आधारित हुन नसकी तहगत रूपमा पृथकपृथक हुने गरेको
- विषयगत थपघट हुने क्रमले निरन्तरता पाउने गरेको
- विद्यार्थीको स्तरअनुरूपका विषयवस्तु चयन हुन नसकी पाठ्यक्रम केही बोझिलो बन्न गएको

## २.४ मूल्यमान्यतामा आधारित शिक्षा

शिक्षाले असल संस्कारको नागरिक विकास गर्नुपर्छ । शिक्षाले जान्न (Learning to know), बन्न (Learning to be),  गर्न (Learning to do) र सँगै बस्न अनि बाँच्न (Learning to live together) मदत गर्नुपर्छ । शिक्षाकै माध्यमबाट सामाजिक न्याय, लोकतन्त्र, मानवअधिकार, समता एवम् समानता तथा सहअस्तित्वजस्ता पक्षहरू सबल बन्नुपर्दछ । शिक्षाले शान्ति, सहिष्णुता, सदाचार र रोजगारजस्ता पक्षलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ । वर्तमान सङ्गठित र औपचारिक शिक्षा व्यवस्थापनमा शिक्षालाई पेसाको तयारीका रूपमा पनि हेर्ने गरिएको छ । यिनै पक्षहरूलाई समेट्ने पाठ्यक्रम सही अर्थमा मूल्य र मान्यतामा आधारित हुन सक्छ । नेपालमा विद्यालय तहको शिक्षा आर्जन गरेको जनशक्ति न त काम सिर्जना र खोजी गर्न सक्छ न त आफ्ना बाबुआमाले पुर्खौंदेखि गर्दै आएको कामलाई आत्मसात गर्छ, न त पारिवारिक कार्यमा सहयोग पुऱ्याउन सक्छ । मूल्य नबुझेको, सामाजिक सत्कर्म नजानेको, व्यावहारिक नभएको जनशक्ति तयार भइरहेको भन्ने कुरा पनि राष्ट्रियस्तरका प्रतिवेदनहरूले औँल्याएका छन् । यो प्रतिवेदन तयार गर्ने क्रममा सञ्चालित विभिन्न कार्यशालाहरूमा पनि इमानदारी; मितव्ययिता; माया तथा सद्भाव; शिष्टता; बालबालिका महिला तथा अपाङ्गप्रति विशेष सद्भावजस्ता पक्षलाई पाठ्यक्रमले अपेक्षित रूपमा सम्बोधन गर्न नसकेको कुरा औँल्याइएका थियो । सन्दर्भ सामग्रीहरूको अध्ययन र पाठ्यक्रमको विश्लेषणबाट पनि वर्तमान विद्यालय तहको पाठ्यक्रमले पूर्वीय दर्शनको मान्यता प्रवर्द्धनका लागि उपयोगी पक्षहरू गुमाइसकेको तथा पश्चिमी र आधुनिक मूल्य र मान्यताहरूलाई पनि अपेक्षित रूपमा समावेश गर्न नसकेको कुरा औँल्याएको छन् । अतः प्रारूपले निम्नलिखित विषयलाई सम्बोधन गरी पाठ्यक्रमको स्वरूप, शिक्षणसिकाइ क्रियाकलापजस्ता पक्षलाई सम्बोधन गर्दै ठोस दृष्टिकोण प्रस्तुत गर्नुपर्ने देखिएको छ :

- नेपाली मूल्यमान्यतामा आधारित पाठ्यक्रम निर्माण
- शान्ति, सहिष्णुता, असल चरित्र विकासजस्ता मूल्यहरूमा आधारित पाठ्यक्रम

## २.५ शिक्षामा जीवनोपयोगी सीप

बालबालिकाको बौद्धिक, संवेगात्मक, मानसिक, शारीरिक विकास गर्दै दैनिक जीवनलाई सुखी एवम् स्तरीय बनाउन निश्चित सीपहरूको विकास गरिनुपर्ने हुन्छ । साधारणतया यस्ता सीपहरूलाई दुई प्रकारले हेर्ने गरिन्छ :

(१) व्यावसायिक सीपहरू (जुन आर्थिक क्रियाकलापलाई विकसित गर्न अत्यावश्यक ठानिन्छन् ।

(२) जीवनोपयोगी सीपहरू (जुन व्यक्तिको जीवनमा आइपर्ने उत्पन्न हुने विभिन्न समस्याहरूलाई बुद्धिमत्तापूर्ण ढङ्गबाट समाधान गर्न र आफ्नो जीवनलाई विविध किसिमका खतराहरूबाट टाढा राख्न अत्यावश्यक ठानिन्छन् ।

तर नेपालको हालसम्मको पाठ्यक्रम विकास प्रक्रियाले स्पष्ट रूपमा व्यावसायिक सीप र जीवनोपयोगी सीप भनेर परिभाषित गरी सकेको अवस्था विद्यमान छैन । अबको पाठ्यक्रममा कुनकुन सीपहरूको प्रवर्द्धन कसरी व्यवस्थित गरिनुपर्ने हो भन्ने पक्ष स्पष्ट हुनुपर्दछ । यसो हुन सकेको अवस्थामा मात्र पाठ्यक्रम विकास तथा विस्तार प्रक्रिया बढी व्यावहारिक बन्न सक्छ । जीवनोपयोगी शिक्षा तथा सीपका बारेमा निम्नलिखित विषयक्षेत्रमा केकसरी राष्ट्रिय पाठ्यक्रम प्रारूपले सम्बोधन गर्ने भन्ने कुरा चुनौतीका रूपमा रहेको छ :

- व्यावसायिक सीपभित्र पर्ने सीप तथा विषयहरू स्पष्ट रूपमा परिभाषित गर्ने
- जीवनोपयोगी सीपभित्र पर्ने सीपहरू परिभाषित गरी समग्र पाठ्यक्रममा समावेश गर्ने
- व्यावसायिक तथा जीवनोपयोगी सीपको सामञ्जस्य कायम गरी व्यक्तिलाई स्वनिर्णय गर्न, आफ्ना समस्या सही अर्थमा समाधान गर्न, द्वन्द्वात्मक परिस्थितिको अवस्थामा सम्झौता गर्न, व्यक्ति, समाज र राष्ट्रमा हुने निर्णयहरूमा सरिक हुन तथा विभिन्न जोखिमबाट टाढा रहन सक्ने सीपहरूको समावेश गरी व्यवस्थित गर्ने
- शिक्षणसिकाइ प्रक्रियाका माध्यमबाट बालबालिकामा विविध जीवनोपयोगी एवम् व्यावसायिक सीपको विकास तथा विस्तार गर्ने गरी पाठ्यक्रमलाई व्यवस्थित गर्ने,

## २.६ रोजगारी र स्वरोजगारीका लागि शिक्षा

शिक्षाले घरायसी, सामाजिक, राष्ट्रिय काम र स्वविकासका लागि सक्षमताको प्रयोग गरी अर्थोपार्जन गर्ने पेसा तथा व्यावसायका लागि योग्य नागरिक तयार पार्नुपर्ने हुन्छ । यस अर्थमा पनि शिक्षा कामका लागि हुनुपर्छ भन्ने गरिन्छ । भइरहेको रोजगारीका क्षेत्रमा सहजरूपमा प्रवेश गरी आफ्नो सक्षमता प्रदर्शन गर्न सक्ने, आफ्नै प्रयासमा स्वरोजगारको अवसर सिर्जना गर्न सक्ने वा अन्य व्यक्तिहरूलाई समेत रोजगारीका

अवसर प्रदान गर्न सक्ने जनशक्ति उत्पादन गर्ने शिक्षा नै कामका लागि निर्दिष्ट शिक्षा हो । हाम्रो सन्दर्भमा पनि यसतर्फ केन्द्रित भएर पाठ्यक्रमको विकासका प्रयास नभएका भने होइनन् । नयाँ शिक्षा पद्धतिको योजनाको कार्यान्वयन, व्यावसायिक विद्यालयको स्थापना, व्यावसायिक विषयहरूको व्यवस्था यसका दृष्टान्त हुन् । तर कामका लागि योग्य जनशक्ति उत्पादन गर्ने कार्य फलिभूत हुन भने सकेन । विद्यालय शिक्षा रोजगार एवम् स्वरोजगार दुवै दृष्टिबाट विचारणीय बन्न पुग्यो । प्राज्ञिक एवम् व्यावसायिक/प्राविधिक रूपबाट शैक्षिक स्तर उच्च भएका जनशक्ति उत्पादन भई निरन्तर शिक्षाप्रति संलग्न हुने कार्यले अपेक्षित लक्ष्य पूरा गर्न सकेन । किनकि बर्सेनि विद्यालय शिक्षा अनुत्तीर्ण हुनेको सङ्ख्या उच्च रह्यो । त्यसैगरी व्यावसायिक शिक्षा, प्राविधिक शिक्षा तथा तालिम पनि बढी प्राज्ञिक हुन पुग्यो । उत्पादित जनशक्तिले स्वदेशी रोजगारका क्षेत्रमा अपेक्षित रूपमा प्रवेश गर्न सकेनन्; स्वरोजगार बन्न सकेनन् र अझै पनि नोकरीका लागि भौँतारिने क्रम जारी नै छ । यसप्रकारको अवस्थाले अबको विद्यालय शिक्षा कामका लागि हनुपर्ने कुरा स्पष्ट देखिएको छ । यसका लागि प्रारूप विकास सन्दर्भमा निम्नलिखित पक्ष चुनौतीपूर्ण बनेका छन् :

- विद्यालय शिक्षा कति प्रकारको हुने ? व्यावसायिक र साधारण धार छुट्टाछुट्टै हुने वा दुवै सँगै जाने ?
- विद्यालय शिक्षाको पाठ्यक्रमले कामका लागि आवश्यक पर्ने केकस्ता सीपहरू कुनकुन विषयक्षेत्रहरूमा समावेश गर्ने ?
- व्यावसायिक शिक्षाबाट साधारण शिक्षा र साधारण शिक्षाबाट व्यावसायिक शिक्षामा जाने संरचना केकस्तो हुने ?
- अनौपचारिक रूपमा सञ्चालित व्यावसायिक तालिमलाई केकसरी प्रमाणीकरण गर्ने ?
- व्यावसायिक शिक्षा तथा प्राविधिक शिक्षा परिषद् (Council for Technical Education and Vocational Training- CTEVT) को संरचना र विद्यालय संरचनाबीचको तालमेल तथा समन्वय संयन्त्र केकस्तो हुने ?

## २.७ सञ्चार तथा सूचना प्रविधिसम्बन्धी शिक्षाको आवश्यकता

एक्काइसौँ शताब्दीको आगमनसँगै मानव सभ्यता सञ्चार तथा सूचना प्रवाहको युगमा प्रवेश गरिसकेको छ । सूचना तथा सञ्चार प्रविधिले बृहत् रूपमा आमसञ्चारका क्षेत्रहरू ओगटिसकेको छ । सूचना तथा सञ्चार प्रविधि विधि/प्रविधि आदानप्रदान गर्ने, जम्मा र सञ्चय गर्ने, उत्पादन तथा प्रयोग गर्ने र ज्ञान तथा सूचनाको प्रवाह गर्ने एउटा तत्त्व हो । विश्वमै आज सूचना तथा सञ्चार प्रविधि शिक्षाको विस्तार गर्ने साधनका रूपमा प्रमाणित भइसकेको छ । यसलाई विद्यालयमा तीन प्रकारले समावेश गर्ने गरेको पाइन्छ । जस्तै :

- विद्यालयको प्रशासनिक कार्यमा सूचना प्रवाह गर्ने सामग्रीका रूपमा
- अन्य विषय पढाउने सामग्रीका रूपमा
- पाठ्यक्रममा समाविष्ट छुट्टै विषयको रूपमा, जसले विद्यार्थीको दक्षतालाई जीवनोपयोगी बनाउन मद्दत गर्छ ।

उपर्युक्तअनुसारको अवस्था भए तापनि नेपालमा सञ्चार तथा सूचना प्रविधिसम्बन्धी व्यवस्था नै नभएको अवस्था भने होइन । सीमित मात्रामा विद्यालय शिक्षा र उच्च शिक्षामा यससँग सम्बन्धित पाठ्यक्रम कार्यान्वयन हुँदै आएका छन् । विश्वव्यापीकरण, विज्ञान र प्रविधिबाट उत्पन्न चुनौतीको सामना गर्न सक्षम नागरिक तयार पार्न यसको धेरै ठूलो महत्त्व हुने यथार्थलाई नेपालको आवधिक योजनामा समेत विशेष महत्त्व दिइएको छ । यसो भए तापनि यसको व्यापकताका पक्षबाट निम्नलिखित कमीकमजोरीहरू भने विद्यमान छन् :

- पाठ्यक्रमले सूचना तथा सञ्चार प्रविधिलाई महत्त्वका साथ सम्बोधन गर्न नसक्नु
- सूचना तथा प्रविधिलाई विषय वा माध्यम केका रूपमा प्रयोगमा ल्याउने भन्ने कुरा अस्पष्ट रहनु
- कम्प्युटर शिक्षालगायतका प्रविधिसम्बन्धी विषयको व्यापकता तल्लो तहको शिक्षाबाट उच्च तहसम्म हुन नसक्नु
- भौतिक पूर्वाधार, उपयुक्त वातावरण, जनशक्ति आदिको उचित प्रबन्ध हुन नसक्नु

उल्लिखित समस्याहरूलाई निराकरण गर्दै विद्यालय शिक्षामा सूचना र प्रविधिलाई विषय र माध्यमका रूपमा व्यवस्थित गर्ने र यसको प्रयोग गर्ने उपयुक्त वातावरण सिर्जना गर्ने (भौतिक) पक्ष भने चुनौतीकै रूपमा रहेका छन् ।

## २.८ मातृभाषिक मुद्दाहरू

पाठ्यक्रमका सन्दर्भमा भाषाका प्रमुख दुई पक्ष छन् : पहिलो - भाषाको संरक्षण, प्रवर्द्धन र विकासको पक्ष । दोस्रो - पठनपाठनको पक्ष । औपचारिक विद्यालयीय पठनपाठनको दृष्टिले शिक्षणका हकमा दोस्रो पक्ष बढी महत्त्वपूर्ण मानिन्छ । विशेष गरी प्रारम्भिक तहका कक्षाहरूमा शब्दभण्डारका कारणले सिकाइ सहज हुने हुँदा र विद्यालयप्रति विद्यार्थीको आकर्षणसमेत बढ्ने कारणले मातृभाषाका माध्यमबाट पठनपाठन गर्न उपयुक्त हुने कुरा अध्ययनहरूले औँल्याएका छन् र अनुभवहरूबाट समेत उपयुक्त मानिएको छ ।

नेपालको विद्यमान कानुनी प्रावधानले मातृभाषाका सम्बन्धमा केही व्यवस्थाहरू गरेका छन् । स्थानीय निकायले मातृभाषामा प्राथमिक विद्यालय खोल्न पाउने व्यवस्था स्थानीय स्वायत्तशासन ऐनले गरेको छ । त्यसैगरी शिक्षा ऐन तथा नियमावलीले पनि मातृभाषामा प्राथमिक विद्यालय सञ्चालन गर्न सक्ने व्यवस्था

गरेको छ । राष्ट्रिय भाषा नीति सिफारिस समिति २०५० ले द्विभाषिक शिक्षा नीति हुने सिफारिस गरेको छ । सबैका लागि शिक्षासम्बन्धी डकार (Dakar) सम्मेलनले तय गरेको लक्ष्यका अतिरिक्त सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (नेपाल) ले मातृभाषाका रूपमा शिक्षा दिने सम्बन्धमा थप उद्देश्य तय गरेको छ । हाल कार्यान्वयनमा रहेको दसौँ पञ्चवर्षीय योजनाले पनि मातृभाषामा शिक्षा दिनेतर्फ नीतिगत व्यवस्था गरेको छ । २०४७ सालको संविधानले प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने व्यवस्था गरेको र अन्तिरम संविधान २०६३ ले पनि आधारभूत शिक्षा मातृभाषामा पाउने कुरालाई मौलिक हकको रूपमा लिएको छ । यस्ता विविध प्रयासहरू भइरहेका भए तापनि मातृभाषा शिक्षाका सम्बन्धमा निम्नलिखित पक्षहरू भने चुनौतीका रूपमा रहेका छन् :

- विविध सामाजिक, सांस्कृतिक र भाषिक संरचनायुक्त मिश्रित समाजको अवस्थिति हुनु
- द्वैभाषिक शिक्षणका लागि आवश्यक जनशक्ति (शिक्षक तयारी) को व्यवस्थापन हुन नसक्नु
- स्थानीय तहको सक्रियता र सहयोगबाट मातृभाषा शिक्षक व्यवस्थापन हुन नसक्नु
- अधिकांश मातृभाषाको लिपि, शब्दकोश, व्याकरणको विकास हुन नसक्नुका साथै लेख्य परम्पराको विकास हुन नसक्नु
- बहुकक्षा शिक्षणका लागि पूर्व तयारी हुन नसक्नु
- मातृभाषाभाषीसम्बन्धी आवश्यक स्रोत सामग्रीहरू सहजरूपमा उपलब्ध नहुनु
- नेपाली भाषाको प्रयोग गर्ने जनसाङ्ख्यिकी दवाब व्यापक हुनु
- मातृभाषासम्बन्धी स्पष्ट नीति नबन्नु
- सम्बन्धित मातृभाषी सरोकारवाला (Stakeholder) हरू नीतिनिर्माण र कार्यान्वयन तहमा सहभागी हुन सक्ने अवस्था नहुनु
- साङ्केतिक भाषा र ब्रेललिपिको प्रयोग पर्याप्त नहुनु ।

माथिका चुनौतीहरूले भाषाका सम्बन्धमा उठाएका निम्नलिखित प्रश्नहरूलाई व्यवस्थित गरी प्रारूपले निर्दिष्ट गर्ने कार्य थप जटिल पक्षका रूपमा रहन पुगेको छ ।

एउटै कक्षामा दुईभन्दा धेरै मातृभाषा बोल्ने बालबालिका भएका विद्यालयहरूमा भाषिक नीति कस्तो हुने ? न्यूनतम शिक्षक सङ्ख्याको समेत व्यवस्थापन गर्न नसकिएको वास्तविकतामा बहुभाषिक विविधतालाई सम्बोधन गर्ने गरी शिक्षकको व्यवस्थापन कसरी गर्ने ? कस्तो प्रकारको पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध सामग्री तयार गर्ने ? उपर्युक्तलगायत अन्य मुद्दाहरूलाई सम्बोधन गर्ने राष्ट्रिय भाषा नीतिको विकास र त्यसको आधारमा पाठ्यक्रम तथा सम्बद्ध गतिविधिमा प्रभावकारिता कसरी ल्याउने भन्ने कुरा निकै चुनौतीपूर्ण रहेको छ ।

## २.९ पाठ्यक्रममा समावेशी पद्धति

नेपालमा शिक्षाको विस्तार औपचारिक (विद्यालयीय शिक्षा), अनौपचारिक शिक्षा र धार्मिक संस्थाहरू (गुरुकुल, मदरसा र गुम्बाहरू) बाट हुने गरेको छ । तथापि अझै पनि मुलुकको करिब आधा जनसङ्ख्या निरक्षर छ । करिब १४ प्रतिशत प्राथमिक तह उमेर समूहका बालबालिका विद्यालयको अवसरबाट वञ्चित छन् । त्यसै गरी कक्षा र तह बढ्दै जाँदा क्रमशः विद्यार्थी सङ्ख्या घट्दै जान्छ । विद्यालय नआएकामध्ये भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक र धार्मिक रूपले कठिन समूहका बालबालिकाहरू बढी पर्दछन् ।

शिक्षामा विस्तार, पहुँच एवम् समानताका दृष्टिबाट सकारात्मक विभेदीकरणको सिद्धान्त अवलम्बन गर्नुपर्ने अवस्था देखिन्छ । समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने अधिकार, महिला, आर्थिक वा सामाजिक रूपमा पिछडिएकाहरूका लागि विशेष व्यवस्था, आधारभूत शिक्षा निःशुल्क र बालबालिकाको हक र हितको सुरक्षा, असहाय, वृद्ध, अपाङ्गता भएका अनाथहरूको निम्ति राज्यले विशेष व्यवस्था गर्दै जानुपर्ने यथार्थ विद्यमान रहेको छ । समावेशी शिक्षाको प्रमुख उद्देश्य भनेकै विभिन्न कारणबाट शिक्षाको अधिकारबाट वञ्चित बालबालिकाहरूलाई शिक्षा प्रणालीको मूल धारमा समावेश गर्नु हो । प्रारूप विकास गर्ने सिलसिलामा विभिन्न समूह (बालअधिकार, महिला, दलित, जनशक्ति, अपाङ्गता भएका) बाट तयार गरिएको विद्यालय तहको पाठ्यक्रम विश्लेषण प्रतिवेदन तथा समाहित शिक्षाको विषयगत कार्यशाला (Thematic Workshop) समेतको सुझावमा विद्यमान पाठ्यक्रमले महिला, दलित, जनजाति, पिछडिएको वर्ग, अपाङ्गता भएका, अति कठिन अवस्थामा जीवन बिताउन बाध्य, बाल श्रमिक, घरेलु श्रमिक, सडकबालबालिका, युद्ध तथा द्वन्द्वबाट पीडित बालबालिकाहरूको आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गर्न नसकेको सङ्केत गरेका छन् । यसैगरी मानसिकरूपमा कमजोर बालबालिकाहरूको शैक्षिक आवश्यकतालाई पनि उत्तिकै प्राथमिकता दिनुपर्ने अवस्था औँल्याएको छ ।

शिक्षामा सहभागी हुनबाट वञ्चित हुनुपर्ने अवस्था तथा बीचैमा पढाइ छाड्ने प्रवृत्तिलाई हटाएर शिक्षालाई बालकेन्द्रित बनाई बालकको चौतर्फी विकास गर्न उपर्युक्त कुराहरूलाई दृष्टिगत गर्दै निम्नानुसारका लक्षित समूहलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ :

- महिला
- अपाङ्गता भएका बालबालिका
- दलित बालबालिका
- पिछडिएका जनजाति
- सडक बालबालिका

- युद्धपीडित बालबालिका
- यौनशोषित तथा दुराचारग्रसित बालबालिका
- गरिब
- कामदार वा मजदुर
- जेलमा रहेका बालबालिका
- एच्आईभी एड्स लागेका बालबालिका
- कुष्ठरोगी र अन्य सङ्क्रामक रोगग्रस्त बालबालिका

यसरी पाठ्यक्रमलाई कसरी समावेशी बनाउने, विद्यालयलाई बालकेन्द्रित कसरी गराउने, बालमैत्री कसरी गराउने, सबै सक्षम र असक्षमहरूलाई विद्यालय शिक्षामा समान अवसर कसरी उपलब्ध गराउने, उनीहरूलाई मूल रूपमा (साधारण शिक्षामा) कसरी प्रवाहीकरण गर्ने भन्ने विषयहरूलाई पाठ्यक्रमले विशेष ध्यान दिनुपर्ने अवस्था छ ।

## २.१० **शैक्षणिक पद्धति**

पाठ्यक्रमको प्रभावकारिता यसको कार्यान्वयन पक्षमा भर पर्छ । पाठ्यक्रमले सङ्गठित गरेका सिकाइउपलब्धिहरूलाई व्यवहारमा रूपान्तरण गर्न शैक्षणिक पद्धति व्यावहारिक र प्रभावकारी हुनुपर्छ । आधुनिक विद्यालयीय औपचारिक र सङ्गठित पाठ्यक्रमलाई सक्षम र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यालय र कक्षाकोठाको वातावरण एवम् कक्षाकोठामा सञ्चालन हुने गतिविधि प्रमुख कारक मानिन्छन् । विद्यालय - समुदाय सम्बन्ध, शिक्षक विकास र व्यवस्थापन, शैक्षिक सामग्री, मूल्याङ्कन पद्धतिजस्ता पक्षहरूले शैक्षणिक पद्धतिमा ठूलो प्रभाव पार्ने गर्दछन् । यसरी नै शिक्षकको भूमिका सूचनाकर्ताको रूपमा, विद्यार्थीको सहयोगी (Colearner) का रूपमा, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीलाई सिकाइप्रति जिज्ञासु बनाउने व्यक्तिको रूपमा हुनुपर्ने हुँदा शैक्षणिक पद्धति शिक्षणसिकाइका पक्षबाट महत्त्वपूर्ण हुने गर्दछ ।

नेपालमा विद्यालय तहको शैक्षणिक पद्धति परम्परागत कक्षाकोठाको शिक्षणमा आधारित छ भन्ने कुरा अध्ययन र अनुभवले सावित गरेका छन् । पाठ्यक्रम विकास केन्द्रले केन्द्रीय रूपमा विकास गरेको पाठ्यक्रमका आधारमा तयार गरिएको पाठ्यपुस्तकलाई मूल आधार बनाएर कक्षाकोठामा विषय शिक्षण गरिन्छ । कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण, सामुदायिक कार्य, परियोजना कार्यजस्ता पक्षहरूले उल्लेख्य स्थान प्राप्त गर्न नसकेको अवस्था छ । पठनपाठनको वातावरण पनि सिकाइकेन्द्रीभन्दा बढी शिक्षणकेन्द्री हुन पुगेको छ । यसका सम्बन्धित समस्याहरू निम्नबमोजिम रहेका छन् :

- वार्षिक कार्ययोजनाको आधारमा विद्यालय गतिविधि सञ्चालन नहुनु

- योग्य र सक्षम प्रधानाध्यापकको व्यवस्था हुन नसक्नु
- विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था नहुनु र स्थानीय तहबाट व्यवस्थापन हुन नसक्नु भएका सामग्रीहरू पनि कमै मात्रामा प्रयोगमा आउनु
- विद्यालय - समुदायबीच सम्बन्ध सूत्र प्रगाढ नहुनु
- अतिरिक्त क्रियाकलापले उचित महत्त्व नपाउनु
- शिक्षक तालिम सैद्धान्तिक परिवेशबाट निर्दिष्ट हुनु र प्रायोगिक पक्षको कमी रहनु
- शिक्षणमा त्रिपक्षीय अन्तरक्रिया (शिक्षक, विद्यार्थी र अभिभावक) को कमी रहनु
- शिक्षक अन्तरक्रिया, सहयोगको आदानप्रदान, आपसी सहयोग आदि कमजोर रहनु
- अनुगमन, मूल्याङ्कन, प्रवर्द्धनात्मक, सिर्जनात्मक तथा अनुसन्धानात्मक कार्यले महत्त्व नपाउनु
- द्वन्द्वको प्रभाव अझसम्म पनि विद्यमान रहनु
- शैक्षणिक पद्धतिमा आधुनिक प्रविधिको प्रयोग हुन नसक्नु

उल्लिखित समस्याका कारणले नेपालको विद्यालय तहको शैक्षणिक प्रक्रिया परम्परावादी शैलीबाटै सञ्चालित हुँदै आएको छ । शिक्षणलाई सिकाइमा रूपान्तरण गर्न, शिक्षक - विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्न, परियोजना तथा समूह कार्यद्वारा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न तथा सूचना तथा प्रविधिको प्रयोग गरी बालकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गर्ने एवम् तिनको समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने कुराहरू चुनौतीका रूपमा रहेका छन् ।

## २.११ संस्कृत शिक्षा

ज्ञानविज्ञानका दृष्टिले संस्कृत वाङ्मय महत्त्वपूर्ण मानिन्छ । संस्कृत शिक्षालाई पूर्वीय दर्शनका आधारका रूपमा लिइन्छ । पूर्वीय दर्शनमा निबद्ध ज्ञान, सीप, प्रविधि, मानव आचरण, सामाजिक नियम, नैतिकता, मन र शरीरका विकासजस्ता पक्षहरू आज पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छन् । पश्चिमी मुलुकहरूका विश्वविद्यालयहरूमा पनि संस्कृत शिक्षाको पठनपाठन हुने गरेको र यस सम्बन्धमा अध्ययन अनुसन्धान भइरहेको अवस्थाले पनि संस्कृत शिक्षाको पठनपाठनको महत्त्व पुष्टि गरेको छ । बहुसङ्ख्यक नेपालीको धार्मिक, सांस्कृतिक र सामाजिक जीवनमा संस्कृत शिक्षाको गहिरो प्रभाव छ । जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरूमा संस्कृत भाषाका ग्रन्थहरूको महत्त्वपूर्ण स्थान छ । यो धार्मिक सहिष्णुता, आपसी सहयोग र सद्भावको माध्यम पनि बनेको छ ।

संस्कृतको उपर्युक्त सकारात्मक पक्ष भए तापनि यससँग सम्बन्धित निम्नलिखित समस्याहरू भने अझै विद्यमान छन् :

- पूर्वीय वाङ्मय निबद्ध महत्त्वपूर्ण पक्षहरू विद्यालय शिक्षामा समावेश हुन नसक्नु
- संस्कृत शिक्षाको विविधताअनुरूप यसको विकासका कार्यक्रमहरू निर्माण भई कार्यान्वयनमा आउन नसक्नु
- संस्कृत शिक्षा शिक्षण प्रभावकारी हुन नसक्नु
- बहुसङ्ख्यक जनता संस्कृत शिक्षाको महत्त्वप्रति परिचित हुन नसक्नु

उपर्युक्त समस्याहरूलाई सम्बोधन गर्ने गरी पाठ्यक्रम प्रारूप विकास गर्ने कार्य विद्यालय शिक्षा विकासको पक्षबाट थप चुनौतीपूर्ण बन्न पुगेको छ ।

## २.१२ स्थानीय आवश्यकतामा आधारित शिक्षा

वर्तमान औपचारिक विद्यालयीय शिक्षा व्यवस्थापनमा स्थानीयताअनुकूलको पाठ्यक्रम र तिनको कार्यान्वयन गर्नेबारेमा छलफल तथा चिन्तन हुने गर्दछ । स्थानीय आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेको छ । यस सम्बन्धमा विभिन्न दृष्टिकोण र अभ्यासहरू प्रस्तुत भएका र तिनमा निम्नानुसारका अभ्यासहरू हुन थालेको पाइन्छ :

- स्थानीय पाठ्यक्रमका सामान्य पथप्रदर्शनका सिद्धान्तहरू तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने
- केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने
- केन्द्रीय निकायबाट व्यवस्थापन गरिएका विषयवस्तुलाई शिक्षणसिकाइ क्रियाकलापका माध्यमबाट स्थानीय विषयवस्तु समावेश गर्ने
- स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।

नेपालमा स्थानीय आवश्यकतामा आधारित शिक्षाका सामान्य प्रयासहरू पनि हुँदै आएका छन् । तथापि स्थानीय आवश्यकताका ज्ञान, सीप, प्रविधि आदिमा आधारित स्थानीय पाठ्यक्रमलाई व्यवस्थित गर्न दबाब सिर्जना हुने गरेको पाइन्छ । विभिन्न क्षेत्रका विविध व्यक्तित्व र अध्ययन प्रतिवेदनबाट समेत यसको आवश्यकताको माग गरिँदै आएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२ वि.सं.) ले सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०% पाठ्यभार स्थानीय विषयवस्तुमा आधारित हुनुपर्ने प्रावधान राखेको छ । यसले स्थानीय आवश्यकतामा आधारित शिक्षालाई थप एक विषयका रूपमा समावेश गर्दै मातृभाषा वा स्थानीय आवश्यकताको विषयसमेत समावेश गर्न सकिने व्यवस्था गरेको छ जुन नि.मा.वि. र मा.वि. तहमा भने पाइँदैन । त्यसै गरी माध्यमिक शिक्षा सहयोग कार्यक्रमको मूल दस्तावेजमा माध्यमिक शिक्षामा १० देखि १५% पाठ्यभार स्थानीय आवश्यकतामा आधारित हुनुपर्ने कुरा उल्लेख छ ।

उपर्युक्त वास्तविकता देखिए तापनि स्थानीय आवश्यकतामुखी पाठ्यक्रमका सम्बन्धमा निम्नलिखित समस्याहरू विद्यमान छन् :

- स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण हुने खालको जनशक्ति तयार हुन नसक्नु
- शिक्षकहरू स्थानीय आवश्यकतामा आधारित र बालकेन्द्री शिक्षण कार्यका लागि तालिम प्राप्त हुन नसक्नु
- स्थानीय निकायकै सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने वातावरणको विकास हुन नसक्नु
- स्थानीय तहमा पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग सरसल्लाह प्रदान गर्ने संस्थागत संयन्त्रको विकास हुन नसक्नु

## २.१३ शिक्षण गर्ने विषयहरू

विश्वमै सिकाइका क्षेत्र छान्ने र तहगत शिक्षा प्रदान गर्ने कुरामा कठिनाइ देखा पर्ने गरेको छ । साथै पाठ्यक्रमका बारेमा विश्वमा धेरै देशहरूमा एकरूपता भेट्न पाइँदैन । विषयगत व्यवस्थाका हकमा निश्चित विषय क्षेत्रमा प्राथमिक तहमा भाषा, गणित, विज्ञान र सामाजिक शिक्षालाई धेरैजसो देशहरूले मुख्य विषयका रूपमा अङ्गीकार गरेका छन् । साथै साक्षरता, गणितीय सामान्य ज्ञान, विज्ञान र सामाजिक शिक्षाका साथै जीवनोपयोगी शिक्षा, शान्ति शिक्षा, साहित्य आदि समेतलाई विषयका रूपमा समावेश गरेको पाइन्छ ।

नेपालमा विषयगत व्यवस्थापनसम्बन्धी धेरै निर्णयहरू बृहत् अध्ययन र सुझावका आधारमा हुने गरेको पाइँदैन । यसप्रकारका निर्णयहरूमा पाठ्यक्रममा थप विषय समावेश गर्ने प्रवृत्ति मुख्य हो । विगतमा दीर्घकालीन प्रभाव र असरको बृहत् मूल्याङ्कन एवम् प्राविधिक र प्राज्ञिक प्रक्रिया पूरा नगरी पाठ्यभार र विषयहरू थप गरिएका प्रशस्त उदाहरणहरू भेटिन्छन् । जस्तै :

- शैक्षिक सत्र २०६० देखि अङ्ग्रेजी विषयलाई एक कक्षामा मूल विषयको रूपमा लागू गरिनु
- वि.सं. २०३८ देखि संस्कृतलाई अनिवार्य विषयको रूपमा नि.मा.वि. तहमा राखिनु र वि.सं. २०६० मा यसलाई ऐच्छिक बनाइनु
- स्वास्थ्य, जनसङ्ख्या र वातावरण शिक्षालाई मा.वि. तहको पाठ्यक्रममा अनिवार्य विषयको रूपमा ल्याइनु
- मा.वि. तहमा २०२८ सालबाट २०० पूर्णाङ्कको व्यावसायिक शिक्षा दिइँदै आएकोमा १०० पूर्णाङ्कको व्यावसायिक शिक्षालाई ऐच्छिक विषयको रूपमा सञ्चालन गरिनु

उपर्युक्त अवस्थाले नेपालको विद्यालय शिक्षाको पाठ्यक्रमका सम्बन्धमा उठाएका विषयगत तरलता, विषयगत असामञ्जस्य, संरचनागत द्विविधा, सैद्धान्तिक जटिलता एवम् व्यावहारिक पक्षको अपर्याप्तताजस्ता महत्त्वपूर्ण पक्षहरूलाई पाठ्यक्रम प्रारूपले सम्बोधन गर्नैपर्ने देखिएको छ जुन ज्यादै चुनौतीपूर्ण रहेको छ ।

## २.१४ **वैकल्पिक शिक्षा**

नयाँ आविष्कार र सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनले ज्ञान र सीपको सिकाइ क्षेत्र व्यापक हुँदै गएको छ । यसरी सिकाइको क्षेत्र फराकिलो हुँदै जाँदा परम्परागत औपचारिक विद्यालयीय शिक्षा व्यवस्था मात्र अपर्याप्त हुने कुरा सर्वस्वीकार्य भइसकेको छ । यो अपर्याप्ततालाई कम गर्न अविलम्ब नयाँ योजना र कार्यक्रमहरू अवश्यम्भावी भइसकेका छन् । यसका साथै अनौपचारिक शिक्षा, विद्यालयबाहिरको सङ्गठित शिक्षा, अनियमित सिकाइ (Informal learning) आदिजस्ता ज्ञानको क्षेत्र व्यापक बनाउने पक्षहरूलाई मूलप्रवाहीकरण गरी औपचारिकता दिनुपर्ने आवश्यकता भएको छ ।

नेपालमा विद्यालय जाने उमेरका सबै केटाकेटी विद्यालय गएका छैनन् र विद्यालय छोड्ने दर पनि तीव्र रहेको छ । विद्यालय नजाने विद्यार्थीका लागि अनौपचारिक शिक्षाले विविध खालका शिक्षाका अवसरहरू प्रदान गर्दै आएको छ । वैकल्पिक शिक्षा व्यवस्थापनसँग सम्बन्धित प्रयासहरू विगतदेखि हुँदै आएको भए तापनि यसलाई व्यवस्थित, विस्तारित एवम् स्तरीय बनाउन सकिएको छैन । यससँग सम्बन्धित धेरै समस्याहरू विद्यमान छन् । केही महत्त्वपूर्ण समस्याहरू यसप्रकार छन् :

- खुला विद्यालय शिक्षा प्रणालीको अभाव
- पाठ्यक्रमको समुचित व्यवस्था नहुनु र भएकोमा केन्द्रीकरणको अवस्था विद्यमान रहनु
- शिक्षाबाट वञ्चित बालबालिकाहरूको सङ्ख्या यसप्रकारको शिक्षा पद्धतिबाट लाभान्वित हुन नसक्नु

- गुरुकुल, मदरसा, गुम्बाजस्ता संस्थाबाट सञ्चालित शिक्षाले राष्ट्रिय मान्यता प्राप्त गर्न नसक्नु र त्यस्तो शिक्षा मूलप्रवाहीकरण हुन नसक्नु
- खुला शिक्षा (Open learning) बाट औपचारिक शिक्षामा हुने प्रवेश मार्ग सुनिश्चित हुन नसक्नु

## २.१५ शिक्षामा विश्वव्यापीकरणको प्रभाव

विश्वव्यापीकरणले ज्ञानमा आधारित समाजको सिर्जना गर्न मद्दत गर्छ । विश्वव्यापीकरणले शिक्षाका नीति तथा पाठ्यक्रमका पक्षहरूमा प्रत्यक्ष असर गर्दछ । पाठ्यक्रमका विभिन्न स्वरूप र विषयवस्तुहरू विद्युतीय सञ्जालको मदतबाट अन्तर्राष्ट्रिय मुलुकहरूबीचमा साझेदारी गरी व्यवस्थित गर्न पनि विश्वव्यापीकरण सार्थक देखिन्छ । शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर, सान्दर्भिकता र सरोकारवालाका विचारको समाविष्टतासम्बन्धी धारणाले समेत प्राथमिकता पाउँदै आएको छ । त्यसैगरी लैङ्गिक समानता, स्रोत वितरणको प्रभावकारिता, सशक्तीकरण, सहभागिता, सहकार्य र सरोकारवालाको पहिचान आवश्यकताजस्ता पक्षहरूमा समेत विश्वव्यापीकरणको भूमिका रहने गर्दछ । यतिमात्र नभएर नेपाली नागरिकहरूले प्राप्त गर्ने शिक्षाको स्तर अन्तर्राष्ट्रिय परिवेशअनुसारको हुन सकेन भने नेपालका लागि विश्वव्यापीकरण अवसर र सम्भावनाहरू न्यून हुन जाने देखिन्छ ।

उल्लिखित विश्वव्यापीकरणका सन्दर्भमा कुनै पनि देशका सीमाक्षेत्रले यसको विश्वव्यापी प्रभावलाई रोक्न सक्दैन, बरु सबै स्थानीय समस्या र चुनौतीहरूलाई विश्वव्यापी समाधानको परिष्कृत रूप दिन सक्छ । विश्वव्यापीकरणले कुनै पनि देशको विद्यार्थीका क्षमता विकास गर्न सान्दर्भिक ज्ञान, सीप र अभिवृत्तिको आवश्कता पर्ने कुरा औँल्याउँछ, जसले गर्दा विद्यार्थी कुनै पनि परिवर्तनबाट वञ्चित नभई प्रतिस्पर्धाका आधारमा आफूलाई अद्यावधिक गरी अगाडि बढ्न सक्छन् । यस अर्थमा शिक्षालाई विद्यार्थीको क्षमता वृद्धि गर्ने र समाजमा बाँच्ने दुई रूपमा हेरिएको छ । विश्वव्यापीकरणले समग्र विश्वलाई एउटा गाउँमा परिणत गरी मानवअधिकार, सांस्कृतिक विविधता, सबैप्रतिको सद्भाव र वातावरणप्रति सचेत नागरिक उत्पादन गर्न आह्वानसमेत गरेको छ ।

विश्वव्यापीकरणको रूपमा शिक्षा विश्वकै कुनै क्षेत्र र राष्ट्र विशेषमा मात्र सीमित हुँदैन । कुनै पनि राष्ट्रमा शिक्षा त्यहाँकै स्थानीय भौगोलिक, आर्थिक र सामाजिक परिवेशमा मेल खाने खालको हुनुपर्दछ । यस सन्दर्भमा पाठ्यक्रमको स्थानीयकरणको मुद्दालाई पनि ध्यान दिनुपर्ने आवश्यकता छ । तसर्थ विश्वव्यापीकरणको सन्दर्भमा पाठ्यक्रमलाई स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित हुने गरी सन्तुलित रूपमा विकास गर्ने कार्य विश्वव्यापीकरणले सिर्जना गरेको चुनौती हो ।

## २.१६ विद्यार्थी मूल्याङ्कन

शैक्षिक प्रक्रियामा तथ्याङ्क सङ्कलन गर्ने, व्याख्या गर्ने, अभिलेखीकरण गर्ने, विश्लेषण गर्ने, सूचनाहरूको प्रयोग गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र पुनर्योजना गर्ने कार्य विद्यार्थी मूल्याङ्कन हो । शिक्षाविद् तथा मूल्याङ्कनविद्हरूले विद्यार्थी मूल्याङ्कन गर्दा व्यापक र निष्पक्ष परीक्षा प्रणालीको विकास गर्दै परीक्षालाई पाठ्यक्रमद्वारा निर्दिष्ट सिकाइउपलब्धि हासिल गराउन केन्द्रित गर्नुपर्ने, शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याउने, राष्ट्रिय मूल्याङ्कन नीति निर्माणको निर्णयका लागि पृष्ठपोषण दिन विद्यार्थी मूल्याङ्कनलाई विशेष ध्यान दिनुपर्ने कुरा औँल्याएको पाइन्छ ।

नेपालको सन्दर्भमा सिकाइप्रक्रियामा विद्यमान मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको र शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा विकसित हुन नसकेको कुरा औँल्याइने गरेको पाइन्छ । धेरैजसो विद्यालयमा निर्माणात्मक (Formative) मूल्याङ्कन प्रणालीलाई अङ्गीकार गरेको पाइँदैन । मूल्याङ्कन प्रणालीलाई परीक्षामुखी सिद्धान्तबाट अभ्यास गर्ने गरिन्छ । यसले धेरै प्रकारका विकृतिहरू पनि जन्माएको छ । विद्यार्थीलाई कक्षा चढाउन गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सामूहिक क्रियाकलापजस्ता क्रियाकलापलाई समावेश गरिएको छैन । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रोबाट निरन्तर रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अङ्गीकार गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक, तालिम तथा मूल्याङ्कनका अन्य विविध प्रयासहरू गरिँदै आएको छ । यसप्रकारका अभ्यास तथा प्रयासहरूबाट पनि विद्यार्थीको समग्र पक्षहरूको मूल्याङ्कन तथा विद्यार्थी मूल्याङ्कनका आधारमा शिक्षा पद्धतिको समेत मूल्याङ्कन गरिने पक्ष प्रभावकारी हुन भने सकेनन् । यसरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारी हुन नसकेको अवस्था छ । तसर्थ नेपालको सन्दर्भमा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकसित गर्न सकिएको छैन । मूल्याङ्कनलाई विद्यार्थीको बौद्धिक स्तर, रुचि, गति एवम् आवश्यकतासँग आबद्ध गर्न सकिएको छैन । विद्यार्थी मूल्याङ्कन, शिक्षक मूल्याङ्कन, विद्यालय मूल्याङ्कन तथा पाठ्यक्रमको मूल्याङ्कन समेतका आधारमा शिक्षाको समग्र विकास गर्ने व्यवस्थित पद्धति कार्यान्वयनमा आउन सकेको छैन । बालबालिकाले सिकेनसिकेका आधारमा शिक्षक, विद्यालय र समग्र पद्धतिको मूल्याङ्कन गर्ने परिपाटी स्थापित हुन नसकेको अवस्था छ । अतः विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धतिअनुरूप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने र सिकारुलाई प्रतिस्पर्धी समाजमा सहजरूपमा समायोजन गर्न सक्ने गरी व्यवस्थित गरिनुपर्ने यथार्थ छ, जुन धेरै चुनौतीपूर्ण पनि छ ।

## २.१७ शैक्षिक गुणस्तर र सान्दर्भिकता

शैक्षिक गुणस्तर सन्दर्भसापेक्ष हुने हुँदा यसलाई परिभाषित गर्न कठिन हुन्छ । आधुनिक, औपचारिक र सङ्गठित पाठ्यक्रमका आधारमा सञ्चालन हुने शैक्षिक व्यवस्थामा शैक्षिक क्षेत्रको आन्तरिक र वाह्य दक्षता एवम् लागत प्रभावकारिताका आधारमा गुणात्मक शिक्षालाई बुझ्ने र उपयोग गर्ने गरेको पाइन्छ । आन्तरिक दक्षतामा विद्यार्थी भर्ना, निरन्तरता र उत्तीर्णताजस्ता सूचकहरूको उपयोग हुन्छ । वाह्य दक्षतामा उच्च तहमा अध्ययनका निम्ति क्षमता विकास र रोजगार बजारको स्वीकृतिजस्ता पक्ष हेरिन्छ । गुणात्मक शिक्षाको अर्को पक्षले व्यक्तिमा असल गुणको विकास, नैतिक चरित्रको विकास, अनुशासन, विनयशीलता, अन्तरशक्तिको सन्तुलित र प्रगतिशील विकास, शरीर, मन र आत्माको सबैतिरबाट विकास, अरूलाई बुझ्ने र कामलाई सम्मान गर्नेजस्ता पक्षहरू पर्दछन् । शिक्षामा प्रत्यक्ष वा परोक्ष रूपबाट विद्यार्थी, शिक्षक, अभिभावक, समाज समुदाय तथा राष्ट्रले खर्चेको समय श्रम र आर्थिक लगानीका दृष्टिबाट पनि शिक्षाको गुणस्तरलाई हेरिनुपर्ने पक्ष उत्तिकै महत्त्वपूर्ण हुन आउँछ ।

वर्तमान नेपालको विद्यालय तहको शिक्षाबाट उत्पादित जनशक्ति रोजगार बजारको निम्ति उपयोगी पनि नदेखिएका, बाबुआमाले गरेका परम्परागत पेसामा पनि रुचि नराख्ने र नगर्ने, कामको सिर्जना गर्न पनि नसक्ने हुनुका साथै नैतिक आचरण, अनुशासन, परम्परागत संस्कृति, मूल्य र मान्यता, सामाजिक आचरण, अर्कालाई बुझ्ने र सँगै बाँच्नेजस्ता पक्षहरू ह्रास हुँदै गएको भनी राष्ट्रियस्तरका अध्ययन प्रतिवेदनहरू, कार्यदल एवम् समितिहरूका सिफारिसहरू, राष्ट्रियस्तरका अन्य दस्तावेज (सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम आदि) हरूले समेत औँल्याएका छन् । यसप्रकारका अभिव्यक्ति र सूचनाहरू प्रारूप तयार गर्ने क्रममा, सरोकारवालाहरूसँगको अन्तरक्रिया र छलफल एवम् विद्यालय अवलोकनका सिलसिलामा पनि प्राप्त हुने गरेका छन् ।

शैक्षिक गुणस्तर अपेक्षित रूपमा कायम हुन नसक्नुमा मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि धेरै पक्षहरू जिम्मेवार देखिन्छन् तापनि शैक्षिक पक्षका रूपमा पाठ्यक्रम, शिक्षक विकास र व्यवस्थापन, शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कनजस्ता पक्षहरू पनि उत्तिकै जिम्मेवार रहने कुरामा विमति भेटिँदैन । आधुनिक, सङ्गठित, औपचारिक र अनौपचारिक शिक्षापद्धतिमा शैक्षिक पक्षको मूल सामग्रीको रूपमा पाठ्यक्रम प्रयोगमा आउने गरेको छ । यसलाई बढी स्तरीय, प्रभावकारी, व्यावहारिक बनाउँदै लैजानका लागि यसको कार्यान्वयन पक्षलाई सरल, सहज र प्रायोगिक बनाउने र शैक्षिक गुणस्तर कायम गर्ने गराउने पक्षहरूले प्राथमिकता पाउनुपर्ने अवस्था देखिन्छ ।

सबैका लागि शिक्षा कार्यक्रम, माध्यमिक शिक्षा सहयोग कार्यक्रम तथा राष्ट्रिय स्तरका दस्तावेजहरूले प्राथमिक तथा आधारभूत शिक्षामा साक्षरता, सामान्य गणितीय ज्ञान, जीवनोपयोगी सीपका पक्षमा जोड

दिने कार्यक्रमहरू विकास गरी कार्यान्वयनमा ल्याउनुपर्ने कुरा उल्लेख गरेका छन् । शिक्षाका अन्य पक्ष र तहमा गुणस्तर र सान्दर्भिकता कायम गर्न, पाठ्यक्रम, मूल्याङ्कन, निजी क्षेत्रसँगको प्रतिस्पर्धा, शिक्षक व्यवस्थापन, विद्यालय वातावरण सुधार, अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षणका पक्षहरूलाई अन्तर सम्बन्धित मुद्दाका रूपमा अङ्गीकार गरी सम्बोधन गर्नुपर्ने कुरा उल्लेख भएको पाइन्छ । सोअनुसारका प्रयास र प्रयत्नहरू पनि भइरहेका छन् । तर अझ थप प्रयास गर्नुपर्ने अवस्था भने विद्यमान छ ।

नेपालको बहुसांस्कृतिक संवेदनशीलता, नेपालीको जीवनशैली, स्वभाव र गरिबीजस्ता कमजोर पक्षहरू एवम् स्थापित भइसकेका संरचना, मूल्य र मान्यता, पाठ्यक्रम, शिक्षक, मूल्याङ्कन पद्धतिजस्ता पक्षहरूलाई समन्वयात्मक, सन्तुलित र दिगो हुने गरी उपयुक्त नीति, रणनीति तथा कार्ययोजना विकसित गरी तिनको कुशल व्यवस्थापनद्वारा गुणस्तरीय र सान्दर्भिक शिक्षाको अवस्थालाई सुनिश्चित गर्ने कार्य एउटा महत्त्वपूर्ण चुनौतीका रूपमा रहन पुगेको छ ।

### २.१८ अनसुन्धान कार्य

अनुसन्धानात्मक कार्यले ज्ञान उत्पादन गर्दछ र भएको ज्ञानमा थप गर्छ । यसले भएगरेका स्थापित मूल्य र मान्यता स्वीकार वा अस्वीकार गर्ने आधार प्रदान गर्छ । कुनै पनि शैक्षिक मुद्दामा सबल पक्ष, कमजोर पक्ष, अवसरका सम्भावना एवम् चुनौतीहरूका बारेमा विश्लेषण गरेर उपयुक्त निष्कर्ष निकाल्न मद्दत गर्छ । यसले जनधारणा र सरोकारवालाको धारणालाई सङ्कलन विश्लेषण गरेर उपयुक्त योजना तर्जुमा गर्न मदत गर्छ । अनुसन्धानात्मक, प्रवर्द्धनात्मक, सिर्जनात्मक र रचनात्मक कार्यबाट पाठ्यक्रमसम्बद्ध पक्षमा गुणात्मकता आउँछ ।

के विषयवस्तु राख्ने, कसरी र केका आधारमा विषयवस्तुलाई समूहीकृत गर्ने, कसरी पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई बालमैत्री, लैङ्गिक मैत्री एवम् समावेशी बनाउने, शिक्षणसिकाइ क्रियाकलापलाई कसरी व्यावहारिक बनाउने तथा कसरी कार्यान्वयन गर्ने भन्ने पक्षहरूले नियमित रूपमा अनुसन्धानको माग गर्दछन् । तर नेपालको सन्दर्भमा पाठ्यक्रम विकास तथा कार्यान्वयनका समग्र पक्षहरूलाई अनुसन्धानमा आधारित गराउन सकिएको छैन । यदाकदा हुने अनुसन्धानले पनि कार्यमूलक पक्षलाई जोड दिएको देखिँदैन । बदलिँदो परिवेशअनुरूप समावेशी पाठ्यक्रम निर्माण, समावेशी शिक्षणसिकाइ क्रियाकलाप, समावेशी विद्यार्थी, शिक्षक र विद्यालय मूल्याङ्कनद्वारा गुणस्तर, पहुँच र प्रभावकारिता अभिवृद्धिका लागि अनुसन्धानलाई पाठ्यक्रम विकास तथा कार्यान्वयनको अभिन्न अङ्गका रूपमा स्थापित गर्ने पक्ष चुनौतीपूर्ण हुन पुगेको छ ।

## २.१९ संस्थागत क्षमता

पाठ्यक्रम विकास केन्द्र नेपालको विद्यालय तहको पाठ्यक्रम विकास तथा पाठ्यक्रमसम्बद्ध गतिविधिहरू सञ्चालन र व्यवस्थापन गर्ने संस्था हो । यस केन्द्रले राज्यले तय गरेका शिक्षाका राष्ट्रिय उद्देश्यलाई पाठ्यक्रम विकास र अन्य सम्बद्ध गतिविधिहरू सञ्चालन गरी सम्बोधन गर्ने कार्यमा सहजता प्रदान गर्दछ । व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशअनुकूल पाठ्यक्रम विकास गरी अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्दै असल चरित्र र नैतिकवान् सुसंस्कृत, प्रतिस्पर्धी र समतामूलक समाज तथा रोजगारमूलक एवम् राष्ट्रिय चिन्तनप्रति प्रतिबद्ध नागरिक तयार गर्नमा पाठ्यक्रम विकास केन्द्रको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षा क्षेत्रका महत्त्वपूर्ण पक्षहरू शिक्षक विकास, शिक्षक व्यवस्थापन, शिक्षणसिकाइ क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन, अनुगमन र पृष्ठपोषणजस्ता समग्र पक्षहरूलाई पाठ्यक्रमले पथप्रदर्शन गरेको हुन्छ । पाठ्यक्रमको गुणात्मकता, क्रियाशीलता र कार्यान्वयनको प्रभावकारितामा देशको समग्र शैक्षिक गुणस्तर भर पर्ने हुँदा पाठ्यक्रम विकास केन्द्रको संस्थागत सक्षमताले अत्यन्त ठूलो भूमिका निर्वाह गर्दछ।

उल्लिखित कार्यहरू सम्पादन गर्न मानव संसाधन विकास योजनाको निर्माण र कार्यान्वयन हुनु सान्दर्भिक देखिन्छ तापनि पाठ्यक्रम विकास केन्द्रका लागि जनशक्ति विकास योजना निर्माण भई अगाडि आउन सकेको छैन । यसै गरी पाठ्यक्रमको कार्यान्वयन तहमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न विद्यालयको पनि सक्षमता विकास उत्तिकै महत्त्वपूर्ण मानिन्छ । तर विद्यालयको अवस्था पाठ्यक्रम निर्माण, कार्यान्वयन, यससँग सम्बन्धित खोज तथा प्रयोगका पक्षबाट कमजोर अवस्थामा रहेको यथार्थता छ । अतः केन्द्रदेखि विद्यालय तहसम्मलाई बढी पेसागत बनाउन संस्थागत एवम् वैयक्तिक सक्षमता बढाई गुणस्तरीय पाठ्यक्रमको निर्माण गर्ने सम्बन्धमा निम्नानुसारका पक्षहरू सम्बोधन गर्नका लागि केन्द्रदेखि विद्यालय तहसम्मको संस्थागत क्षमता विकास गर्नु चुनौतीका रूपमा रहेको छ :

- पाठ्यक्रमको विकेन्द्रीकरण
- समावेशी पाठ्यक्रम विकास
- स्थानीय तहको क्षमता अभिवृद्धि र स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन
- व्यापक सहभागिताका आधारमा पाठ्यक्रम विकास र कार्यान्वयन
- कक्षाकोठामा आधारित मूल्याङ्कन पद्धतिको प्रयोग
- द्विभाषिक पाठ्यक्रम नीतिको कार्यान्वयन
- पाठ्यक्रमको गुणस्तर अभिवृद्धि
- अनुसन्धानमा आधारित पाठ्यक्रम सम्बद्ध गतिविधि सञ्चालन

यसरी यो प्रारूप निर्माण गर्दा माथि उल्लिखित पाठ्यक्रमसम्बद्ध समसामयिक र महत्वपूर्ण पक्षहरू, मुद्दा र चुनौतीहरूलाई दृष्टिगत गरी विद्यालय शिक्षाको समुचित व्यवस्थापन गर्न अग्रगामी सोचको विकास गर्नुपर्ने देखिन्छ ।

# भाग – तीन

# शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको दृष्टिकोण र पाठ्यक्रमसम्बद्ध सैद्धान्तिक आधारहरू

पाठ्यक्रमका सैद्धान्तिक आधारहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश एवम् विभिन्न सरोकारवालाहरूसमेतको अपेक्षालाई दृष्टिगत गरी शिक्षाका राष्ट्रिय उद्देश्यहरू चयन गरिएको छ । यसरी चयन गरिएका राष्ट्रिय उद्देश्यहरूको परपूर्तिका लागि विद्यालय शिक्षाको दृष्टिकोण, तहगत उद्देश्यहरू, पाठ्यक्रम संरचना र पाठ्यक्रमसम्बद्ध अन्य महत्त्वपूर्ण पक्षहरू यस खण्डमा प्रस्तुत गरिएका छन् ।

## ३.१ राष्ट्रिय उद्देश्य

- प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने
- प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवनपद्धतिको विकास गर्न चरित्रवान् एवं नैतिकवान् नागरिक तयार गर्ने
- स्थानीय, राष्ट्रियस्तरका व्यवसाय, पेसा एवम् रोजागारीका साथै आवश्यकताअनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने
- व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने
- समाजको आधुनिकीकरणमा सहयोग गरी देशनिर्माणका निम्ति मानवसंसाधनको विकास गर्ने
- प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने
- सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मदत गर्ने
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने
- आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने
- राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानवअधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने
- नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्टचहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मदत गर्ने ।

## ३.२ विद्यालय शिक्षाको दृष्टिकोण

लोकतन्त्र, मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने, निरन्तर शिक्षाप्रति प्रतिबद्ध, श्रमप्रति सकारात्मक सोच भएका र स्वरोजगार उन्मुख, असल चरित्र भएका र एक्काइसौँ शताब्दीमा व्यक्ति, समाज र राष्ट्रमा आइपर्ने चुनौतीहरूको सामना गर्न सक्रिय योगदान पु¥याउन सक्ने नागरिक तयार गर्नु नेपालको विद्यालय शिक्षाको दृष्टिकोण हो ।

## ३.३ पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधारहरू

यो खण्ड विशेषतः खण्ड दुईमा विश्लेषण गरिएका विद्यालय शिक्षासँग सम्बन्धित महत्त्वपूर्ण पक्षहरू एवम् तिनले सिर्जना गरेका मुद्दा र चुनौतीहरू न्यूनीकरण गर्ने मूल सिद्धान्तहरूसँग सम्बन्धित छ । पाठ्यक्रम विकास, निर्माण तथा कार्यान्वयन गर्दा यिनै सिद्धान्तहरूलाई मूल आधारका रूपमा अवलम्बन गर्ने गरी प्रारूप संरचित भएकाले यो खण्ड प्रस्तुत प्रारूपको महत्त्वपूर्ण खण्डका रूपमा रहेको छ ।

### ३.३.१ बृहद् एवम् सन्तुलित शिक्षाको अवधारणाअनुरूप पाठ्यक्रम विकास

पाठ्यक्रम बृहद एवम् सुन्तुलित शिक्षाको अवधारणाअनुरूप विकास गरिने छ । पाठ्यक्रमले बालबालिकाहरूको शारीरिक, बौद्धिक, आध्यात्मिक, नैतिक, सामाजिक र सांस्कृतिक पक्षको विकास गर्दै उनीहरूलाई जिम्मेवारी बोध गर्ने, अवसर र अनुभवहरू हासिल हुने अवस्था सिर्जना गर्नुपर्दछ । तसर्थ पाठ्यक्रमले केवल ज्ञान र विषयवस्तुमा मात्र केन्द्रित नभई एक्काइसौँ शताब्दीका चुनौतीहरू (जस्तै आधारभूत जीवनोपयोगी सीप, नागरिक चेतना, सामाजिक र बौद्धिक जानकारी, लोकतान्त्रिक मूल्य, लैङ्गिक समानता, मानवअधिकारजस्ता महत्त्वपूर्ण विषय क्षेत्रहरू) मा अनुभव हासिल गर्ने अवसर प्रदान गर्नुपर्छ । विश्वबजारमा प्रतिस्पर्धी, सञ्चार तथा सूचना प्रविधिको ज्ञान भएका, समूहमा काम गर्न सक्ने, हरेक विविधतामा समान दृष्टिकोण राख्ने र समालोचना तथा सिर्जनात्मक अभिव्यक्तिको सीप भएका जनशक्ति तयार गर्नेतर्फ पाठ्यक्रम केन्द्रित हुनुपर्छ । पाठ्यक्रमका विषयवस्तुले सिकाइका अवधारणा र प्रक्रियाहरू मूल्य र मान्यता जान्नका लागि सिक्ने (Learning to know), गर्नका लागि सिक्ने (Learning to do), बन्नका लागि सिक्ने (Learning to be), मिलेर बस्न सिक्ने (Learning to live together) जस्ता पक्षहरू समेटेको हुनुपर्दछ । शिक्षाका राष्ट्रिय उद्देश्य तय गर्दा, विषयवस्तु चयन गर्दा र मूल्याङ्कन प्रणाली र शिक्षक तालिमजस्ता विषयवस्तुहरूको नीतिगत एवम् कार्यक्रमगत निर्णय गर्दा समेत वृहत् एवम् सन्तुलित शिक्षाको अवधारणालाई अवलम्बन गरिने छ ।

### ३.३.२ सिकाइका प्रमुख क्षेत्रहरूको सङ्गठन

पाठ्यक्रम निर्माण गर्दा सिकाइका प्रमुख क्षेत्रलाई सङ्गठित गरिने छ । विद्यार्थीहरूका लागि केके विषयवस्तु सिकाइको क्षेत्रको रूपमा राखिनुपर्दछ भन्ने सम्बन्धमा भाषा (स्थानीय/मातृभाषा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय), गणित, सामाजिक शिक्षा, सिर्जनात्मक कला, विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा, जनसङ्ख्या तथा वातावरण शिक्षा, सूचना तथा सञ्चार प्रविधि, स्थानीय आवश्यकतामा आधारित अध्ययन, दैनिक कार्य, पेसा र व्यवसाय जस्ता पक्षहरू प्रमुख मानिन्छन् । त्यसका अतिरिक्त पाठ्यक्रमले अतिरिक्त क्रियाकलापहरूलाई पनि खुकुलो प्रावधानका साथ शैक्षिक उद्देश्यहरू प्राप्त गर्न मदत गर्ने गरी व्यवस्थित गर्नुपर्दछ । यसको प्रमुख कारण विद्यार्थीहरूको सर्वाङ्गीण शैक्षिक विकास गर्नु हो, जसले उनीहरूमा जीवनोपयोगी सीपहरू (जस्तैः सञ्चार सीप, समस्या समाधान गर्ने सीप, सामाजिक तथा अन्तर्वैयक्तिक सीप र स्वव्यवस्थापनको सीप) विकासमा मदत गर्नेछ । पाठ्यक्रम विकास गर्दा उल्लिखित सिकाइ क्षेत्रहरूलाई सुसङ्गठित गरिने सिद्धान्त अवलम्बन गरिनेछ ।

### ३.३.३ एकीकृत सिद्धान्तका आधारमा पाठ्यक्रम विकास

पाठ्यक्रम एकीकृत सिद्धान्तका आधारमा विकसित गरिने छ । बालबालिकाहरूलाई के पढाउने भन्ने कुरा निर्णय गर्नु चुनौतीपूर्ण एवं संवेदनशील कार्य हो । यस कार्यलाई बदलिँदो सामाजिक, सांस्कृतिक, आर्थिक तथा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा आएका घटनाक्रम, परिवर्तनहरूले प्रभाव पार्दछन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा देखिएका घटनाक्रमहरूले निश्चित विषयमा केके कुराहरूमा थपघट गर्ने भन्ने पक्षलाई प्रभावित गर्दछ । प्रायः धार्मिक र राजनीतिक नेताहरू, लैङ्गिक समानताका लागि काम गर्ने कार्यकर्ताहरू, मानवअधिकारवादीहरू, वातावरणविद्हरू, कानुन व्यवसायीहरू तथा शान्ति स्थापनार्थ काम गर्ने कर्मीहरूले पाठ्यक्रममा नैतिक शिक्षा, मानवअधिकार शिक्षा, पारिवारिक जीवन शिक्षा, कानुनी शिक्षा, साक्षरता, नागरिक शिक्षा, वातावरण शिक्षा, जनसङ्ख्या शिक्षा, द्वन्द्व व्यवस्थापनसम्बन्धी शिक्षा, एच्.आई.भी./एड्ससम्बन्धी शिक्षाका साथसाथै स्थानीय तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय भाषाविषयहरू पाठ्यक्रममा समावेश गर्न जोड गर्दछन्, जसले गर्दा पाठ्यक्रम अत्यन्त बोझिलो हुन पुग्दछ । तसर्थ यस्ता विविधतायुक्त विषयवस्तुलाई पाठ्यक्रममा एकीकृत गरेर शैक्षणिक विधिमा समायोजन गर्ने सिद्धान्तलाई अवलम्बन गरिने छ ।

### ३.३.४ बालकेन्द्रित विकासात्मक पद्धतिअनुरूप पाठ्यक्रम विकास

बालकेन्द्रित विकासात्मक पद्धतिअनुरूप पाठ्यक्रम विकास गरिने छ । बालबालिकाहरूको विकास स्तर र सिकाइ विभिन्न तरिकाबाट सम्भव हुन्छ । जब तिनका सिकाइक्रम र तरिकामा आन्तरिक रूपमा रोकावट

आउँछ, सिकाइका बाह्यतत्त्व कक्षाकोठाका सिकाइ प्रविधि, वातावरण, शिक्षणको भाषा, सामाजिक, सांस्कृतिक, आर्थिक पृष्ठभूमि जस्ता कुराहरूले बालबालिकाको उपलब्धिमा पनि असर पार्दछन् । तसर्थ विद्यार्थीको रुचि चाहना, आवश्यकता विकासको गतिअनुरूप विषयवस्तु तथा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न पाठ्यक्रमको विकास, विषयवस्तुको चयन, विधि तथा मूल्याङ्कन प्रविधिको संरचना गर्दा बालकेन्द्रित पद्धति अवलम्बन गरिने छ । साथै विशेष आवश्यकता समूहका बालबालिकाका लागि वैकल्पिक विषयको व्यवस्था गरी पाठ्यक्रमलाई लचिलो बनाइने छ ।

### ३.३.५ आधारभूत शिक्षाको माध्यम

आधारभूत शिक्षाको माध्यम मातृभाषा हुने छ । विद्यालय तहमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुन सक्नेछ । तर आधारभूत शिक्षाको प्रथम चरण (कक्षा १-३ सम्म) सामान्यतया शिक्षाको माध्यम मातृभाषा हुने छ । गैरनेपाली नागरिकको हकमा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्ने छुट प्रदान गरिने छ । भाषा विषयको शिक्षण गर्दा शिक्षाको माध्यम सोही भाषा हुनुपर्ने छ ।

### ३.३.६ समावेशी शिक्षा नीतिअनुरूप पाठ्यक्रम निर्माण

समावेशी शिक्षा नीतिअनुरूप पाठ्यक्रम निर्माण गरिने छ । समावेशी शिक्षा भन्नाले अर्कालाई बुझ्ने, आदर गर्ने, शैक्षिक आवश्यकतामा प्रतिक्रिया दिने, सबै बालबालिकाको अनुभव, चाहना र मूल्यमान्यतालाई समावेश गर्ने भन्ने बुझिन्छ । पिछडिएका जातजाति, महिला तथा गरिबीको रेखामुनि परेका, भाषिक रूपमा पिछडिएका, अपाङ्गता भएका आदि बालबालिकाहरूलाई शिक्षाले सम्बोधन गरेको हुनुपर्छ । यसले मानव अधिकार तथा शान्ति शिक्षाजस्ता पक्षलाई उचित रूपमा सम्बोधन गर्नुपर्ने देखिन्छ । पाठ्यक्रमलाई समावेशी बनाउन विशेष आवश्यकता भएका बालबालिकाहरूलाई विशेष ध्यान दिने, विद्यालय पात्रोलाई लचकता प्रदान गर्ने, विद्यार्थीको चाहनाअनुरूप शिक्षण गर्ने, पाठ्यक्रमको स्थानीयकरण गर्ने, आवश्यकतामुखी पाठ्यक्रम विकास गर्ने सिद्धान्तहरूलाई क्रमशः कार्यान्वयनमा ल्याइने छ ।

### ३.३.७ स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण

स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिइने छ । विद्यालय पाठ्यक्रममा स्थानीय ज्ञान, सीप तथा ऐतिहासिक र सांस्कृतिक पक्षलाई समायोजन (अनुकूलन) गर्दा स्थानीय आवश्यकतामा आधारित अध्ययन पठनपाठनको एक क्षेत्र हुन सक्दछ । विद्यार्थीहरूका विविध आवश्यकता र चाहनाहरूलाई पूरा गर्न र पाठ्यक्रममा स्थानीयतालाई स्थान दिइ सान्दर्भिक बनाउन स्थानीय आवश्यकतामा आधारित अध्ययनको प्रावधान लागू गर्नुपर्छ । यसका लागि पाठ्यक्रममा विषयवस्तुहरू परिमार्जन गर्ने, निर्देशनहरू सुधार गर्ने र सिकाइउपलब्धिको मापन गर्ने गर्नुपर्दछ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी

हुने गरी लचकता प्रदान गरिने छ । यसबाट बालबालिकाहरूले आफूसँग रहेको सीपलाई नयाँ सीपका रूपमा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त हुने छ ।

स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गर्दा स्थानीय पाठ्यक्रम विकास समिति (शिक्षक, अभिभावक तथा स्थानीय, जातीय वा सम्प्रदायका प्रतिनिधिहरू, अपाङ्गता भएका तथा साङ्ग नागरिक, ऐतिहासिक विषयवस्तुसँग जानकार व्यक्तिहरू तथा शिक्षाविदहरू संलग्न भएको) को गठन गरी सोही समितिले आफ्नो आवश्यकता निर्धारण गरेबमोजिम हुनेछ । यसप्रकार विद्यालयलाई राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा सक्षम बनाइने छ ।

### ३.३.८ पूर्वीय ज्ञान तथा आधार स्तम्भका रूपमा संस्कृत शिक्षा

पूर्वीय ज्ञान तथा आधार स्तम्भका रूपमा संस्कृत शिक्षालाई व्यवस्थित गरिने छ । संस्कृत भाषा पूर्वीय ज्ञान र दर्शनको आधार हो । हाम्रो विद्यालय पाठ्यक्रममा पूर्वीय वाङ्मयका असल पक्षलाई समावेश गरेर व्यावहारिक रूपमा शिक्षणसिकाइ क्रियाकलापमा उपयोग गर्नुपर्ने देखिन्छ । तसर्थ पूर्वीय दर्शनमा निबद्ध बहुपक्षीय जीवनोपयोगी चिन्तनलाई विद्यालय शिक्षाका सबै धारमा समावेश गर्नुपर्छ । संस्कृत शिक्षालाई पाठ्यक्रममा समावेश गर्न छुट्टै सङ्कायका रूपमा अध्ययन गराएर, विभिन्न विषयमा संस्कृतका ज्ञान, सीप, मूल्यमान्यतालाई समाहित गराएर वा ऐच्छिक विषयको रूपमा राखी कार्यान्वयन पक्षमा समेत यथेष्ठ ध्यान दिइने छ ।

### ३.३.९ सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधि शिक्षालाई पाठ्यक्रममा विशिष्ट स्थान दिइने छ । पाठ्यक्रममा सूचना तथा सञ्चार प्रविधि शिक्षालाई समायोजन गर्नु विद्यमान भूमण्डलीकरणको समयमा उपयोगी भए पनि हाम्रो परिवेशमा त्यति सहज देखिँदैन । तर सूचना तथा सञ्चार शिक्षालाई पाठ्यक्रममा नराख्दा वर्तमान विश्वव्यापी शिक्षाको मर्मबाट युवा वर्ग वञ्चित हुने अवस्था आउन सक्छ । तसर्थ सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय र माध्यम दुवै रूपमा प्रयोग गर्ने गरी पाठ्यक्रम विकास गरिने छ ।

### ३.३.१० पाठ्यक्रममा जीवनोपयोगी सीपको स्थान

पाठ्यक्रममा जीवनोपयोगी सीपको स्थान सुनिश्चित गरिने छ । विद्यालयका बालबालिकाहरूले यस्ता सीपहरू चाहन्छन्, जसले उनीहरूमा वैयक्तिक र व्यावहारिक परिवर्तन ल्याउन सक्ने क्षमता विकास गरोस् । व्यापक अर्थमा जीवनोपयोगी सीप भन्नाले दैनिक जीवनमा आइपर्ने समस्याको समाधान गर्ने सीप र तत्कालै आइपर्ने समस्याहरूलाई धैर्यपूर्वक समाधान गर्ने सीप भन्ने बुझिन्छ । तसर्थ विद्यालय पाठ्यक्रममा यस्ता सीपहरूलाई स्थान दिइने छ ।

### ३.३.११ कार्यप्रति अभिमुख पाठ्यक्रम निर्माण

कार्यप्रति अभिमुख पाठ्यक्रममा जोड दिइने छ । विद्यार्थीहरूलाई ज्ञान, सीप, मूल्यमा आधारित व्यावसायिक र प्राविधिक शिक्षा दिनुपर्दछ । समाजका सबै वर्ग र तहका व्यक्तिहरूले आफ्ना बालबालिकाहरू कामप्रति सक्षम हुन सकून् भन्ने आशा राख्दछन् । विद्यालय तह उत्तीर्ण गर्ने सबै विद्यार्थीहरूले उच्च शिक्षा हासिल गर्छन् भन्ने छैन । तसर्थ शिक्षाको उद्देश्य कामप्रति सम्मान बढाउनु, आत्मनिर्भर गराउनु, सहयोगी बनाउनु, संरक्षित बनाउनु, सहिष्णु बनाउने हुनुपर्छ । आधारभूत शिक्षाको प्रारम्भिक चरणमा प्रत्येक व्यक्तिलाई आवश्यक पर्ने स्वास्थ्य, पोषण, लुगा सफा राख्ने, घर सफाइ, विद्यालय सफाइ जस्ता पक्षमा बालबालिकाका शिक्षण क्रियाकलाप केन्द्रित गरिने छ ।

बालबालिकाहरूलाई पठनपाठनका सबै विषय र क्षेत्रहरूमा व्यावहारिक अनुभवका आधारमा सिक्न प्रोत्साहित गरिनेछ । विद्यार्थीहरूलाई स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको विकास गरेर पेसा, व्यापार, रोजगारतर्फ उन्मुख गराइने छ । परियोजना कार्य, कार्यक्षेत्रमा अवलोकन र काम गरेर सिक्ने, सामुदायिक कार्यजस्ता गतिविधिमा संलग्न गराइनुका साथै पेसासँग सम्बद्ध विषयवस्तुहरू समावेश गरिने छ । त्यस्तै व्यापार तथा व्यवसायसँग सम्बद्ध विषयहरू वृद्धि गरिने छ । यसप्रकारका समाविष्ट विषयवस्तुहरूलाई क्रमशः माथिल्ला कक्षाहरूमा समायोजन गर्दै लगिने छ । यसले व्यक्तिलाई कामको संसारसँग परिचित हुनसमेत मदत गर्ने छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्रअन्तर्गतका सबै कार्यक्रमहरू (माध्यमिक विद्यालयमा थप कार्यक्रम समेत) निरन्तरता दिने तथा माध्यमिक तहमा छुट्टै पाठ्यभार (extra credit) पेसासम्बन्धी अध्ययन गर्ने व्यवस्थाका लागि उपयुक्त नीति विकास गरिने छ । विद्यालयले राष्ट्रिय पाठ्यक्रमको प्रारूपका आधारमा स्थानीय आवश्यकतालाई ख्याल गरी व्यवसायिक विषयको छनोट गर्ने छ । निजी र गैरसरकारी क्षेत्रलाई विद्यालय छाडेका र अन्य विशेष चासो राख्ने युवायुवतीहरूलाई व्यवसायिक कार्यसम्बन्धी शिक्षण गर्न गराउने कार्यहरू उपयुक्त स्थानमा सञ्चालन गर्न प्रोत्साहित गरिने छ । वैदेशिक रोजगार/बजारको अवस्थालाई समेत सम्बोधन गर्ने गरी पाठ्यक्रमलाई व्यवस्थित गर्दै लगिने छ ।

### ३.३.१२ विद्यार्थी मूल्याङ्कनलाई उच्च स्थान

विद्यार्थी मूल्याङ्कनलाई उच्च स्थान दिइने छ । मूल्याङ्कनलाई विद्यार्थीको सिकाइसँग आबद्ध हुने गरी विकसित गरिने छ । यसरी मूल्याङ्कन गर्दा पाठ्यक्रममा आधारित विद्यार्थीको सक्षमतामा लक्षित हुने गरी गरिने छ । विद्यार्थी मूल्याङ्कनलाई विद्यालयमा आधारित हुने गरी व्यवस्थित गरिने छ र विद्यार्थी मूल्याङ्कनमा शिक्षकलाई जिम्मेवार बनाइने छ । विद्यार्थी मूल्याङ्कन दुईप्रकारको हुनेछ । पहिलो निर्माणात्मक र दोस्रो निर्णयात्मक । निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीको शैक्षिक उपलब्धिका अतिरिक्त विद्यार्थीका विशिष्ट व्यवहार, सीप प्रवृत्तिजस्ता गुणात्मक पक्षहरूको मूल्याङ्कनमा जोड दिनेछ ।

निर्णयात्मक मूल्याङ्कनले विशेष गरी कक्षोन्नति तथा तह वृद्धितर्फ जोड दिनेछ । निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा उदारकक्षोन्नतिलाई क्रमशः आधारभूत शिक्षाको कक्षा सात (७) सम्म लागू गरिने छ ।

### ३.३.१३ सहभागितामूलक पाठ्यक्रम विकास प्रक्रिया

पाठ्यक्रम विकास प्रक्रियालाई सहभागितामूलक बनाइने छ । पाठ्यक्रम विकासको प्रक्रियामा अभिभावक, शिक्षक, लैङ्गिक विशेषज्ञ, बालकेन्द्रित शिक्षण, विशेषज्ञ तथा सामुदायिक रूपमा पिछडिएका जनजाति, अपाङ्गता भएका, अल्पसङ्ख्यक जातजाति, दलित आदिको उच्च सहभागितालाई ध्यान दिइनुपर्छ । यसको मूल कारण पाठ्यक्रम पक्षपातरहित र सामाजिक समानतामा आधारित होस् भन्ने नै हो । पाठ्यपुस्तक र अरू शिक्षणसामगी निर्माण प्रक्रिया पनि यही सहभागितात्मक विधिबाट गरिनुपर्छ । पाठ्यक्रमको प्रारूप तयार गर्ने, लेख्ने तथा पुनरावलोकन गर्ने कार्य पनि साझेदारहरूको सहभागिताबाट गरिनुपर्छ । माथिका सम्पूर्ण प्रक्रियाहरूमा समाज, समुदाय, क्षेत्र, जिल्ला र समग्र राष्ट्रका सम्बद्ध साझेदारहरूका साथै विद्यार्थी, अभिभावक र शिक्षकहरू जो पाठ्यक्रमका वास्तविक कार्यान्वयन र उपभोगकर्ता हुन्, तिनलाई अनिवार्य र पर्याप्त मात्रामा सहभागी गराइने छ ।

### ३.३.१४ वैकल्पिक शिक्षा/दूर शिक्षा तथा खुला शिक्षा नीति

वैकल्पिक शिक्षा/दूर शिक्षा तथा खुला शिक्षा नीतिअनुरूप पाठ्यक्रम निर्माण गरिने छ । सबैलाई शिक्षाको अवसर प्रदान गर्न खुला शिक्षा प्रणालीलाई वैकल्पिक शिक्षाको रूपमा विकास गरिने छ । विद्यालय शिक्षालाई खुला शिक्षा प्रणालीमार्फत व्यापक गरिने छ । यस सन्दर्भमा सूचना तथा सञ्चार प्रविधि तथा स्व-सिकाइ सामग्रीहरू विकसित गरिने छ । त्यस्तै धार्मिक र शैक्षिक संस्थाहरू (जस्तैः गरुकुल, गुम्बा र मदरसा) लाई पनि शिक्षाको मूल प्रणालीमा ल्याइने छ । वैकल्पिक शिक्षा प्रणालीबाट शिक्षा आर्जन गरेका विद्यार्थीहरूलाई पनि शिक्षाको मूलधारमा समाहित गर्न उनीहरूलाई निश्चित मूल्याङ्कन प्रक्रियाद्वारा प्रमाण पत्र दिई मूलधारमा प्रवेश हुने व्यवस्था गरिने छ । त्यस्तै युवा तथा प्रौढ (औपचारिक शिक्षामा प्रवेश गर्न चाहने) लाई उपयुक्त मूल्याङ्कन प्रक्रियाबाट राष्ट्रिय शिक्षाको मूलधारमा ल्याउन उपयुक्त व्यवस्था गरिने छ ।

### ३.३.१५ नेपाली मूल्य र मान्यतामा आधारित पाठ्यक्रम विकास

नेपाली मूल्य र मान्यतामा आधारित पाठ्यक्रम विकासमा जोड दिइने छ । नेपालमा प्राचीनकालदेखि आफ्नै किसिमको विशिष्ट धर्म, संस्कृति, मूल्यमान्यता, परम्परा, कला, सौन्दर्य, आदर्शजस्ता वैशिष्टयहरू स्थापित हुँदै आएका छन् । व्यक्ति, समाज, राष्ट्र र विश्वपरिवेशका सन्दर्भमा यी वैशिष्टयहरूलाई बुझ्ने र समयसापेक्ष ढङ्गले सदुपयोग गर्ने, अनुशासन, शिष्टाचार, सदाचार, शान्ति, अहिंसा जस्ता मानवोचित सद्गुणहरूलाई बढाउन मदत गर्ने, आफ्नो देशको भूगोल, इतिहास, कलाकौशल तथा विशिष्टताको संरक्षण र संवर्द्धन गर्ने, आफ्नो राष्ट्रप्रति गौरव गर्ने र यसप्रकारका मौलिकतालाई विश्वव्यापी तुल्याउन मदत

गर्नेजस्ता सकारात्मक पक्षलाई सम्बोधन गर्ने गरी राष्ट्रिय चिन्तनमुखी जनशक्ति उत्पादन गर्नेतर्फ विशेष प्राथमिकता दिइने छ ।

### ३.३.१६ खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास

खोज तथा अनुसन्धानलाई पाठ्यक्रम विकास एवम् सुधारका अभिन्न अङ्गका रूपमा विकसित गरिने छ । पाठ्यक्रम विकास विशुद्ध प्राज्ञिक कार्य हो, मानव विकाससँग प्रत्यक्ष सरोकार राख्ने विषय हो । परिवर्तित समय, विकसित नवीनतम ज्ञान तथा सीप, प्रविधि, सूचना र सञ्चार तथा भूमण्डलीकरणको प्रभावलाई यथोचित मात्रामा पाठ्यक्रमले सम्बोधन गर्नुपर्ने हुन्छ । पाठ्यक्रमलाई समावेशी बनाउने, लचिलो बनाउने, बालमैत्री, लैङ्गिक मैत्री बनाउने कार्य पनि सहज छैनन् । निरन्तर रूपमा नयाँनयाँ अनुसन्धान गरी परिवर्तन, परिमार्जन एवं स्तरीयता प्रदान गर्नुपर्ने हुन्छ । अझ विद्यार्थीका समस्या पहिचान, शिक्षणसिकाइ क्रियाकलापका समस्या पहिचान, विद्यार्थीको आवश्यकता, रुचि आदिको खोजी गरी शिक्षणसिकाइ क्रियाकलापमा विद्यार्थीको उपलब्धिमा निरन्तररूपमा प्रयास गरी उपचारात्मक, प्रवर्द्धनात्मक, सुधारात्मक सेवा तथा सुविधासमेत उपलब्ध गराउनुपर्ने हुन्छ । यी सबै कार्यले अनुसन्धान र अन्य प्रवर्द्धनात्मक क्रियाकलापको खोजी गर्ने भएकाले पाठ्यक्रम निर्माण, पाठ्यक्रमसम्बद्ध सामग्री निर्माण र तिनको प्रभावकारी कार्यान्वयनमा खोज तथा अनुसन्धान कार्यलाई अभिन्न अङ्गका रूपमा विकास गरिने छ । यसले पहुँच, गुणस्तरीयता, सान्दर्भिकता र प्रभावकारितामा समेत सकारात्मक प्रभाव पर्न जाने हुँदा अनुसन्धानलाई बढावा गर्ने गरी पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध सामग्री विकासमा प्राथमिकता दिने छ । यसका लागि शिक्षकलाई खोजमुखी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्ने गरी सक्षम तुल्याइने छ ।

### ३.३.१७ शिक्षणसिकाइ क्रियाकलाप पाठ्यक्रमसम्बद्ध गतिविधि

शिक्षणसिकाइ क्रियाकलाप पाठ्यक्रम सम्बद्ध गतिविधिको महत्त्वपूर्ण अङ्ग हुने छ । शिक्षणसिकाइ क्रियाकलापलाई, खोजमुखी, अन्तरक्रियात्मक, प्रवर्द्धनात्मक हुने गरी सञ्चालन गर्नमा जोड दिइने छ । विद्यार्थीलाई सिकाइका लागि अभिप्रेरित गर्न परियोजना कार्य, घटना अध्ययन अवलोकनजस्ता पक्षहरूलाई जोड दिइने छ । यसप्रकारको शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्षम हुने गरी शिक्षक तयारी गर्नमा विशेष ध्यान दिइने छ ।

### ३.३.१८ विद्यालय शिक्षा र गुणस्तर मानक

विद्यालय शिक्षासम्बन्धी राष्ट्रिय मानक तयार गरिने छ । विद्यालय शिक्षासम्बन्धी राष्ट्रिय मानक निर्धारण गरिने छ । राष्ट्रिय मानकका आधारमा जिल्ला तथा विद्यालयस्तरमा समेत मानक तयार गरी पाठ्यक्रम सम्बद्ध गतिविधि सञ्चालन गर्नमा जिम्मेवार बनाइने छ।

# भाग – चार

# विद्यालय शिक्षाका उद्देश्यहरू, पाठ्यक्रम संरचना र विद्यार्थी मूल्याङ्कन एवम् अन्य पाठ्यक्रमसम्बद्ध नीतिहरू

यस भागमा भाग तीनमा उल्लिखित शिक्षाका राष्ट्रिय उद्देश्यहरू, विद्यालय शिक्षाको दृष्टिकोण र पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधारहरूसमेतका आधारमा विद्यालय शिक्षाका उद्देश्यहरू, पाठ्यक्रम संरचना र विद्यार्थी मूल्याङ्कन नीति प्रस्तुत गरिएको छ ।

## ४.१ विद्यालय शिक्षाको संरचना

शिक्षाको राष्ट्रिय नीति, अन्तर्राष्ट्रिय अभ्यास र परिवर्तित सन्दर्भमा नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको हुने छ । विद्यालय शिक्षा अवधि बाह्र वर्षको हुने छ । आधारभूत तहको शिक्षा प्राप्त गर्ने हक प्रत्येक नागरिकलाई हुने छ । यस संरचनाअनुसार आधारभूत तह कक्षा एकदेखि कक्षा आठसम्म र माध्यमिक तह कक्षा नौदेखि कक्षा बाह्र सम्मको हुने छ । आधारभूत शिक्षापूर्व दुई वर्षको बालविकास शिक्षाको व्यवस्था  पनि रहने छ ।

## ४.२ तहगत उमेर समूह

विद्यालय शिक्षाका विभिन्न तहका विद्यार्थीहरूको तहगत उमेर समूह देहायअनुसार हुने छ :

- बाल विकास शिक्षाको उमेर समूह ३-५ वर्षको हुने छ ।
- ५ वर्ष पूरा भई १३ वर्ष सम्मका बालबालिकाहरूको उमेर समूह आधारभूत शिक्षाको उमेर समूह हुने छ ।
- १३ वर्ष पूरा भई १८ वर्षसम्मका बालबालिकाहरूको उमेर समूह माध्यमिक शिक्षाको उमेर समूह हुने छ ।

## ४.३ विद्यालय शिक्षाका तहगत उद्देश्यहरू

विद्यालय शिक्षाका तहगत उद्देश्यहरू यसप्रकार हुने छन् :

### ४.३.१ बालविकास शिक्षाका उद्देश्यहरू

आधारभूत तहमा बालबालिकाको सरल समायोजनका लागि उनीहरूलाई सम्पूर्ण (शारीरिक तथा मनोवैज्ञानिक) रूपले तयार पार्नु बालविकास शिक्षाको प्रमुख उद्देश्य हो । विशेष गरी बालविकास शिक्षाका अन्य उद्देश्यहरू निम्नानुसार हुने छन् :

१. शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक सिर्जनात्मक पक्षको विकासका लागि अवसर प्रदान गर्नु
२. सफासुग्घर रहने बानीको विकास गर्नु
३. सामाजिक मूल्यअनुरूप व्यवहार गर्ने बानीको विकास गर्नु
४. विद्यालयप्रति सकारात्मक धारणा र व्यवहारको विकास गर्नु
५. आधारभूत शिक्षाका लागि तयार पार्नु

### ४.३.२ आधारभूत शिक्षाका उद्देश्यहरू (कक्षा १–८)

आधारभूत शिक्षाको मुख्य उद्देश्य विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नु हो । यसको मूल उद्देश्य राष्ट्र र लोकतन्त्रमा विश्वास गर्ने, सामाजिक र प्राकृतिक वातावरण एवम् आफ्नो जिम्मेवारीप्रति सचेत नागरिक उत्पादन गर्नु हो । यो तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचारहरू आदानप्रदान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, स्वस्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन् । आधारभूत शिक्षाका उद्देश्यहरू निम्नबमोजिम हुनेछन् :

१. लोकतान्त्रिक मूल्य र मान्यता एवम् राष्ट्रियताप्रति सकारात्मक भावनाको विकास गर्नु
२. नेपाली इतिहास, समाज र सांस्कृतिक विविधताका बारेमा आधारभूत ज्ञानको विकास गर्नु
३. व्यक्तिगत अभिव्यक्ति र सञ्चारका लागि भाषाहरू (मातृभाषा, नेपाली, अङ्ग्रेजी) को सामान्य ज्ञान र सीपको विकास गर्नु
४. विज्ञान, गणित, वातावरण, स्वास्थ्य, सूचना प्रविधि, जीवनोपयोगी सीपसम्बन्धी आधारभूत ज्ञानको विकास गर्नु
५. आपसी सद्भाव, अनुशासन, नैतिकता, सामाजिक शिष्टाचार, सहयोगीपन, इमानदारीजस्ता व्यक्तिगत र सामाजिक गुणको विकास गर्नु

६. सिर्जनात्मक तथा अभिव्यक्तिशील सीप विकास गर्नु

७. बालबालिकाहरूलाई बालअधिकार र मानवअधिकारको महत्त्वबारे सचेत गराउनु

८. बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकास गरी सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु

९. समस्या समाधन, रचनात्मक सोचाइ, निर्णय गर्ने, व्यक्तिगत सरसफाइ र समूहमा काम गर्ने जस्ता जीवनपयोगी सीपको विकास गर्नु

१०. नागरिक चेतनाको विकास गर्नु

११. सांस्कृतिक विभिन्नताप्रति सम्मान गर्दै सांस्कृतिक विविधता, मूल्यमान्यता र परम्पराप्रति उत्सुकता वृद्धि गर्नु

१२. जात, जाति, धर्म, भाषा, वर्ग एवम् अक्षमता र छुवाछुत जस्ता विभेदप्रति हुने भेदभाव विरुद्ध सचेत भई तदनुरूपको आचरण गर्न र समावेशी समाजको निर्माणमा सहयोग गर्नु

१३. कामप्रति सकारात्मक दृष्टिकोण र श्रमप्रति सम्मान गर्ने भावनाको विकास गर्नु

१४. स्थानीय व्यवसाय एवम् रोजगारीका विषयमा जानकारी लिन/दिन र चिन्तन गर्ने बानीको विकास गर्नु

### ४.३.३ माध्यमिक शिक्षाका उद्देश्यहरू (कक्षा ९–१२)

राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमताअनुरूप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो । माध्यमिक शिक्षाका उद्देश्यहरू निम्नलिखित हुने छन् :

१. देशको बहुसांस्कृतिक र लोकतान्त्रिक मूल्यमान्यताप्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्नु

२. राष्ट्र विकासका लागि सक्षम, आत्मनिर्भर, सीपमूलक र तालिमप्राप्त मानव स्रोत उत्पादन गर्नु

३. इमानदारी, आत्मनिर्भरता, रचनात्मकता, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेहिता, आत्मविश्वास जस्ता गुणको विकास गर्नु

४. दैनिक क्रियाकलाप र सामाजिक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक क्षमताको विकास गर्नु

५. दैनिक जीवनका समस्या समाधानका लागि उपयुक्त ज्ञान विकास गर्नु

६. राष्ट्रिय विकासका लागि राष्ट्रिय एकता सौहार्द र शान्ति कायम गर्न जातीय र सांस्कृतिक विविधताको महत्त्व गराउन राष्ट्रिय इतिहास, संस्कृति, भूगोल, अर्थशास्त्र, वातावरणसँग परिचित गराउनु

७. प्राविधिक र व्यवसायिक सीप विकास गर्नु र श्रमप्रति सम्मान गर्न सिकाउनु

८. आत्मनिर्भर हुन जीवन निर्वाहका लागि आयआर्जन गर्न सक्ने क्षमता र सामान्य व्यावसायिक सीपको विकास गर्नु

९. मानवअधिकार, सामाजिक न्याय, लोकतन्त्रको मर्म र भावना बुझी सोअनुसार अभ्यास गर्नु

१०. लिङ्ग, अपाङ्गता, सामाजिक, आर्थिक, भौगोलिक, जातीय र सांस्कृतिक विविधताका आधारमा हुने वैयक्तिक विभिन्नताको सम्मान गर्ने र जातजाति, छुवाछुत जस्ता सामाजिक कुरीतिहरूप्रति सचेत रही समावेशी समाज निर्माणमा सक्रिय रहनु

११. रचनात्मक ज्ञान र सीपको विकास गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय चुनौतीहरूको सामना गर्न स्वतन्त्रता, समालोचनात्मक सोचाइ, विश्लेषणात्मक सीपको विकास गर्नु

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता आर्जन गर्नु

## ४.४ विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

यस खण्डमा प्रस्तुत गरिएका विद्यालय शिक्षाको पाठ्यक्रम संरचना लचिलो हुने गरी प्रस्तुत गरिएको छ। यसप्रकारको व्यवस्थाले विद्यालय शिक्षाको विकेन्द्रीकरण, विद्यालयबाहिर विभिन्न प्रकृतिका शिक्षा (गुरुकुल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा) को मूलप्रवाहीकरण र रोजगारमुखी पक्षलाई सम्बोधन गर्ने छ।

### ४.४.१ आधारभूत तह

आधारभूत तहको पाठ्यक्रम प्रारूप तीन चरणमा हुने गरी प्रस्तुत गरिएको छ :

१. प्रथम चरणअन्तर्गत कक्षा १, २ र ३

२. दोस्रो चरणअन्तर्गत कक्षा ४ र ५

३. तेस्रो चरणअन्तर्गत कक्षा ६, ७ र ८

यिनै चरणहरूका आधारमा बालबालिकाको विकासात्मक अवस्थाहरूलाई आधार मानी उनीहरूमा विशिष्ट ज्ञान, सीप र मूल्यहरूको विकास गर्न निम्नानुसार प्रमुख सिकाइका क्षेत्रहरू समावेश गरिने छन् :

- भाषाहरू : मातृभाषा, नेपाली र अङ्ग्रेजी
- गणित
- सिर्जनात्मक कला

- विज्ञान : साधारण विज्ञान, वातावरण शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा
- सामाजिक अध्ययन
- स्थानीय आवश्यकतामा आधारित शिक्षा

पहिलो चरण (कक्षा १-३) को उद्देश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने र आधारभूत साक्षरता, हिसाबसम्बन्धी ज्ञान तथा जीवनोपयोगी सीपहरूका साथै व्यक्तिगत स्वास्थ्यसम्बन्धी बानीहरू र स्वस्थ बानीको विकास गर्ने अवसर प्रदान गर्ने हुने छ । उनीहरू आफू रहेको वातावरणसँग पनि परिचित हुने छन् । यस तहको पाठ्यक्रम धेरै बोझिलो नहुने गरी एकीकृत रूपमा विकसित गरिने छ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् ।

दोस्रो चरण (कक्षा ४-५) को उद्देश्य सिकाइका विभिन्न क्षेत्रहरू र जीवनका लागि आवश्यक सीपहरूका माध्यमबाट बालबालिकामा ज्ञान, सीप, व्यवहार र मूल्यहरूको विकास गर्न अवसर प्रदान गर्नु हुने छ । यस चरणमा धेरै बोझिलो नहुने गरी एकीकृत रूपमा क्रियाकलापमुखी पाठ्यक्रम विकास गरिने छ । यस चरणमा विषयगत संरचना हुने छैन । यस तहमा सिकाइका क्षेत्रहरू गणित, सिर्जनात्मक कला, विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा, भाषा र सामाजिक अध्ययन हुने छन् । विज्ञान, स्वास्थ्य र सामाजिक अध्ययनजस्ता विषयहरूको शिक्षण एकीकृत गरी स्थानीय परिवेशमा आधारित पाठ्यक्रमद्वारा बालबालिकामा प्रयोगात्मक सिकाइ प्रदान गर्ने कार्यमा केन्द्रित हुने छ । यसैगरी अन्य विषयहरूसँग सूचना तथा सञ्चार प्रविधिको ज्ञान पनि समाहित हुने छ । सबै विषयहरूमा उपयोगी रूपमा विषयवस्तु र शिक्षण विधिका समायोजनद्वारा जीवनोपयोगी सीपहरूमा जोड दिइने छ । दोस्रो चरणका आधारभूत शिक्षाका माथि प्रस्तुत सिकाइ विषयक्षेत्रअनुसार पाठ्यक्रमको विषयगत संरचना निम्नानुसार हुने गरी व्यवस्थित गरिने छ :

**अनिवार्य विषय**

१. नेपाली
२. गणित
३. अङ्ग्रेजी
४. सामाजिक अध्ययन

दुईओटा थप विषय विद्यालयले आ-आफ्नो आवश्यकतानुसार छनोट गर्न सक्नेछन् ।

आधारभूत शिक्षाको पहिलो र दोस्रो चरणअन्तर्गत व्यवस्थित माथिका विषयक्षेत्रहरूलाई विषयवस्तुको भार कम हुने गरी एकीकृत ढाँचामा थोरै पुस्तक हुने गरी पठनपाठन गर्ने नीति अवलम्बन गरिने छ । यसका लागि बुँदा नं. १ देखि ४ सम्मका विषयक्षेत्रहरूलाई छुट्टै विषयगत पहिचान हुने गरी व्यवस्थित गरिने छ ।

विद्यमान पाठ्यक्रममा व्यवस्था भएका विज्ञान, वातावरण, स्वास्थ्य र शारीरिक शिक्षा एवम् सिर्जनात्मक कला विषयलाई सामाजिक अध्ययनमा एकीकृत गरिने छ । बुँदा नं. ५ र ६ का सम्बन्धमा दुई विषय ऐच्छिक विषयका रूपमा आ-आफ्नो आवश्यकतानुसार मातृभाषा, स्थानीय विषय, पेसा वा व्यवसायसम्बद्ध विषय वा अन्य कुनै छनोट गरी पठनपाठनको व्यवस्था गर्नुपर्ने छ ।

तेस्रो चरण (कक्षा ६-८) मा विद्यार्थीहरूलाई माथि उल्लेख गरेबमोजिमका सिकाइ क्षेत्रहरू नै प्रदान गरिने छ । तथापि स्थानीय आवश्यकतामा आधारित शिक्षणसिकाइको भिन्न विषयको रूपमा देखा पर्ने छ । उदाहरणका लागि स्थानीय आवश्यकतामा आधारित अध्ययनअन्तर्गत विद्यार्थीहरूलाईः मातृभाषा वा सूचना तथा सञ्चार प्रविधि वा अन्य व्यवहारिक जीवनसँग सम्बन्धित विविध क्षेत्रहरू (पशुपालन, पन्छीपालन, बागवानी, कृषि विज्ञान र कम्प्युटर शिक्षा जस्ता विषयहरू) मध्ये छानेर अध्ययन गर्ने अवसर प्राप्त हुने छ । साधारण जीवनका लागि आवश्यक सीपहरू (जस्तै : अन्तरवैयक्तिक सीपहरू, स्वसचेतना सीपहरू, आलोचनात्मक तथा सिर्जनात्मक सोचाइका सीपहरू, निर्णय गर्ने सीपहरू र द्वन्द्व तथा तनाव व्यवस्थापनसम्बन्धी सीपहरू) समावेश गरी मिश्रित एवम् एकीकृत पाठ्यक्रम दृष्टिकोणका माध्यमद्वारा पाठ्यक्रम विकास गरिने छ । यसप्रकार व्यवस्थित हुने तेस्रो चरणअन्तर्गतको विषयगत संरचना निम्नानुसार हुने छ :

**अनिवार्य विषयहरू**

१. नेपाली

२. अङ्ग्रेजी

३. गणित

४. सामाजिक अध्ययन (जनसङ्ख्या र नागरिक तथा नैतिक शिक्षासमेत)

५. विज्ञान (स्वास्थ्य र शारीरिक, वातावरण शिक्षासमेत)

**ऐच्छिक**

६. मातृभाषा/संस्कृत/अन्य

७. स्थानीय विषय (पेसा, व्यापार, व्यवसाय तथा अन्य)

सङ्गठित संस्थाहरूबाट सञ्चालित शिक्षा पद्धतिमा माथि उल्लिखित बुँदा नं. ५ सम्मका विषयहरू अनिवार्य हुने छन् । बाँकी दुई विषय ऐच्छिक (२०० पूर्णाङ्क) सम्बद्ध संस्थाअनुकूल राख्न सकिने छ । यस खालको व्यवस्थाले सङ्गठित संस्थाबाट सञ्चालित शिक्षालाई राष्ट्रिय मूलप्रवाहीकरण गर्न यथेष्ट मदत पुग्न जाने देखिन्छ । यस प्रकारले प्रस्तावित गरेको प्राथमिक तहको विषयक्षेत्रबाट विद्यालय बाहिरका सङ्गठित शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदिमा सञ्चालित) लाई समेत मूलप्रवाहीकरण हुनेछ ।

### ४.४.२ माध्यमिक तह

यस तहको (कक्षा ९-१२) पाठ्यक्रम एकल पथ उन्मुख हुने छ । यस तहको शिक्षा साधारण र व्यावसायिक/प्राविधिक गरी दुई धारमा व्यवस्थित हुने छ । साधारण शिक्षातर्फ सिकाइका प्रमुख विषय क्षेत्र देहायबमोजिम हुने छ :

- भाषा
- विज्ञान
- गणित
- सामाजिक विज्ञान
- पेसा, व्यापार, व्यवसाय

थप सम्भाव्य विषय क्षेत्र अनुसूची ८ मा दिएको छ ।

व्यावसायिक/प्राविधिक धारअन्तर्गत कृषि, वनविज्ञान, इन्जिनियरिङ, चिकित्सा विधाजस्ता अध्ययनका विषय क्षेत्र रहने छन् । यसप्रकारको संरचनालाई व्यवस्थित गर्ने काम उच्चस्तरीय आयोग कार्यदल गठन गरी विशेष अध्ययन तथा पृष्ठपोषणका आधारमा गरिने छ ।

## ४.५ मूल्याङ्कन

यस खण्डमा विद्यार्थी मूल्याङ्कनको पथप्रदर्शनका सिद्धान्तहरू, मूल्याङ्कन प्रणाली एवम् समावेशी मूल्याङ्कन प्रणालीको रूपरेखा प्रस्तुत गरिएको छ । यी व्यवस्थाहरूलाई एक कार्ययोजना बनाई कार्यनिर्देशिका तयार गरी परीक्षण र पृष्ठपोषणका आधारमा कार्यान्वयन गर्दै पाठ्यक्रमले अपेक्षा गरेअनुसारका उपलब्धिहरू प्राप्त गर्ने व्यवस्था गरिने छ ।

### (क) विद्यार्थी मूल्याङ्कन नीति

विद्यार्थी मूल्याङ्कन निर्णयात्मक र निर्माणात्मक गरी दुई प्रकारबाट गरिने छ । विद्यार्थीको मूल्याङ्कन गर्दा देहायका नीतिहरू अवलम्बन गरिने छ :

- सबै तह तथा कक्षाहरूमा औपचारिक एवम् अनौपचारिक मूल्याङ्कन विधि प्रयोग गरी आन्तरिक तथा बाह्य मूल्याङ्कन प्रक्रिया अवलम्बन गरिने छ ।

- विद्यार्थी मूल्याङ्कन गर्दा कक्षाकार्य, योजनाकार्य, सामुदायिक कार्य, एकाइ परीक्षा, उपलब्धि परीक्षा, त्रैमासिक परीक्षा, अवलोकन, रचनात्मक तथा प्रवर्द्धनात्मक कार्य जस्ता साधन तरिका प्रयोगमा ल्याइने छ ।
- विद्यार्थीको उपलब्धिको प्रमाणीकरण गर्न वा कक्षा चढाउन निर्णयात्मक मूल्याङ्कन गरिने छ ।
- उपचारात्मक प्रावधान राखी गुणस्तर निश्चित गरेर आधारभूत शिक्षामा (कक्षा १ देखि कक्षा ७ सम्म) उदार कक्षोन्नतिको व्यवस्था क्रमिक रूपमा लागू गरिने छ । यसप्रकारको व्यवस्था भए तापनि कक्षा ५ को अन्त्यमा निश्चित शैक्षिक मापन गरी गुणस्तर कायम गर्न स्रोत केन्द्र तहमा परीक्षा लिइने छ ।
- विद्यार्थीले कक्षागत सिकाइ उपलब्धिहरू पूरा गरेनगरेको, उनीहरूको व्यवहार, प्रवृत्ति, क्षमता, सीपमा अपेक्षित परिवर्तन आएनआएको र शिक्षणसिकाइ क्रियाकलापलाई निरन्तर पृष्ठपोषण प्राप्त गरे नगरेको निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिमा जोड दिइने छ ।
- विद्यार्थीको आन्तरिक मूल्याङ्कन विद्यालयमा आधारित हुने छ ।
- विद्यालय, स्रोतकेन्द्र, जिल्लास्तर, क्षेत्रस्तर र राष्ट्रियस्तरमा निर्णयात्मक मूल्याङ्कन सञ्चालन गर्न सम्बद्ध विद्यालय, स्रोतकेन्द्र, जिल्ला, क्षेत्र र केन्द्रीय स्तरका निकायलाई जिम्मेवार बनाइने छ ।
- विभिन्न तहका विभिन्न विषयमा विद्यालयीय शिक्षाको निश्चित तह र उपलब्धिको न्यूनतम स्तर निर्धारण गर्न स्तरीय परीक्षाहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।
- आधारभूत कक्षा ८ को अन्त्यमा जिल्लास्तरीय, माध्यमिक तह (कक्षा १०) को अन्त्यमा क्षेत्रस्तरीय र माध्यमिक दोस्रो चरण (कक्षा १२) को अन्त्यमा राष्ट्रिय परीक्षा सञ्चालन गरिने छ । यी परीक्षाहरूको आन्तरिक मूल्याङ्कनका लागि अङ्कभार १-५, ६-८, ९-१० र ११-१२ कक्षामा क्रमशः ६०%, ४०%, २५% र २० % हुने छ ।
- सबै तह र कक्षामा आन्तरिक बाह्य दुवै परीक्षाको उत्तीर्णाङ्क ४०% हुने छ ।
- ५, ८, १० र १२ कक्षामा सबै बाह्य परीक्षाहरूको अङ्कको भार क्रमश : ४०%, ६०%, ७५% र ८०% हुने छ, तर पर्याप्त अभ्यास गर्नुपर्ने व्यावसायिक प्रकृतिका विषयहरूको हकमा विद्यालयकेन्द्रित २५ प्रतिशत आन्तरिक मूल्याङ्कनबाहेक पनि थप प्रयोगात्मक परीक्षाका लागि अङ्कभारको व्यवस्था गर्न सकिने छ ।
- विद्यमान एसएलसी परीक्षामा सबै विषयमा अनिवार्यरूपमा उत्तीर्ण हुनुपर्ने प्रावधानलाई संशोधन गरी प्रमुख (core) ५ विषयमा उत्तीर्ण हुने विद्यार्थीलाई उत्तीर्ण गर्ने प्रावधानको व्यवस्था गरिने छ ।
- विद्यार्थीहरूको विद्यमान औपचारिक परीक्षा प्रणालीमा आधारित मूल्याङ्कन व्यवस्थाले विद्यार्थीको चौतर्फी क्षमताको विकास गर्न नसकेको देखिन्छ । यस पक्षलाई सम्बोधन गर्न अक्षराङ्क मूल्याङ्कन पद्धतितर्फको उन्मुखता आवश्यक देखिन्छ । यस पद्धतिलाई स्थापित गर्न अध्ययन र छलफलपछि आवश्यक निर्णय लिइने छ ।

### (ख) विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि मूल्याङ्कन नीति

विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि समाहित मूल्याङ्कन नीति निर्माणका लागि सरकारले तल लेखिएअनुसारका मापदण्डहरू अपनाउने छ :

- दृष्टि क्षमता कमजोर, न्यून दृष्टि क्षमता र दृष्टिविहीन विद्यार्थीहरूका लागि छुट्टै व्यवस्था गरिने छ ।
- न्यून दृष्टि क्षमता भएका विद्यार्थीका लागि प्रश्नपत्रको प्रिन्ट ठूलो साइजमा छपाइ गर्ने, अतिरिक्त प्रकाश भएको परीक्षा भवनमा राख्ने र मनासिब अतिरिक्त समय प्रदान गरिने छ ।
- ब्रेल लिपिमा पढ्न र लेख्न सक्ने दृष्टि शक्ति कमजोर भएका विद्यार्थीहरूका लागि भने ब्रेलस्क्रिप्टमा प्रश्नपत्र तयार गर्ने र उत्तरपुस्तिका पनि ब्रेल लिपिमा नै तयार गर्ने व्यवस्था हुनेछ । ब्रेल लिपिमा लेख्ने विद्यार्थीहरूलाई मनासिव अतिरिक्त समय दिइने छ ।
- ब्रेल लिपिमा प्रश्नपत्र तथा उत्तरपुस्तिकाको विकल्पको रूपमा प्रश्नपत्र र उत्तर टेपमा रेकर्ड गर्ने व्यवस्था गर्न सकिने छ । यस्तो अवस्थामा विद्यार्थीहरूलाई सामान्य रूपमा बढी समय दिइने छ जसले गर्दा उनीहरूले टेप रेकर्डमा उत्तर सच्याउन सक्ने अवसर प्राप्त हुने छ ।
- दृष्टिशक्ति कमजोर भएका विद्यार्थीहरूका लागि दृष्टि भएका व्यक्तिले लेखिदिने व्यवस्था गर्दा प्रयोगात्मक विषयहरूका हकमा वैकल्पिक व्यवस्था अपनाउन सकिने छ । त्यस्तै चित्रात्मक विवरणहरू, ज्यामिति, भूगोल तथा शारीरिक जस्ता विषयहरूका लागि अन्य आवश्यक व्यवस्था गरिने छ ।
- कमजोर सुनाइ भएका विद्यार्थीहरूका लागि लचिलो नीति अपनाइने छ ।
- शारीरिक रूपमा कमजोर भएका विद्यार्थीहरूका लागि परीक्षा भवनमा सुविधाजनक बसाइ व्यवस्थापन गरिने छ ।
- विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई परीक्षाबाहेकको अन्य वैकल्पिक व्यवस्था गरिने छ ।

### (ग) पाठ्यक्रम मूल्याङ्कन

परिवर्तित समय र परिवेशअनुसार देशको सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक विकासका लागि नागरिक तयार गर्नु पाठ्यक्रमको कार्य हो । यसका लागि पाठ्यक्रम मूल्याङ्कन पद्धतिको विकास गरिने छ । पाठ्यक्रमको मूल्याङ्कन गर्दा तल लेखिएअनुसारका नीति अवलम्वन गरिने छ :

- पाठ्यक्रम प्रभावकारी हुन सकेनसकेको
- उत्पादित जनशक्तिले स्वदेशी तथा वैदेशिक अवसरहरू प्राप्त गर्न सकेनसकेको
- उच्च शिक्षाका लागि आवश्यक जनशक्ति तयार भएनभएको र
- विश्वव्यापीकरणको गतिअनुसारको जनशक्ति तयार भएनभएको

उपर्युक्तानुसारका पक्षहरू समेतलाई विचार गरी प्रत्येक ५ वर्षमा पाठ्यक्रमको बृहत् मूल्याङ्कन गरिने छ ।

## ४.६ अन्य सम्बद्ध पक्ष

### ४.६.१ रोजगारमुखी शिक्षा

विद्यालय शिक्षाले रोजगारमुखी जनशक्ति उत्पादन गर्नेतर्फ पनि विशिष्ट ध्यान दिने छ। यसका लागि निम्नानुसारको व्यवस्था गरिने छ :

- विद्यालय शिक्षाको संरचनाभित्र रुचिअनुसारका विषयहरू छनोट गर्न सकिने व्यवस्था गरिने छ।
- रोजगारप्रति सचेत विद्यार्थी तयार पार्न प्राविधिक तथा व्यावसायिक शिक्षाका मूलभूत मूल्यमान्यतालाई प्रवर्द्धन गरी साधारण शिक्षाका विभिन्न विषयहरूमा क्रमशः समावेश गरिने छ।
- निश्चित तहको विद्यालय शिक्षा पूरा गरेका र विभिन्न निकायबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हासिल गरेका एक अर्को शिक्षाको धारमा प्रवेश गर्न इच्छुक व्यक्तिलाई सेतु पाठ्यांशहरूको व्यवस्था गरी एकअर्कामा प्रवेश गर्ने अवसर खुला गरिने छ।
- खुला शिक्षण पद्धतिको माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गरिने छ।

### ४.६.२ शिक्षक शिक्षा

विद्यालय शिक्षाको सफल कार्यान्वयनको प्रमुख जिम्मेवार व्यक्ति शिक्षक हो । यसका लागि देहायका नीतिगत व्यवस्था गरी शिक्षक व्यवस्थापनलाई गुणस्तरीय बनाइने छ :

- शिक्षण पेसालाई सम्मानित एवम् मर्यादित पेसाका रूपमा विकसित गरिने छ।
- यो प्रारूप कार्यान्वयनमा जाँदा शिक्षक शिक्षालाई पनि व्यवस्थित गर्ने नीति अवलम्बन गरिने छ।
- विद्यालय तहको शिक्षाका लागि शिक्षक अनिवार्य रूपमा तालिम प्राप्त हुनुपर्ने छ।
- आधारभूत शिक्षण गर्ने शिक्षकका लागि न्यूनतम योग्यता प्रमाणपत्र तह वा सोसरहको हुने छ।
- माध्यमिक तहको शिक्षकका लागि न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर तह वा सोसरह हुने छ।
- योग्यता अभिवृद्धि गरिने छ।
- पेसागत तालिमलाई स्तरीय, व्यवस्थित एवम् मागमा आधारित हुने गरी सञ्चालन गरिने छ।
- शिक्षक तालिमलाई प्रयोगमुखी (व्यावहारिक) बनाइने छ।
- शिक्षक सहयोग कार्यक्रम, पेसागत सहयोग, सरसल्लाह पद्धतिलाई कार्यमूलक बनाई विद्यालयमा आधारित पेसागत सहयोग कार्यक्रमलाई कार्यान्वयनमा ल्याइने छ।
- शिक्षक शिक्षालाई पुनरसंरचित गरी बहुविषय शिक्षण गर्न सक्ने गरी व्यवस्थित गरिने छ।
- शिक्षण अध्यापन अनुमति पत्रको व्यवस्थालाई गुणस्तरीय बनाई अनिवार्य गरिने छ।
- निश्चित मापदण्डका आधारमा तहगत प्रधानाध्यापकको व्यवस्था गरी शैक्षिक नेतृत्व लिन सक्ने गरी सुदृढ गरिने छ।

### ४.६.३ शिक्षणसिकाइ क्रियाकलाप र सामग्री

पाठ्यक्रम प्रारूप कार्यान्वयनमा लैजान मूलत : शिक्षणसिकाइ क्रियाकलाप र सामग्रीको प्रयोगमा जोड दिइने छ । यसका लागि :

- खोजमुखी, अन्तरक्रियात्मक तथा प्रवर्द्धनात्मक शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा जोड दिइने छ ।
- स्थानीय वातावरण (सामाजिक, आर्थिक र सांस्कृतिक) परियोजनामुखी शिक्षणसिकाइ क्रियाकलापलाई प्राथमिकता दिइने छ ।
- प्रयोगात्मक कार्य सञ्चालनलाई शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा स्थापित गरिने छ ।
- सामुदायिक कार्य, घटना अध्ययन, अवलोकन आदिका माध्यमबाट समस्या समाधान गर्ने खालका शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिने छ ।
- प्रत्येक विषयको शिक्षणसिकाइ क्रियाकलापमा सिकाइलाई व्यवसायमूलक तथा रोजगारमूलक ज्ञान, सीप एवम् दक्षतासँग परिचित गराउने गतिविधि समावेश गरी श्रमप्रति सकारात्मक भावनाको विकास गर्ने क्रियाकलापसमेत सञ्चालनतर्फ प्राथमिकता दिइने छ ।
- शैक्षिक सामग्रीको निर्माण र वितरण कार्यलाई व्यवस्थित गरिने छ ।
- शिक्षणसिकाइ क्रियाकलाप, शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा समावेशी नीतिको अवलम्बन गरिने छ ।
- स्थानीय स्रोतको परिचालनमा विशेष जोड दिइने छ ।
- अतिरिक्त/सह क्रियाकलापलाई शिक्षणसिकाइ क्रियाकलापसँग आबद्ध गरी विद्यार्थीको चौतर्फी विकासमा विशिष्ट ध्यान दिइने छ ।
- विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई शिक्षणसिकाइ क्रियाकलाप भएको कठिनाइ कम गरी पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइउपलब्धि हासिल गराउन आवश्यकतानुसार थप सहयोग प्रदान गरिने छ ।
- विद्यालय पठनपाठनको निश्चित समय घण्टा अनिवार्य रूपमा अतिरिक्त क्रियाकलापका लागि छुट्याई व्यवस्थित गरिने छ ।
- पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक वार्षिक कार्य दिन/कार्य घण्टा नेपालको भौगोलिक अवस्थिति एवम् अन्य देशको अभ्याससमेतका आधारमा व्यवस्थित गरिने छ ।
- विद्यालयमा विद्यार्थी सेवा तथा सरसल्लाह पद्धतिको विकास गरी विद्यालय आएका, आउन नसकेका र शैक्षिक समस्या भएका वालवलिकाहरूलाई आवश्यकतानुसार परामर्श सेवा प्रदान गरिने छ ।

### ४.६.४ पाठ्यपुस्तक

पाठ्यपुस्तक विकास, उत्पादन तथा वितरण सम्बन्धमा तल लेखिए अनुसारका नीतिगत व्यवस्था गरिने छः

- विद्यालय शिक्षालाई व्यवस्थित गर्न विद्यार्थीकेन्द्रित पाठ्यपुस्तक विकासमा जोड दिइने छ
- विद्यार्थीको रुचि, क्षमता, सिकाइको गति, पाठ्यपुस्तकको सर्वसुलभतालाई समेत ध्यान दिई राष्ट्रिय पाठ्यक्रम प्रारूपको खाकाभित्र रही बहुपाठ्यपुस्तक विकास एवम् प्रयोग नीति अपनाइने छ
- पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसार राष्ट्रिय स्वरूपको नमुना पाठ्यपुस्तकको मुद्रणीय प्रति (सि. आर. सी.) तयार पार्ने छ
- विद्यालय शिक्षाका पाठ्यपुस्तकहरूको विकास, उत्पादन तथा वितरण कार्यलाई खुला प्रतिस्पर्धाका आधारमा निजी क्षेत्रको सहभागिता गराउने नीति अवलम्वन गरिने छ
- बहुपाठ्यपुस्तकहरूको स्तरीयता, गुणस्तर एवम् सान्दर्भिकता पाठ्यक्रम विकास केन्द्रले परीक्षण गरी प्रयोगमा ल्याउन आवश्यक संरचनाको व्यवस्था मिलाउने छ

### ४.६.५ संस्कृत शिक्षा

संस्कृत शिक्षाको समुचित विकासका लागि संस्कृत शिक्षाको निम्नानुसारको व्यवस्था गरिने छ :

- हाल प्रचलनमा रहेको विद्यालय तहको साधारण संस्कृत शिक्षा र वेदविद्याश्रमको व्यवस्थालाई कक्षा १२ सम्म सञ्चालन गर्ने गरी व्यवस्थित गरिने छ ।
- साधारण शिक्षाका शिक्षणसिकाइ क्षेत्रहरूमा व्यवहारोपयोगी पूर्वीय वाङ्मयका मूल्य र मान्यताहरूलाई समावेश गरिने छ ।
- वेदविद्याश्रमबाट कक्षा १२ को परीक्षा पूरा गरेका र साधारण संस्कृत शिक्षाको धारतर्फ प्रवेश गर्न चाहने विद्यार्थीहरूलाई उक्त धारको तोकिएबमोजिमको परीक्षामा सामेल भई अध्ययन गर्ने अवसर प्रदान गर्ने सम्बन्धमा उपयुक्त व्यवस्था गरिने छ ।

### ४.६.६ अनुगमन र सुपरिवेक्षण

यो पाठ्यक्रम प्रारूप कार्यान्वयनमा जाँदा पाठ्यक्रमको अनुगमन तथा सुपरिवेक्षणलाई विशिष्ट ध्यान दिइने छ । यसका लागि देहायअनुसारको पक्षहरूमा अनुगमन तथा सुपरिवेक्षणलाई केन्द्रित गरिने छ :

- पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध सामग्रीको पहुँच र सर्वसुलभता
- शिक्षणसिकाइ क्रियाकलाप र पाठ्यक्रमबीचको समाञ्जस्य एवम् सामाजिक रूपान्तरण
- स्थानीय पाठ्यक्रमको कार्यान्वयन
- पेसागत छलफल, अन्तरक्रिया, सहयोग एवम् पृष्ठपोषण आदानप्रदान
- विद्यार्थी मूल्याङ्कन र पृष्ठपोषण

### ४.६.७ **संस्थागत (निजी) विद्यालय**

- संस्थागत विद्यालयहरूलाई राज्यबाट प्रदान गरिने शैक्षिक विकासका क्रियाकलापहरू (पाठ्यक्रम कार्यान्वयनसम्बन्धी तालिम, शिक्षक तालिम आदि) मा सहभागी हुने अवसर प्रदान गरिने छ ।
- संस्थागत विद्यालयहरूले नेपाल सरकारबाट निर्दिष्ट गरिएका पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षा प्रणाली अनिवार्यरूपमा लागू गर्ने, अन्य विद्यालय व्यवस्थापन पक्षमा स्वायत्तता प्रदान गरिने छ ।
- संस्थागत र सामुदायिक विद्यालयबीचको अन्तरक्रिया बढाई संयुक्त रूपमा पाठ्यक्रम र शैक्षिक क्रियाकलापलाई परिष्कृत बनाउँदै अगाडि बढ्ने वातावरण तयार पारिने छ ।
- संस्थागत विद्यालयको व्यवस्थापन, आर्थिक स्रोतको परिचालन र प्रयोगलाई जिम्मेवार एवम् जवाफदेहीपूर्ण बनाउन सुपरिवेक्षण, नियन्त्रण तथा पृष्ठपोषण पद्धतिलाई सुदृढ बनाई प्रयोगमा लाइने छ ।

### ४.६.८ **खुला शिक्षा**

सबैका लागि शिक्षाको अवसर प्रदान गर्न खुला शिक्षा नीतिलाई कार्यान्वयनमा ल्याइने छ । यसप्रकारको शिक्षालाई दुईप्रकारले व्यवस्थित गरिने छ :

- अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रामाणिक हुन नसकेका र औपचारिक शिक्षा (विद्यालय शिक्षा) मा समावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रामाणीकरण गरी निर्दिष्ट औपचारिक शिक्षाभित्रको कक्षामा प्रवेश गर्न पाउने अवसर खुला गरिने छ ।
- विविध कारणबाट शैक्षिक अवसर प्राप्त गर्न नसकेका विद्यालय उमेर समूहका बालबालिकाहरूलाई खुला शिक्षाको व्यवस्था गरी औपचारिक शिक्षा सरहकै विद्यालय शिक्षा लिन पाउने संस्थागत विकास गरी कार्यक्रमलाई योजनाबद्ध ढङ्गबाट सञ्चालन गरिने छ ।

### ४.६.९ **विद्यालय शिक्षाको गुणस्तर र मानक निर्धारण**

विद्यालय शिक्षाको गुणस्तरसम्बन्धी नीतिगत व्यवस्था निम्नानुसार हुने छ :

- विद्यालय शिक्षाको गुणस्तर कायम गरी स्तरीय जनशक्ति उत्पादन गर्न विद्यालय शिक्षाको राष्ट्रिय गुणस्तर मानक (Quality Standard) तय गरिने छ ।
- राष्ट्रिय गुणस्तर मानकका आधारमा क्षेत्र, जिल्ला तथा विद्यालयले आ-आफ्नो शैक्षिक गुणस्तर मानक (Quality benchmark) तय गरी पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध गतिविधिहरू स्वतन्त्ररूपमा सञ्चालन गर्न सक्नेछन् ।
- गुणस्तरीय मानकका आधारमा विद्यालयलाई थप सहयोग कार्यक्रम सञ्चालन गरिने छ । साथै विद्यालय स्वयम्लाई पनि यसका लागि बढी जिम्मेवार बनाइने छ ।

# भाग - पाँच

# राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन

यो पाठ्यक्रम प्रारूप नेपालको विद्यालय शिक्षाको मूल दस्तावेज हो । यसले विद्यालय तहको शिक्षाको दृष्टिकोण, नीति र मार्गदर्शन प्रस्तुत गरेको हुँदा यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न नीतिगत, संरचनागत र प्रक्रियागत निर्णयहरू लिन जरुरी छ । यसका लागि राजनीतिक एवम् प्रशासनिक प्रतिबद्धताको आवश्यकता छ । यो राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन कार्यलाई सहजता प्रदान गर्न निम्नानुसारका व्यवस्था गरिने छ :

## ५.१ विद्यालय शिक्षाको पुनर्संरचना

विद्यालय शिक्षालाई कक्षा १-१२ सम्म हुने गरी व्यवस्थित गर्न एउटै ऐनको व्यवस्था गरिने छ ।

- १-२ वर्षसम्मको बालविकास शिक्षा
- कक्षा १-८ को आधारभूत शिक्षा
- कक्षा ९-१२ को माध्यमिक शिक्षा

उक्त संरचना अधिराज्यभर एकैपटक लागू नगरी चरणबद्ध रूपमा लागू गरिने छ । हाल प्रचलनमा रहेको संस्कृत धारतर्फको माध्यमिक शिक्षालाई पनि कक्षा १-१२ को संरचनाभित्र समावेश गरी पुनर्संरचित गरिने छ ।

## ५.२ पाठ्यक्रम विकास, स्वीकृति र परिमार्जन प्रक्रियामा सुधार

हालको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी नीतिहरू र मार्ग निर्देशनहरू निर्माण गर्न जिम्मेवार छ । पाठ्यक्रम र शैक्षणिक सामग्रीको विकास निर्माण प्रक्रियामा सरोकारवालाहरू महिला, जातजाति समूह, दलित, अपाङ्गता भएका व्यक्तिहरू, अभिभावक, शिक्षक र मानवअधिकार तथा बालअधिकार विशेषज्ञहरूको बृहत्तर प्रतिनिधित्व गर्न सहकार्य प्रक्रिया/पद्धतिको स्थापना गरिने छ ।

यसैगरी जिल्ला तहमा जिल्लास्तरीय पाठ्यक्रम समन्वय समिति तथा स्रोतकेन्द्र स्तरमा स्रोतकेन्द्र वा गाउँ विकास समिति वा विद्यालय तहमा समेत सरोकारवालाहरूको प्रतिनिधिमूलक एक स्थानीय आवश्यकतामा आधारित एउटा पाठ्यक्रम विकास समिति गठन गरी पाठ्यक्रमको स्थानीयकरण गरिने छ । यसलाई

स्थानीय पाठ्यक्रम विकास, कार्यान्वयन, अनुगमन तथा पृष्ठपोषण कार्यका लागि जिम्मेवार बनाइने छ । पाठ्यक्रमसम्बन्धी पेसागत सहयोग प्रदान गर्ने पद्धतिको विकास गरिने छ ।

कार्यान्वयनमा रहेका पाठ्यक्रमको अद्यावधिक परिमार्जन तथा सुधार गर्ने कार्य तल लेखिएअनुसार गरिने छ :

प्रत्येक वर्ष अद्यावधिक गर्ने कार्य गरिने छ ।
प्रत्येक ५ वर्षमा सामान्य परिमार्जन गर्ने कार्य सम्पन्न गरिने छ ।
प्रत्येक १० वर्षमा पुनरावलोकन गरी समयानुकूल बनाइने छ ।

## ५.३ पाठ्यक्रमसम्बद्ध सामग्री निर्माण र वितरण

प्रभावकारी शिक्षणका लागि आवश्यक शैक्षणिक स्रोत र साधनहरूको व्यवस्थितीकरण गरिने छ । यसका लागि निम्नलिखित कार्यहरू सम्पन्न गरिने छ :

- स्रोत सामग्री निर्माण र वितरण
- विद्यालय पुस्तकालयको विकास
- विज्ञान, कम्प्युटर, भाषा र गणित प्रयोगशाला निर्माण
- विशेष आवश्यकता समूहका लागि स्रोत केन्द्र स्थापना

विद्यालयहरूलाई शैक्षिक सामग्री विकास तथा प्रयोगात्मक शिक्षण गर्न प्रोत्साहन गरिँदै लगिने छ । विद्यालयहरूलाई स्थानीय स्रोत र साधन उपयोग गरी शैक्षिक सामग्री विकास र व्यवस्थापन गर्न सक्षम बनाउँदै लगिने छ ।

## ५.४ संस्थागत संयन्त्रको विकास

पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम परिमार्जन र अद्यावधिक कार्यका लागि निम्नबमोजिमको पृष्ठपोषण संयन्त्र खडा गर्ने छ :

**जिल्ला पाठ्यक्रम विकास तथा समन्वय समिति**

यस समितिलाई निम्नलिखित कार्यका लागि जिम्मेवार बनाइने छ :

- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण र प्रयोग
- पाठ्यक्रम कार्यान्वयन
- अनुसन्धान र सुधार
- पाठ्यक्रमसम्बन्धी सुपरिवेक्षण/अनुगमण तथा पृष्ठपोषण

**क्षेत्रीय पाठ्यक्रम विकास तथा समन्वय समिति**

यस समितिले जिल्लास्तरीय पाठ्यक्रम समितिहरूबाट, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूबाट नियमित रूपमा पृष्ठपोषण लिई नियमित कार्यक्रमको रूपमा वार्षिक प्रतिवेदन दिने

छ । यसलाई स्थानीय पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध गतिविधि निर्माण तथा वितरणका लागि जिम्मेवार बनाइने छ ।

**केन्द्रीय पाठ्यक्रम सल्लाहकार समिति**

पाठ्यक्रमको विकास, विस्तार, स्तरीयता, सुधार अनुसन्धानलगायतका विषयहरूमा नियमित रूपमा पाठ्यक्रम विकास केन्द्रलाई पेसागत सहयोग एवम् सल्लाह प्रदान गर्न केन्द्रीय पाठ्यक्रम सल्लाहकार समिति गठन गरिने छ । यसलाई निम्नलिखित कार्य गर्न जिम्मेवार बनाइने छ :

- केन्द्रीय तहमा पाठ्यक्रमसम्बन्धी अन्तरक्रिया छलफल गर्ने र उचित सल्लाह प्रदान गर्ने
- अन्तर्राष्ट्रिय अभ्यास, अनुसन्धान तथा प्रयासका आधारमा नेपालको पाठ्यक्रम विकासका लागि उचित सल्लाह प्रदान गर्ने
- केन्द्रलाई समयसमयमा पाठ्यक्रमसम्बन्धी पेसागत सहयोग प्रदान गर्ने
- पाठ्यक्रम सम्बन्धमा शोध कार्य गर्ने

## ५.५ पाठ्यक्रम मूल्याङ्कन र अनुसन्धान प्रवर्द्धन

पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम विकास, कार्यान्वयन र परिमार्जनका लागि पृष्ठपोषण प्राप्त गर्न पाठ्यक्रम मूल्याङ्कन र अनुसन्धान संयन्त्रको निर्माण गर्ने छ । पाठ्यक्रमका सम्बन्धमा अध्ययन अनुसन्धान गर्न पाठ्यक्रम विकास केन्द्र पूर्ण रूपमा जिम्मेवार हुने छ । विद्यालय शिक्षालाई व्यवस्थित गर्नका लागि नियमित रूपमा पुनरावलोकन, मूल्याङ्कन, अध्ययन र अनुसन्धान गर्न एक छुट्टै स्थायी प्रकृतिको संयन्त्रको विकास गरिने छ । शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका निकायहरूलाई प्राज्ञिक, प्राविधिक सुझाव एवम् सल्लाह प्रदान गर्नु यस संयन्त्रको प्रमुख जिम्मेवारी हुने छ ।

## ५.६ विभिन्न स्तरमा परीक्षा समितिको निर्माण

बाह्य परीक्षाहरूको सुचारु रूपले सञ्चालन एवम् सम्पादनका लागि तल लेखिएका व्यवस्थाहरू गरिने छन् :

**स्रोत केन्द्रस्तरीय परीक्षा समिति**

कक्षा ५ को अन्तिम परीक्षाका निम्ति स्रोतकेन्द्रस्तरीय परीक्षा समिति गठन हुने छ, जसमा सम्बद्ध क्षेत्रका प्रधानाध्यापक, स्रोतव्यक्ति, अभिभावक र विद्यालय व्यवस्थापन समिति संलग्न हुने छन् । यो परीक्षा प्रमाणीकरण गर्ने उद्देश्यबाट नभई शैक्षिक स्तर मापन गरी शैक्षिक गुणस्तर कायम गर्ने उद्देश्यबाट सञ्चालित हुनेछ । स्रोतकेन्द्रस्तरीय परीक्षा समितिको भूमिका तल लेखिएअनुसार हुने छ :

- कक्षा ५सम्मको शिक्षाको शैक्षिक गुणस्तर मापन गर्नु
- परीक्षाको योजना, विकास र कार्यान्वयन गर्नु
- सम्बद्ध विद्यालयको प्रयोगको निम्ति नतिजा प्रकाशन र विश्लेषण गर्नु
- आवश्यकताअनुसार शिक्षणसिकाइ क्रियाकलाप सुधारका उपाय सुझाउनु

- जिल्लाका अन्य स्रोतकेन्द्रसँग परीक्षा नतिजासम्बन्धी अनुभव आदानप्रदान गर्नु
- शैक्षिक गुणस्तरका आधारमा गुणस्तर कम हुने विद्यालयमा शैक्षिक सुरधारका थप शैक्षिक रणनीति तय गर्नु

**जिल्लास्तरीय परीक्षा समिति**

कक्षा ८ को अन्त्यमा लिइने अन्तिम परीक्षाका निम्ति प्रधानाध्यापकहरू, विषय शिक्षकहरू, अभिभावक र जनप्रतिनिधिहरू सम्मिलित एउटा जिल्ला स्तरीय परीक्षा समिति गठन हुने छ । यसको उद्देश्य आधारभूत शिक्षाको शैक्षिक स्तर मापन गर्नु हुने छ । उक्त समितिको भूमिका देहायबमोजिम हुनेछ :

- परीक्षाको योजना, विकास र कार्यान्वयन गर्नु
- नतिजा प्रकाशन गर्नु
- माध्यमिक तहको निम्ति विद्यार्थी छनोट गर्नु
- परीक्षाको विश्लेषण गरी जिल्लाभित्रका अन्य विद्यालयसँग तुलना गरी छलफल गर्नु
- जिल्लामा शैक्षिक सुधार योजनाको निर्माण र कार्यान्वयन गर्नु

**क्षेत्रस्तरीय परीक्षा समिति**

कक्षा १० को अन्तिम परीक्षा कक्षा १० को  पाठ्यक्रममा आधारित र क्षेत्रस्तरीय हुने छ । परीक्षा, प्रारूप निर्माण, कार्यान्वयन योजना, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्न क्षेत्रीय  शिक्षा निर्देशकको अध्यक्षतामा क्षेत्रीय परीक्षा समिति गठन हुनेछ । केन्द्रीय परीक्षा समितिको समन्वय र निर्देशनमा रही उक्त समितिले यो परीक्षाको व्यवस्थापन गर्ने छ । कक्षा १० को परीक्षा व्यवस्थापनको सम्पूर्ण कार्य क्षेत्रीयस्तरमा हुने छ र यसको प्रमाणीकरणको कार्य केन्द्रस्तरीय परीक्षा समितिबाट हुनेछ ।

**राष्ट्रिय परीक्षा समिति**

कक्षा १२ को अन्तिम परीक्षा परीक्षा नियन्त्रण कार्यालयले राष्ट्रिय स्तरमा लिनेछ । यसको योजना र व्यवस्थापनमा सहयोग पुऱ्याउन उच्च पदस्थ शिक्षा प्रशासक, प्रधानाध्यापक, शिक्षाविद्, विशेषज्ञ आदि रहेको एक राष्ट्रिय परीक्षा समितिको व्यवस्था गरिने छ ।

## ५.७ विद्यार्थी मूल्याङ्कनमा सरोकारवालाहरूको सहभागिता

देहायबमोजिमको संयन्त्रका आधारमा सरोकारवालाहरूलाई विद्यार्थी मूल्याङ्कन प्रक्रियामा सहभागी हुन निम्नलिखित कार्यहरू सञ्चालन गरिने छ :

- शैक्षिक सत्रको सुरुमा संरक्षक र अभिभावकसँग पाठ्यक्रमका बारेमा छलफल गर्ने
- आधारभूत तहमा कार्यान्वयन हुने निरन्तर विद्यार्थी मूल्याङ्कनमा स्थानीयस्तरमा नीतिनिर्माण र कार्यान्वयन गर्न सरोकारवालाहरूलाई सम्बद्ध विद्यालयमा सहभागी गराउने
- सरोकारवालालाई वार्षिक परीक्षा कार्यक्रमको विकास, विद्यार्थी प्रगतिका बारेमा छलफल गर्न आमन्त्रण गर्ने र प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्न सहभागी गराउने
- विद्यार्थीको प्रगतिका बारेमा छलफल गर्न र सुधारात्मक शिक्षणका लागि अभिभावकसँग निरन्तर सम्पर्क गर्ने
- विद्यार्थी प्रगति/उन्नतिसम्बन्धी कार्यमूलक अनुसन्धान गर्दा प्राप्त नतिजालाई शिक्षण सुधारमा लागू गर्न सरोकारवालालाई सहभागी गराउने
- विद्यार्थीको उपलब्धि लेखाजोखा गर्न र शिक्षणका अनुभवको साझेदारी गर्न अभिभावकसँग नियमित शैक्षिक कार्यक्रमकै रूपमा अन्तरक्रिया गर्ने
- विद्यार्थीको मूल्याङ्कन प्रक्रियामा निरन्तर रूपमा अभिभावक संलग्न भएनभएको जिल्ला शिक्षा कार्यालयले निरन्तर सुपरिवेक्षण अनुगमन गर्ने

## ५.८ मूल्याङ्कन नीति कार्यान्वयनका लागि संस्थागत व्यवस्था

पाठ्यक्रम तथा सम्बद्ध गतिविधिको समग्र मूल्याङ्कन गर्न र मूल्याङ्कनलाई निर्माणात्मक तथा उपचारात्मक बनाउन केन्द्रदेखि विद्यालय तहसम्मका संस्थाहरू जिम्मेवार हुने गरी तिनीहरूको संस्थागत विकास गरिने छ। यसका लागि देहायअनुसारको व्यवस्था गरिने छ :

- विद्यालय शिक्षा कक्षा १ देखि १२ सम्मको मूल्याङ्कन प्रणालीलाई एकीकृत रूपमा सञ्चालन गर्न वर्तमान राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले माध्यमिक शिक्षा परीक्षा समिति, उच्च माध्यमिक शिक्षा परिषद्अन्तर्गतको परीक्षालाई एउटै परीक्षा समितिअन्तर्गत राखी विद्यार्थी मूल्याङ्कनसम्बन्धी कार्य सम्पन्न गरिने छ । मूल्याङ्कन गर्दा विशेष आवश्यकता समूहका बालबालिकाको मूल्याङ्कन प्रक्रियालाई समेत यथष्ट ध्यान दिइने छ।
- सम्बन्धित निकायहरू जस्तै क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय र स्रोत केन्द्रलाई विद्यालय मूल्याङ्कन, कार्यमूलक अनुसन्धान र विद्यार्थी मूल्याङ्कनसम्बन्धी कार्य गर्न सक्षम बनाइने छ। यसका लागि परीक्षासम्बन्धी योजना, कार्ययोजना र कार्यक्रम सञ्चालन गर्न सक्ने गरी विकास गरिने छ।
- क्षेत्रीय, जिल्ला र स्रोतकेन्द्र स्तरीय परीक्षा सञ्चालन गर्न चाहिने पूर्वाधार विकासका निम्ति पाठ्यक्रम विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालय र शैक्षिक जनशक्ति विकास केन्द्रसँग समन्वय गरिने छ।
- विद्यालय शिक्षा सहज तुल्याउन विद्यार्थी मूल्याङ्कनसम्बन्धी सूचना व्यवस्थापन प्रणाली स्थापना गरिने छ।

शिक्षा तथा खेलकुद मन्त्रालयले विभिन्न पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन पाठ्यक्रम विकास केन्द्रमार्फत गर्नेछ । परीक्षा नियन्त्रण कार्यालय, शैक्षिक जनशक्ति विकास केन्द्र र शिक्षा विभागले यस कार्यमा देहायबमोजिम सहयोग पुऱ्याउने छन् :

- पाठ्यक्रम निर्देशिका, नमुना प्रश्न, विशिष्टीकरण तालिका आदिको समुचित विकास गर्ने
- समावेशी मूल्याङ्कन साधनको निर्माण र प्रयोग
- विद्यार्थी मूल्याङ्कनसम्बन्धी तिनको प्रबोधीकरणसम्बन्धी तालिम सञ्चालन
- सम्बन्धित विद्यालय, अभिभावक, शिक्षक, स्रोतकेन्द्रदेखि राष्ट्रियस्तरसम्म परीक्षा नतिजा विश्लेषण, छलफल र अनुभव आदानप्रदान

## ५.९ प्रभावकारी पाठ्यक्रम विकास र कार्यान्वयनका निम्ति शिक्षकको तयारी

शैक्षणिक सुधार प्रक्रियाका अग्रणी भनेका शिक्षक हुन् । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन सिकारु र शिक्षकबीचको अन्तर्क्रियाको प्रकृतिमा निर्भर रहने गर्दछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा शिक्षाको गुणस्तर आधारित हुन्छ । यस सन्दर्भमा पाठ्यक्रमको विकास र कार्यान्वयनमा शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ । पाठ्यक्रम विकासमा तिनको सहभागिताले पाठ्यक्रम कार्यान्वयनमा सहजता प्रदान गर्दछ । यसका लागि निम्नलिखित विषयहरूमा सक्षम हुने गरी शिक्षक विकास गरिने छ :

- विषयवस्तुमा दक्षता प्राप्ति र समसामयिक ज्ञान तथा सीपमा अद्यावधिकता
- बालकेन्द्रित र जीवनोपयोगी सीपमा आधारित शिक्षण
- बहुभाषिक, द्विभाषिक शिक्षण
- सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सीपको प्रयोग
- शिक्षकशिक्षामा सामुदायिक कार्य, घटना अध्ययन, लघु अनुसन्धानको प्रयोग
- पाठ्यक्रम पाठ्यपुस्तक विकास तथा प्रयोग
- बालमैत्री सिकाइ वातावरणको निर्माण
- शिक्षणसिकाइ क्रियाकलापको छनोट र प्रयोग
- बालमैत्री, लैङ्गिक मैत्री एवम् समावेशी शैक्षणिक सामग्रीको निर्माण र प्रयोग
- मूल्याङ्कन सामग्री विकास, परीक्षाका परिणामहरूको विश्लेषण र सुधार

## ५.१०. विद्यालय

राष्ट्रिय पाठ्यक्रम प्रारूपको कार्यान्वयनमा विद्यालयको अग्रणि भूमिका रहन्छ । यसका लागि प्रारूपले निर्दिष्ट गरेको खाकाको आधारमा स्थानीय आवश्यकता, पहुँच, सान्दर्भिकता र गुणस्तरसमेतलाई सम्बोधन गर्न सक्ने गरी पाठ्यक्रम तथा पाठ्यक्रम सम्बद्ध सामग्री विकास तथा कार्यान्वयन गर्न विद्यालयको भूमिकालाई बढावा गर्दै लगिने छ । विद्यालय भौतिक वातावरण, पाठ्यक्रम, शिक्षक, विद्यार्थी र अन्य व्यवस्थापकीय पक्षलाई शिक्षणसिकाइसँग आबद्ध गरी विश्वपरिवेश अनुरूप विद्यालय स्वयम् पनि

पाठ्यक्रमसम्बन्धी निरन्तर गतिविधि सञ्चालन गर्न स्वायत्त हुने छ । यसप्रकारका स्वायत्त रूपमा विकसित हुने विद्यालयहरूलाई खुला/दूर शिक्षा, बहु कक्षा शिक्षण र सिकाइअनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाइँदै लगिने छ । यसका लागि विद्यालयले निम्नलिखित पक्षलाई विशिष्ट ध्यान दिनेछन् :

- बाल अधिकारको सुनिश्चित गर्न
- समावेशी शैक्षिक वातावरण सिर्जना गर्न
- अभिभावक विद्यालय सहसम्बन्धलाई सुदृढ गराउन
- प्रतिस्पर्धी वातावरण सिर्जना गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्न
- शैक्षिक स्रोत सामग्रीको विकास गर्न
- सूचना सञ्चार प्रविधिलाई अवलम्बन गर्न
- सहभागितामूलक कार्यविधि अवलम्बन गर्न
- बहुकक्षा शिक्षण, विषय शिक्षण, कक्षा शिक्षण गर्न
- विद्यार्थी परामर्श सेवा तथा सरसल्लाह प्रदान गरी सबैका लागि गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्न

## ५.११. समन्वय र साझेदारी

पाठ्यक्रम प्रारूपको कार्यान्वयन समन्वयात्मक रूपमा सञ्चालन गरिने छ । यसका लागि पाठ्यक्रम विकास, शिक्षक शिक्षा, परीक्षा र मूल्याङ्कन, शैक्षिक व्यवस्थापन, शैक्षिक सुपरिवेक्षण, शैक्षिक अनुसन्धानजस्ता पक्षहरूलाई समुचित रूपमा समन्वय गरी शैक्षिक गतिविधिहरू सञ्चालन गरिने छ । अतः केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्र, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालयलगायतका संस्थाहरूबीच कार्यगत समन्वय सञ्जालको आधारमा पाठ्यक्रम प्रारूप कार्यान्वयन गरिने छ । त्यसै गरी जिल्ला र स्थानीय तहमा समन्वय संयन्त्रको विकास गरिने छ । साथै पाठ्यक्रमसम्बद्ध गतिविधिहरू साझेदारी रणनीतिअनुरूप सञ्चालन गरिने छन् ।

## ५.१२ संस्थागत क्षमता र प्रारूप कार्यान्वयन

यस प्रारूपले सम्बोधन गरेका पक्षहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन केन्द्रदेखि विद्यालयसम्मको संस्थागत क्षमतामा विशिष्ट ध्यान दिनुपर्ने देखिन्छ । यसका लागि एक वृहत संस्थागत क्षमता विकास योजना (Capacity building plan) विकास गरी सोअनुसार कार्यान्वयनमा लगिने छ ।

## ५.१३ राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिमार्जन र सुधार

प्रारूप निर्माण प्रक्रियाले निकै लामो समय लिने गर्दछ । यो प्रारूप निर्माण गर्दा बृहद्‌रूपमा जिल्ला तहमा, क्षेत्रीय तहमा तथा राष्ट्रिय तहमा गोष्ठी अन्तरक्रिया आदिबाट पृष्ठपोषण लिइएको थियो । साथै बाल

अधिकार समूह, महिला समूह, दलित समूह, जनजाति समूह तथा अपाङ्गता भएका समूहबाट विद्यमान पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध पक्षका बारेमा अनुसन्धान गरी राय तथा सुझावसमेत सङ्कलन गरिएको, विविध विषयमा विषयगत कार्यशाला सञ्चालन गरी पृष्ठपोषण लिइएको, नीति निर्माता प्राज्ञिक समूह आदिसँग पटकपटक चरणबद्धरूपमा क्रिया, प्रतिक्रिया र सुझाव लिइएको, विभिन्न प्राज्ञिक तथा पेसागत समूहबाट परिष्कृत गरिएको हो । पाठ्यक्रम कार्यान्वयनसँग सम्बद्ध निकाय (शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, उच्च माध्यमिक शिक्षा परिषद्, त्रिभुवन विश्वविद्यालय, प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र, नेपाल संस्कृत विश्वविद्यालय) बाट यसको प्रभावकारी कार्यान्वयनका लागि पटकपटक राय सुझाव प्राप्त गरी तदनुरूप समायोजन निर्माणकै क्रममा गरिएको थियो । वर्तमान लोकतान्त्रिक परिवेशलाई समेत ध्यान दिई थप परिमार्जन तथा सुधार गरिएको छ । यसको परिमार्जन र सुधार कार्यमा संवेदनशीलता र सतर्ककता अपनाउनुपर्ने भएकाले यसको परिमार्जन तथा सुधार कार्य निश्चित समयको अन्तरालपछि राष्ट्रिय वहस सञ्चालन गरी अनुसन्धान तथा तिनको सुझावका आधारमा गरिनु राम्रो हुने छ । नेपालको परिप्रेक्ष्यमा यो पहिलो प्रयास भएकाले यसलाई हाल केही वर्षका लागि परीक्षण र प्रयोग गरी त्यसको अनुभवका आधारमा आवश्यक सुधार गर्दै जाने दस्तावेज (Rolling document) का रूपमा कार्यान्वयनमा लगिने छ ।

# ck]lIft kl/jlt{t :j¿k / sfof{Gjog vfsf

| के काम ? (क्रियाकलाप) | पूर्व अवस्था | अपेक्षित परिवर्तित अवस्था | कसरी गर्ने (प्रक्रिया) | कहिले गर्ने |
|---|---|---|---|---|
| १. विद्यालय शिक्षाको पुनर्संरचना गर्ने | १-५ प्राथमिक<br>६-८ नि.मा<br>९-१० मा. र<br>११-१२ उ.मा. | ▪ १-२ वर्षसम्मको पूर्व प्रा.<br>▪ १-८ आधारभूत<br>▪ ९-१२ माध्यमिक साधारण र व्यवसायिक धार<br>▪ विद्यालय बाहिरका शिक्षा (गुरुकुल, मदरसा र गुम्बा) पनि मूल प्रवाहीकरण हुन जाने | एकीकृत ऐनको व्यवस्था गरेर | तत्काल कार्य प्रारम्भ गरी ४ वर्षभित्र |
| २. पाठ्यक्रम तथा सम्बद्ध सामग्री विकास र परिमार्जन | पाठ्यक्रम विकास केन्द्रको भूमिका महत्त्वपूर्ण रहेको | ▪ केन्द्रीय खाकाका आधारमा विद्यालय नै पाठ्यक्रम तथा सम्बद्ध सामग्री विकास, छनोट र व्यवस्थापन गर्न सक्षम हुने<br>▪ व्यापक सहभागिता सुनिश्चित गर्ने | ▪ नीतिगत व्यवस्था गरेर<br>▪ विद्यालय एवम् जिल्ला क्षेत्रीय निकायहरूको सक्षमता बढाएर<br>▪ शिक्षकको व्यावसायिक दक्षता बढाएर | अनुभव र परीक्षणका आधारमा क्रमशः कार्यान्वयनमा जाने |
| ३. विद्यार्थी मूल्याङ्कन नीतिमा परिवर्तन | परीक्षामा आधारित निर्णयात्मक मूल्याङ्कन पद्धतिको प्रभाव | ▪ निर्माणात्मक मूल्याङ्कन पद्धतिमा जोड<br>▪ समावेशी मूल्याङ्कन प्रणालीको व्यवस्था<br>▪ कक्षा १-७ निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति एवम् उदार कक्षोन्नति नीतिको व्यवस्था<br>▪ अक्षराङ्क मूल्याङ्कन पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गर्ने प्रक्रियाको खोजी हुने<br>▪ विद्यार्थी मूल्याङ्कनमा शिक्षक बढी जिम्मेवार हुने | ▪ शिक्षकको तयारी र नीतिगत व्यवस्था गरेर<br>▪ परीक्षणसहितको अध्ययन कार्य गरी कार्यान्वियनतर्फ अग्रसरता लिने<br>▪ सरोकारवालाहरूलाई अक्षराङ्क मूल्याङ्कन, विद्यार्थी मूल्याङ्कन एवम् शिक्षकको जिम्मेवारीका बारेमा विशेष जानकारी गराई तयार पारेर | तत्काल सुरु गरी क्रमशः गर्दै जाने |

| के काम ? (क्रियाकलाप) | पूर्व अवस्था | अपेक्षित परिवर्तित अवस्था | कसरी गर्ने (प्रक्रिया) | कहिले गर्ने |
|---|---|---|---|---|
| ४. प्रभावकारी पाठ्यक्रम विकास र कार्यान्वयनका लागि शिक्षक तयारी | ▪ पाठ्युस्तकको आधारमा शिक्षण गर्ने संस्कार स्थापित भएको<br>▪ शिक्षकहरूमा व्यवसायिक क्षमता कमजोर रहेको | ▪ शिक्षण प्रक्रिया सिकाइ प्रक्रियामा रूपान्तरण हुने<br>▪ शिक्षक क्रमशः सूचना प्रवाहकर्ता, विद्यार्थीसँग सहकार्य गरी सिक्ने, सहजनकर्ता, प्रवर्द्धकको रूपमा प्रस्तुत हुने<br>▪ शिक्षकको तहगत शैक्षिक योग्यता अभिवृद्धि हुने | ▪ शिक्षक तयारी पाठ्यक्रमसम्बन्धी समस्या पहिचान गरी तालिमलाई पृष्ठपोषणका आधारमा व्यापक परिवर्तन गरेर<br>▪ शिक्षक स्वयम अद्यावधिक हुने (reading room. self learning material, Feedback) आदिको व्यवस्था गरेर<br>▪ विद्यार्थी शिक्षक अन्तर्क्रियालाई शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्ग बनाएर | तत्काल सुरु गरी क्रमशः परीक्षण, प्रयोग र अनुभवका आधारमा पृष्ठपोषण गर्दै कार्यान्वयनमा जाने |
| ५. विद्यालय | ▪ केन्द्रीय पाठ्यक्रम कार्यान्वयन गर्ने संस्था<br>▪ शिक्षकमुखी शिक्षणको वातावरण<br>▪ मूल्याङ्कनमा लिखित परीक्षा प्रणालीको प्रधानता<br>▪ विद्यार्थी परामर्श सेवाको व्यवस्था नभएको | ▪ सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्ने,<br>▪ राष्ट्रिय पाठ्यक्रमको खाकामा रही आफ्नो स्थानीय आवश्यकता बमोजिमको पाठ्यक्रम आफैं निर्माण गर्ने<br>▪ सिकाइको उचित वातावरण दिने<br>▪ समावेशी र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई सम्बोधन गर्ने<br>▪ विद्यार्थी परामर्श सेवाको व्यवस्था हुने | ▪ हरेक विद्यालयले आफ्नै सक्रियतामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गरेर<br>▪ विद्यालय व्यवस्थापनको सक्षमता अभिवृद्धि गरेर | तत्काल सुरु गरी क्रमशः परीक्षण, प्रयोग र अनुभवका आधारमा पृष्ठपोषण गर्दै जाने |
| ६. खुला शिक्षा | यसप्रकारको व्यवस्था नभएको | ▪ काममा नै बसेर सिक्ने अवसर प्राप्त हुने<br>▪ अनौपचारिक रूपमा शिक्षा हासिल गरेकाहरूलाई औपचारिक र प्राविधिक शिक्षामा समेत जाने अवसर प्राप्त हुने | खुला तथा दूर शिक्षासम्बन्धी नीति तथा कार्य योजना निर्माण गरेर | तत्काल सुरु गरी क्रमशः गर्दै जाने |
| ७. संस्थागत विद्यालय | ▪ राज्यबाट प्रदान गरिने पाठ्यक्रम तालिम, अवसरबाट बञ्चित<br>▪ सरकारबाट निर्दिष्ट पाठ्यक्रम पूर्णरूपमा कार्यान्वयन नभएको | ▪ सरकारबाट प्रदान गरिने शिक्षक तालिम तथा अन्य सुविधाको अवसर प्राप्त हुने<br>▪ सरकारी नीति तथा व्यवस्थाको पालना हुने | ▪ नीतिगत र कार्यान्वयन दुवै पक्षमा सुधार गरेर<br>▪ नियमित अनुगमन तथा पृष्ठपोषणलाई संस्थागत गरेर | तत्काल सुरु गरी नियमित रूपमा |

| के काम ? (क्रियाकलाप) | पूर्व अवस्था | अपेक्षित परिवर्तित अवस्था | कसरी गर्ने (प्रक्रिया) | कहिले गर्ने |
|---|---|---|---|---|
| ८. शिक्षणसिकाइ | शिक्षक केन्द्रित र | समावेशी, परियोजना कार्य, | ▪ शिक्षक तयारीमा | तत्काल सुरु गरी |

| | | | | |
|---|---|---|---|---|
| क्रियाकलाप | परीक्षामुखी | सामुदायिक कार्य, खोजमुखी, अन्तरक्रियात्मक, गरेर सिक्ने, रोजगामूलक सीपसँग परिचित गराउनेजस्ता क्रियाकलापहरूमा आधारित हुने | विशेष जोड दिएर<br>▪ अनुगमन र मूल्याङ्कन व्यवस्थालाई प्रभावकारी बनाएर | नियमित रूपमा |
| ९. संस्कृत शिक्षा | ▪ पर्याप्त महत्त्व नपाएको<br>▪ पूर्वीय वाङ्गमयका महत्त्वपूर्ण पक्ष साधारण धारको पाठ्यक्रममा समावेश हुन नसकेको | पूर्वीय दर्शनमा निबद्ध जीवनोपयोगी बहुपक्षीय चिन्तनका कुरा विद्यालय शिक्षाका सबै धारमा समाविष्ट हुने | पाठ्यक्रममा समावेश गरेर र पठनपाठनमा सोअनुसार व्यवस्थित गरेर | नियमित प्रक्रियाका रूपमा निरन्तर |
| १०. रोजगारमुखी र जीवनोपयोगी शिक्षा | अपेक्षित रूपमा सम्बोधन हुन नसकेको | ▪ रोजगारसम्बन्धी सकारात्मक भावना जगाउने विषयवस्तु पाठ्यक्रममा समावेश हुने<br>▪ वैदेशिक रोजगारका पक्षमा सम्बोधन हुने<br>▪ प्राविधिक र व्यवसायिक शिक्षाले निश्चित स्वरूप लिने | ▪ पाठ्यक्रममा समावेश गरेर<br>▪ शिक्षणसिकाइ क्रियाकलापमा आवद्ध गरेर<br>▪ व्यावसायिक/प्राविधिक शिक्षा र साधारण शिक्षाबीच समन्वय स्थापित गरेर | एक कार्ययोजना निर्माण गरी उक्त कार्ययोजनाअनुसार |
| ११. भाषा | मातृभाषामा प्राथमिक शिक्षाको पठनपाठन व्यवस्थित हुन नसकेको | ▪ (कक्षा १-३) मातृभाषामा शिक्षण गर्ने व्यवस्था हुने<br>▪ शिक्षणको माध्यम नेपाली अङ्ग्रेजी वा दुवै हुने | नीतिगत व्यवस्था गरी तदअनुरूप शिक्षक तयारी गरेर | २ वर्षभित्र |
| १२. अनुगमन र सुपरिवेक्षण | प्रभावकारी हुन नसकेको | ▪ शिक्षणसिकाइ क्रियाकलाप प्रभावकारी हुने | प्रभावकारी पद्धति विकासका लागि वृहत अध्ययन गरेर | तत्काल सुरु गरी दुई वर्षभित्र |
| १३. पाठ्यपुस्तक | राष्ट्रिय पाठ्यक्रममा आधारित पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका एकल पाठ्यपुस्तकको व्यवस्था | ▪ राष्ट्रिय पाठ्यक्रम प्रारूपको खाकाका आधारमा बहुपाठ्यपुस्तक विकास हुने<br>▪ प्रारूपको खाकाभित्र रही स्थानीय तहमा समेत पाठ्यपुस्तक विकास र प्रयोग हुने | ▪ नीतिगत व्यवस्था गरेर<br>▪ सबै तह र निकायमा सक्षमता विकास गरेर | परीक्षणका आधारमा ३ वर्षभित्र |

| के काम ? (क्रियाकलाप) | पूर्व अवस्था | अपेक्षित परिवर्तित अवस्था | कसरी गर्ने (प्रक्रिया) | कहिले गर्ने |
|---|---|---|---|---|
| १४. पुनरावलोकन र पृष्ठपोषण | छुट्टै संस्था गत संयन्त्रको अभाव | ▪ छुट्टै संयन्त्रको (Review Mechanism) व्यवस्था हुने | ▪ नीतिगत व्यवस्था गरी छुट्टै संयन्त्रको व्यवस्था गरेर | २ वर्षभित्र |
| १५. गुणस्तर | गुणस्तरसम्बन्धी मानक तयार नभएको | ▪ राष्ट्रिय तहमा गुणस्तरसम्बन्धी मानक तयार हुने । <br>▪ राष्ट्रिय मानकका आधारमा स्थानीय तहमा समेत मानक तयार हुने | ▪ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा वृहत अध्ययन, छलफल, अन्तरक्रिया आदि गरेर | परीक्षण गरेर सोका आधारमा ४ वर्षभित्र |
| १६. संस्थागत क्षमता विकास | संस्थागत क्षमता विकास योजनाको अभाव | ▪ संस्थागत विकास योजना विकास हुने | ▪ शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले प्रक्रियागत रूपमा संस्थागत क्षमता विकास योजना तयार गरी लागू गरेर | तत्काल सुरु गरी आर्थिक वर्षभित्र |

# सन्दर्भ सामग्रीहरू


सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ : श्री ५ को सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग काठमाडौं :

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, (१९९७): कक्षा ४ का विद्यार्थीहरूको सिकाइउपलब्धिमा नयाँ पाठ्यक्रमको प्रभाव : श्री ५ को सरकार, शिक्षा मन्त्रालय, काठमाडौं :

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, (१९९८) : कक्षा ५ का विद्यार्थीहरूको सिकाइउपलब्धिमा नयाँ पाठ्यक्रमको प्रभाव, श्री ५ को सरकार, शिक्षा मन्त्रालय, काठमाडौं :

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, (१९९४) : कक्षा ५ का अन्तर जिल्ला परीक्षा प्रतिवेदन १९९३-९४, श्री ५ को सरकार शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय, काठमाडौं :

ब्रास लवस्की, सेसिलिया, (२००१) : एकाइसौं शताब्दीमा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा चुनौती र दृष्टिकोण, भोलुम, XXXI, नं. १, मार्च २००१

ब्रुखार्ट, एस., (१९९९) : कक्षाकोठा मूल्याङ्कन कला र विज्ञान : सिकाइ विज्ञानको हराएको भाग, वासिङ्गटन डी.सी. : इरिक (ERIC) क्लिरिङ्ग हाउस अन हाइअर एजुकेसन शिक्षा ४३२९३८

पाठ्यक्रम विकास केन्द्र (२००४) : प्राविधिक समूहबाट कक्षा १ दखि १२ कक्षासम्मको पाठ्यक्रम विश्लेषण (मुख्य ६ विषयको) : प्रतिवेदनहरूको समूहीकरण

पाठ्यक्रम विकास केन्द्र (२०५९) : पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका, भक्तपुर, : पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्र (१९९८) : माध्यमिक शिक्षा पाठ्यक्रम, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय

पाठ्यक्रम विकास केन्द, (१९९३) : निम्नमाध्यमिक शिक्षा पाठ्यक्रम, पाठ्यक्रम विकास केन्द्र, श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय,

शैक्षिक विकास तथा अनुसन्धान केन्द्र, (१९९५) : विद्यालय तहको पाठ्यक्रम : ऐतिहासिक दृष्टिकोण । काठमाडौं :

नेपालमा बालश्रमसम्बन्धी केन्द्र, (CWIN, 2004) : अधिकार र बालकेन्द्रित दृष्टिकोणबाट विश्लेषण गरिएको पाठ्यक्रम र पाठ्यपुस्तक (कक्षा १ देखि १२ सम्म) सम्बन्धी प्रतिवेदन, काठमाडौं :

दाहाल, डी.आर., (२००३) : नेपालको विस्तृत जनसाङ्ख्यकीय सामाजिक प्रारूप : भोलुम १, श्री ५ को सरकार, केन्द्रीय तथ्याङ्क विभाग काठमाडौं, पृष्ठ (८७-१३५)

दलित आयोग (२०६१) : दलितको दृष्टिकोणबाट पाठ्यक्रम विश्लेषण, काठमाडौं : राष्ट्रिय दलित आयोग

दलित आयोग (२०६१) : दलितको दृष्टिकोणबाट पाठ्यपुस्तक र शिक्षक निर्देशिकाहरूको विश्लेषण, काठमाडौं : राष्ट्रिय दलित आयोग

केलरस् र भवन, (१९९६) : लर्निङ द ट्रेजर विथइन, एकाइसौं शताब्दीको लागि अन्तर्राष्ट्रिय आयोगको प्रतिवेदन, युनेस्को फ्रान्स ।

शैक्षिक विकास सेवा केन्द्र, (१९९७) : कक्षा ३ का विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि, काठमाडौं :

ग्रिप्स, सि. र मुर्फे पि. (१९९६) : एउटा निरपेक्ष परीक्षण : मूल्याङ्कन, उपलब्धि र समानता, रिप्रिन्ट : बकिङ्गघम

ग्रोन्डलन्ड, नरम्यान ई. (१९७६) : शिक्षणमा मापन र मूल्याङ्कन तेस्रो संस्करण, न्यूयोर्क : म्याकमिलन पब्लिसिङ ।

हलक, जे., (२०००) : शैक्षिक नीतिहरू र दृष्टिकोणभित्रको दृष्टिकोण, तुलनात्मक शिक्षाको त्रैमासिक परिमार्जन, भोलुम XXX, नं. ३, सेप्टेम्बर २०००, युनेस्को, फ्रान्स : ।

श्री ५ को सरकार, (१९९७) : माध्यमिक शिक्षा दृष्टिकोण योजना, काठमाडौं : श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

हुइट, डब्लु, (२००१), मूल्याङ्कन, मापन र मूल्याङ्कन (from:http://chiron.valdosta.edu/whuitt.//col.measualur,html).

किभास, जे.पी, (१९९४) : राष्ट्रिय परीक्षाहरू : योजना, प्रक्रिया र प्रस्तुति, युनेस्को : शैक्षिक योजनासम्बन्धी अन्तर्राष्ट्रिय इन्साइक्लोपेडिया, नेभिन्स पोस्लटेथवाइटद्वारा संसोधित

मानन्धर, टी.पी. र श्रेष्ठ, के.पी. (२००३) : जनसङ्ख्या वृद्धि र शैक्षिक विकास नेपालको जनसाङ्ख्यकीय विस्तारका सम्बन्धमा : भोलुम १, श्री ५ को सरकार केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं : लेखक (पृष्ठ २१३-२७१)

शिक्षा मन्त्रालय, थाइल्यान्ड (२००२) : आधारभुत शिक्षा पाठ्यक्रम वि.इ. २०५४ (A.D. 2001), शिक्षा मन्त्रालय थाइल्यान्ड

शिक्षा तथा संस्कृति मन्त्रालय, (१९९७) : नेपालको शैक्षिक तथ्याङ्क (२०४७), काठमाडौं :

शिक्षा तथा संस्कृति मन्त्रालय, (१९९१) : आधारभूत तथा प्राथमिक शिक्षा परियोजना : मूल योजना, काठमाडौं :

शिक्षा तथा संस्कृति मन्त्रालय, (२००१) : माध्यमिक शिक्षा विकास योजना (एसई.डी.पी.), काठमाडौं : श्री ५ को सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय, (२००२) : माध्यमिक शिक्षा सहयोग कार्यक्रम मूल दस्तावेज, श्री ५ को सरकार र डेनिस सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय, (२००३) : सबैका लागि शिक्षा, २००४-२००९ : मूल दस्तावेज (२००१-२०१५), श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, नेपाल राष्ट्रिय आयोग युनेस्को, काठमाडौँ :

शिक्षा तथा संस्कृति मन्त्रालय, (२००३) : सबैका लागि शिक्षाका लक्ष्य प्राप्तिको लागि सामूहिक प्रतिबद्धता : मुख्य प्रतिवेदनहरूको सङ्ग्रह, काठमाडौँ : श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा तथा संस्कृति मन्त्रालय, (२००४) : नेपालका शैक्षिक तथ्याङ्कहरूका विश्लेषणात्मक समीक्षा १९९७-२००१ काठमाडौँ, श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय

मर्फे, पी.र अरू. (१९९६), राष्ट्रिय मूल्याङ्कन प्रणाली परीक्षण पद्धति, वासिङगटन : विश्व बैंङ्क

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल (२००५) : नेपालका असक्षम जनताहरूको तर्फबाट पाठ्यपुस्तक र पाठ्यक्रम र शिक्षक निर्देशिकाको विश्लेषण, काठमाडौँ

राष्ट्रिय शैक्षिक अनुसन्धान तथा तालिम परिषद्, (२००१) : विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रमको प्रारूप, नयाँ दिल्ली :

राष्ट्रिय शिक्षा समिति, (१९९२) : राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन १९९२, काठमाडौँ :

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२, श्री ५ को सरकार, शिक्षा मन्त्रालय, (२०२८) : काठमाडौँ :

राष्ट्रियरूपमा पछाडि परेको वर्गको उत्थान प्रतिष्ठान, एन.एफ.डी.आर्ट.एन., (२००५) : जनजाति र राष्ट्रिय रूपमा पिछडिएको वर्गको दृष्टिकोणमा पाठ्यक्रमको विश्लेषण, काठमाडौं : एन.एफ.डि.आर्ट.एन.

नेपाल शिक्षा योजना, (२०११) : नेपालमा शिक्षा, काठमाडौं : कलेज अफ एजुकेसन

राष्ट्रिय योजना आयोग, (२००२) : दसौं योजना २००२-२००७ , काठमाडौं : श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग

बन्त भट्ट, लाजिमा र घिमिरे निरौला पी., (२००५) : लैङ्गिक दृष्टिले कक्षा १-१२ सम्मको पाठ्यक्रम विश्लेषण, पाठ्यक्रम विकास केन्द्र सानोठिमी आयोजना

रिट्राइभ (Retrieved) (मिति) from: http://chiron.voldosta.edu/whuitt/files/artsciassess.html

शर्मा, जि.एन. (१९८०) : नेपालको विद्यालय तहको पाठ्यक्रम, काठमाडौं : हेमकुमारी शर्मा

रस.प. (२०००) : पाठ्यक्रमको संरचना र समालोचना, बेलायत फरमर प्रेस

शाही (Royal) शिक्षा मन्त्रालय, नर्वेमा प्राथमिक, माध्यमिक र प्रौढ शिक्षाको मूल पाठ्यक्रम, नर्वे : शाही शिक्षा मन्त्रालय, अनुसन्धान तथा चर्च गतिविधि

एकीकृत राष्ट्रिय विकास कार्यक्रम (यु.एन.डी.पी.), (२००४) : नेपाल मानव विकास प्रतिवेदन २००४, काठमाडौं :

पश्चिम अस्ट्रेलियामा किन्डर गार्टेनदेखि १२ वर्ष सम्मको शिक्षाको पाठ्यक्रमको प्रारूप, १९९८

एन.ई.सी.एस.ओ. (NECSO), (२००४) : बदलिँदो शैक्षिक अभ्यास : विद्यार्थीको विविधतालाई सम्बोधन गर्न पाठ्यक्रमको विविधताको प्रयोग, पेरिस : युनेस्को

युनेस्को, (२००३) : शिक्षामा समाहितताबाट परिवर्तन (Exclusion) को सामनाका पक्षहरू : चुनौती र दृष्टिकोण अवधारणा पत्र, पेरिस : युनेस्को आधारभूत शिक्षा विभाग, समाहित शिक्षा र प्रारम्भिक बालविकास शाखा

युनिसेफ, (२०००) : पाठ्यक्रम प्रतिवेदन पत्र, न्यूयोर्क :

युनिसेफ, (२००१) : गुणस्तरीय शिक्षाको परिभाषा, न्यूयोर्क : लेखक

युनिसेफ, (२००३) : समाहित शिक्षाका उदाहरण : नेपाल, काठमाडौँ : दक्षिण एसिया क्षेत्रीय कार्यालय

## अनुसूची १

### राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास प्रक्रिया

राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास प्रक्रियामा पृष्ठभूमि तह (Grassroot Level) देखि केन्द्रीय तहसम्मका विभिन्न प्रकारका व्यक्ति र पदाधिकारीहरू सहभागी गराइएको थियो । उक्त प्रक्रिया निकै सहभागितामूलक र अन्तरक्रियात्मक थियो । तलको चित्र (चार्ट) १ मा प्रारूपको विकास प्रक्रियाको सङ्क्षेपीकरण प्रस्तुत गरिएको छ । २०६० सालको चैत्र २२ गते राष्ट्रिय पाठ्यक्रमको प्रारूपको अवधारणागत स्पष्टताका लागि सरकारी र गैरसरकारी क्याम्पसहरू, विद्यालयहरू र अन्य सरोकारहरूको व्यापक सहभागितामा ५० जना सहभागी भएको राष्ट्रिय कार्यशालाको आयोजना गरिएको थियो । उक्त कार्याशालाले पाठ्यक्रम विकासको राष्ट्रिय प्रारूपमा विकास गर्न आवश्यक पर्ने सिद्धान्त र निर्देशनहरू, विस्तृत सन्दर्भहरूको पुनरावलोकन आदिका आधारमा विद्यालय तहको पाठ्यक्रम र मूल्याङ्कनको कार्यान्वयन र परिमार्जन एवम् राष्ट्रिय आवश्यकताहरू र अन्तर्राष्ट्रिय दृष्टिकोणको शैक्षिक विकास प्रक्रियासमेतलाई दृष्टिगत गरी राष्ट्रिय पाठ्यक्रम प्रारूपको अवधारणा स्पष्ट गरेको थियो । उक्त राष्ट्रिय पाठ्यक्रमको अवधारणका आधारमा पाठ्यक्रम विकास केन्द्रले २०६१ साल वैशाख २५ गते काठमाडौं राष्ट्रिय पाठ्यक्रम प्रारूपको खाकाका बारेमा छलफल गर्न शिक्षाविद्हरू र विषय विशेषज्ञहरूको अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । सो अन्तरक्रिया कार्यक्रमले प्रारूप विकास गर्ने मार्गनिर्देशन प्रस्तुत गऱ्यो । ती मार्गनिर्देशनका आधारमा विचार र सुझावहरूको उजागर गर्न शैक्षिक प्रशासकहरू, शैक्षिक विशेषज्ञहरू, प्राचार्यहरू, प्रधानाध्यापकहरू, शिक्षक, विद्यार्थीहरू र सरोकारवालाहरू सहभागी भएको क्षेत्रीय कार्यशालाको आयोजना गरियो । ती पाँचओटा क्षेत्रीय कार्यशालाहरूमध्ये पोखरामा २०६१ साल वैशाख ३२ गते देखि जेठ ३ गते सम्म र एकएकओटा विराटनगर र चितवनमा र दुईओटा नेपालगञ्जमा २०६१ साल जेठ ११ गते देखि १४ गतेसम्म आयोजना गरिएको थियो । ती कार्यशालाहरूमा ५० जिल्लाका २०० भन्दा बढी शिक्षकहरू सहभागी भएका थिए । त्यही अवधिमा महिलाहरू, जातजातिका समूहहरू, विशेष आवश्यकता समूहहरू र बालअधिकार समूहरू र स्थानीय नेताहरूको सहभागिता रहेको कार्यशालाको आयोजना सम्बन्धित जिल्लाहरूले गरेका थिए । कार्यशालाको अङ्गकै रूपमा सबै तहका (प्राथमिक देखि उच्च माध्यमिक) शिक्षक र विद्यार्थीहरूको छुट्टै सहभागिता थियो । छलफलमा ३०० जना भन्दा बढी शिक्षकहरू र विद्यार्थीहरूले भाग लिएका थिए ।

# अनुसूची - २

## पाठ्यक्रम प्रारूप तयार गर्न गठित सल्लाहकार समिति विवरण

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | संयोजक | कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी |
| २ | सदस्य | डा. केदारनाथ श्रेष्ठ, काठमाडौं विश्वविद्यालय |
| ३ | सदस्य | प्रा.डा. मनप्रसाद वाग्ले, त्रिभुवन विश्वविद्यालय |
| ४ | सदस्य | प्रा.डा. हृदयरत्न बज्राचार्य, त्रिभुवन विश्वविद्यालय |
| ५ | सदस्य | प्रा.डा. विद्यानाथ कोइराला, त्रिभुवन विश्वविद्यालय |
| ६ | सदस्य | प्रा. डा. तीर्थराज पराजुली, त्रिभुवन विश्वविद्यालय |
| ७ | सदस्य | प्रा. डा. मीनबहादुर विष्ट, त्रिभुवन विश्वविद्यालय |
| ८ | सदस्य | श्री हरिबहादुर कार्की, कार्यकारी निर्देशक, पा.वि.के, त्रिभुवन विश्वविद्यालय |
| ९ | सदस्य | श्री ढालबहादुर खड्का, उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी |

# अनुसूची - ३

## प्रारूप निर्माणका क्रममा सरोकारवालाहरूको सहभागिता विवरण

प्रारूप निर्माणका क्रममा सरोकारवालाहरूको सहभागिता देहायअनुसार हुने गरी व्यवस्थित गरिएको थियो :

१. राष्ट्रिय गोष्ठी

| | | |
|---|---|---|
| - | विद्यार्थी सङ्गठनका प्रतिनिधि | - ५ |
| - | शिक्षाका सङ्गठित प्रतिनिधि | - ५ |
| - | अभिभावक/अभिभावकको सङ्घका प्रतिनिधि | - ७ |
| - | विद्यालय व्यवस्थापन समिति | - ३ |
| - | उद्योग, व्यापार, व्यवसायबाट प्रतिनिधि | - ५ |
| - | विज्ञ/बुद्धिजीवी | - ५ |
| - | पाठ्यक्रम विज्ञ/विशेषज्ञ | - ५ |
| - | समाजसेवी बुद्धिजीवी | - ५ |
| - | राजनीतिक पार्टीहरूको प्रतिनिधि | - ६ |
| - | गैरसरकारी राष्ट्रिय र दाताहरूसमेत अन्तर्राष्ट्रिय संस्था | - ७ |
| - | उच्च पदस्थ नीति तहका कर्मचारी | - ७ |
| - | अन्य | - १० |
| - | जम्मा | - ७० |

२. क्षेत्रीय गोष्ठी (पाँच ओटै क्षेत्रमा) [1]

| | | |
|---|---|---|
| - | विद्यार्थी सङ्गठनका प्रतिनिधि | - ४ |
| - | शिक्षा क्षेत्रका शिक्षक सङ्घ सङ्गठनका प्रतिनिधि | - ६ |
| - | अभिभावक/अभिभावकको सङ्घको प्रतिनिधि | - ५ |
| - | विद्यालय व्यवस्थापन समिति | - ३ |
| - | उद्योग, व्यापार, व्यवसायबाट प्रतिनिधि | - ५ |
| - | विज्ञ/बुद्धिजीवी | - ४ |
| - | पाठ्यक्रम विज्ञ/विशेषज्ञ | - ४ |
| - | समाजसेवी बुद्धिजीवी | - ३ |
| - | राजनीतिक पाटीहरूको प्रतिनिधि | - ४ |
| - | गैरसरकारी राष्ट्रिय र दाताहरूसमेत अन्तर्राष्ट्रिय संस्था | - ६ |
| - | उच्च पदस्थ नीति तहका कर्मचारी | - ६ |
| - | अन्य | - १० |
| - | जम्मा | - ६० |

३. विद्यार्थी शिक्षक अन्तरक्रिया

- प्रत्येक क्षेत्रमा दुईओटा सामुदायिक र एउटा संस्थागत विद्यालय गरी जम्मा १५ ओटा विद्यालयमा अन्तरक्रिया
- प्रत्येक विद्यालयका छ मुख्य विषयका र अन्य प्रत्येक तहबाट पाँचपाँच जना हुने गरी जम्मा ३०० (१५ विद्यालय × ४ तह × ५ सहभागी) जनाको सहभागिता
- प्रत्येक विद्यालयका प्रत्येक तहका १० जना विद्यार्थी (५ छात्र र ५ छात्रा) गरी जम्मा ६०० (१५ विद्यालय × ४ तह × १० जना)

४. मूल्याङ्कन नीति निर्धारण राष्ट्रिय कार्याशाला [2]

५. पाठ्यक्रम सम्बद्ध पाँच प्रमुख विषयहरू : दलित, जनजाति, अपाङ्ग, महिला र बालअधिकार एवम् बालकेन्द्रित विषयमा विशेष अध्ययन गरी प्रतिवेदन पेस गर्न शैक्षिक सल्लाहकार समूह (ESAT) को आर्थिक र प्राविधिक सल्लाहमा देशका पाँचओटै क्षेत्रमा उल्लिखित पाँचओटै विषयमा पृष्ठपोषण कार्यशाला (सम्बन्धित पक्षका आधिकारिक संस्थाहरूले) सञ्चालन गरी छुट्टाछुट्टै प्रतिवेदन पाठ्यक्रम विकास केन्द्रमा बुझाएको थियो । उक्त कार्याशालामा देहायबमोजिमका सहभागिता रहने गरी व्यवस्था गरिएको थियो ।

- सम्बन्धित विषय क्षेत्रसँग आबद्ध संस्था र व्यक्तिहरू १५ जना
- विद्यार्थी, शिक्षक, अभिभावक, प्रधानाध्यापक, व्यवस्थापन समिति आदि - १० जना
- विज्ञ र विशेषज्ञ - ५ जना
- स्थानीय बुद्धिजीवी र अन्य सरोकारवालाहरू - १० जना
- जम्मा सहभागिता ११२५ (५ क्षेत्र × ५ विषय क्षेत्र × ४५ जना)

---

1 जिल्ला शिक्षा कार्यालयहरूलाई सोअनुसार उल्लिखित विवरणअनुसार सहभागी गराउन अनुरोध गरिएको ।

2 गोष्ठीमा सहभागीहरूको नाम, थर, ठेगाना र पेसासम्बन्धी विवरण सम्बन्धित प्रतिवेदनमा दिइएको छ ।

# अनुसूची - ४

## लोकतान्त्रिक परिवेशअनुरूप राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई अन्तिम रूप दिन गठित कार्यदल

| | | |
|---|---|---|
| १. | डा. केदारनाथ श्रेष्ठ | संयोजक |
| २ | प्रा.डा. हृदयरत्न बज्राचार्य | सदस्य |
| ३ | प्रा.डा. तीर्थराज पराजुली | सदस्य |
| ४ | श्री लोकविलास पन्त | सदस्य |
| ५ | श्री लवदेव अवस्थी | सदस्य |
| ६ | श्री आनन्द पौडेल | सदस्य |
| ७ | श्री भोजराज शर्मा काफ्ले | सदस्य |
| ८ | श्री चित्रप्रसाद देवकोटा | सदस्य सचिव |
| ९ | श्री हरिबोल खनाल | सल्लाहकार |

# अनुसूची - ५

## राष्ट्रिय पाठ्यक्रम प्रारूप सम्बन्धमा नीति निर्माताहरूसँगको छलफलमा सहभागी विवरण

| | | |
|---|---|---|
| १ | माननीय मन्त्री, प्रा.डा. मङ्गलसिद्धि मानन्धर | शिक्षा तथा खेलकुद मन्त्रालय |
| २ | श्री बालानन्द पौडेल, का.मु. सचिव | शिक्षा तथा खेलकुद मन्त्रालय |
| ३ | प्रा.डा. माधवप्रसाद भट्टराई | ने.सं.वि.का पूर्व प्राध्यापक |
| ४ | श्री अर्जुनबहादुर भण्डारी, सहसचिव | शिक्षा तथा खेलकुद मन्त्रालय |
| ५ | श्री लवप्रसाद त्रिपाठी, सहसचिव | शिक्षा तथा खेलकुद मन्त्रालय |
| ६ | श्री बोधराज निरौला, सहसचिव | शिक्षा तथा खेलकुद मन्त्रालय |
| ७ | श्री जनार्दन नेपाल, महानिर्देशक | शिक्षा विभाग |
| ८ | श्री लक्ष्मीप्रसाद खत्री, नि. कार्यकारी निर्देशक | शैक्षिक जनशक्ति विकास केन्द्र |
| ९ | श्री केदार शर्मा, कार्यकारी निर्देशक, पा.वि.के | त्रिभुवन विश्वविद्यालय |
| १० | श्री हरिबोल खनाल, कार्यकारी निर्देशक | पाठ्यक्रम विकास केन्द्र |
| ११ | श्री रमाकान्त सापकोटा | सल्लाहकार, शिक्षा तथा खेलकुद मन्त्रालय |
| १२ | श्री प्रकाशराज पाण्डे, निर्देशक | शिक्षा विभाग |
| १३ | श्री महाश्रम शर्मा, निर्देशक | शिक्षा विभाग |
| १४ | श्री विष्णुकुमार देवकोटा, निर्देशक | शिक्षा विभाग |
| १५ | श्री हर्कप्रसाद श्रेष्ठ, प्रशासकीय प्रमुख | शिक्षक सेवा आयोग |
| १६ | श्री बुनु श्रेष्ठ, निर्देशक | अनौपचारिक शिक्षा केन्द्र |
| १७ | प्रा.डा. तीर्थराज पराजुली | त्रिभुवन विश्वविद्यालय |
| १८ | प्रा.डा. तीर्थ खनिया | त्रिभुवन विश्वविद्यालय |
| १९ | प्रा.डा. दिव्यमान कर्माचार्य | त्रिभुवन विश्वविद्यालय |
| २० | प्रा. उपेन्द्रकुमार कार्की | त्रिभुवन विश्वविद्यालय |
| २१ | प्रा.डा. नोबलकिशोर राई | त्रिभुवन विश्वविद्यालय |
| २२ | प्रा.डा. बेणिमाधव ढकाल, | ने.सं.वि. |
| २३ | प्रा.डा. हेमाङ्गराज अधिकारी | त्रिभुवन विश्वविद्यालय |
| २४ | प्रा.डा. मनप्रसाद वाग्ले | त्रिभुवन विश्वविद्यालय |
| २५ | प्रा.डा. श्रीराम लामिछाने | त्रिभुवन विश्वविद्यालय |
| २६ | प्रा.डा. वासुदेव काफ्ले | सी.टी.ई.भी.टी |
| २७ | प्रा.डा. सिद्धिप्रसाद कोइराला | त्रिभुवन विश्वविद्यालय |
| २८ | श्री केशवप्रसाद भट्टराई, अध्यक्ष | शिक्षक युनियन |

| | | |
|---|---|---|
| २९ | श्री भरतविलास पन्त | त्रिभुवन विश्वविद्यालय |
| ३० | श्री सुशील पाण्डे, निर्देशक | क्षे.शि.नि |
| ३१ | श्री हरिश्चन्द्र यादव, नि. परीक्षा नियन्त्रक | परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी |
| ३२ | श्री रामवहादुर खड्का, प्रमुख | उ.मा.शि.प |
| ३३ | श्री वामेदव गौतम, महासचिव | नेपाल राष्ट्रिय अभिभावक सङ्घ |
| ३४ | श्री हरिनारायण उपाध्याय | स्कलर्स होम एकेडेमी, सामाखुसी |
| ३५ | श्री विष्णुप्रसाद थैव, निर्देशक, | शै.ज.वि.के |
| ३६ | श्री तुलसीप्रसाद थपलिया, उपनिर्देशक | शै.ज.वि.के |
| ३७ | श्री लोकविलास पन्त, उपनिर्देशक | शिक्षा विभाग |
| ३८ | श्री बाबुराम अधिकारी, महासचिव | ने.रा.शि.सं. |
| ३९ | श्री माधवप्रसाद मरहठ्ठा, प्रिन्सिपल | फ्लोरेन्स मा.वि |
| ४० | श्री डिल्लीराम रिमाल, उपसचिव | शिक्षा तथा खेलकुद मन्त्रालय |
| ४१ | श्री चित्रप्रसाद देवकोटा, उपनिर्देशक | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी |
| ४२ | श्री हरिशंखर मानन्धर, उपनिर्देशक | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी |
| ४३ | श्री द्रोण दाहाल, उपनिर्देशक | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी |
| ४४ | श्री कमला पोखरेल, उपनिर्देशक | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी |
| ४५ | श्री शम्भुप्रसाद दाहाल, उपनिर्देशक | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी |
| ४६ | श्री खगराज पौडेल | प.नि.का |
| ४७ | श्री शिवशङ्खर घिमिरे, CTEVT | पाठ्यक्रम निर्देशक |
| ४८ | श्री आनन्द पौडेल | पाठ्यक्रम विकास केन्द्र |
| ४९ | श्री भोजराज शर्मा काफ्ले | पाठ्यक्रम विकास केन्द्र |
| ५० | श्री गणेशप्रसाद भट्टराई | पाठ्यक्रम विकास केन्द्र |
| ५१ | श्री विष्णुप्रसाद अधिकारी | पाठ्यक्रम विकास केन्द्र |
| ५२ | श्री तुलसीप्रसाद आचार्य | पाठ्यक्रम विकास केन्द्र |
| ५३ | श्री हीरामणि लामिछाने | पाठ्यक्रम विकास केन्द्र |
| ५४ | श्री वसन्तराज अधिकारी | पाठ्यक्रम विकास केन्द्र |

## अनुसूची - ६

**राष्ट्रिय पाठ्यक्रम प्रारूपका सम्बन्धमा छलफल गर्न आयोजित कार्यशालामा उठेका विशेष मुद्दाहरूका सम्बन्धमा समायोजन गर्न सञ्चालित कार्यशालामा संलग्न विज्ञहरूको विवरण**

| | |
|---|---|
| १ | श्री हरिबोल खनाल |
| २ | प्रा. डा. मनप्रसाद वाग्ले |
| ३ | प्रा.डा. हेमाङ्गराज अधिकारी |
| ४ | डा. लवदेव अवस्थी |
| ५ | श्री प्रदीपलाल बज्राचार्य |
| ६ | श्री चित्रप्रसाद देवकोटा |
| ७ | श्री भोजराज काफ्ले |
| ८ | श्री आनन्द पौडेल |
| ९ | श्री कपिलदेव रेग्मी |
| १० | श्री शङ्खरप्रसाद लोहनी |
| ११ | श्री कमला खलानी |
| १२ | श्री रामप्रसाद ढुङ्गाना |
| १३ | श्री ध्रुवप्रसाद ढुङ्गेल |
| १४ | श्री सम्झना शर्मा |
| १५ | श्री शम्भुप्रसाद दाहाल |
| १६ | श्री द्रोण दाहाल |
| १७ | श्री हरिशङ्खर मानन्धर |

# अनुसूची - ७

## शिक्षा तथा खेलकुद मन्त्रालय तहमा कार्यरत नीति निर्माण तहका सरोकारवालाहरूसँग भएको छलफलका सहभागी विवरण

| | |
|---|---|
| १ | श्री अर्जुनबहादुर भण्डारी, सहसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |
| २ | श्री लवप्रसाद त्रिपाठी, सहसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |
| ३ | श्री बोधराज निरौला, सहसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |
| ४ | डा. लवदेव अवस्थी, उपसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |
| ५ | श्री अशोककुमार अर्याल, उपसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |
| ६ | श्री मणिराम ओझा, कानुन अधिकृत, शिक्षा तथा खेलकुद मन्त्रालय |
| ७ | श्री हरिप्रसाद पौडेल, शाखा अधिकृत, शिक्षा तथा खेलकुद मन्त्रालय |
| ८ | श्री प्रल्हाद अर्याल, शाखा अधिकृत, शिक्षा तथा खेलकुद मन्त्रालय |
| ९ | श्री रामप्रसाद बस्याल, उपसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |
| १० | श्री सुनिता मालाकार, उपसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |
| ११ | श्री योगेन्द्र बस्नेत, उपसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |
| १२ | श्री केशरमोहन भट्टराई, शाखा अधिकृत, शिक्षा तथा खेलकुद मन्त्रालय |
| १३ | श्री ओमकुमार श्रेष्ठ, शाखा अधिकृत, शिक्षा तथा खेलकुद मन्त्रालय |
| १४ | श्री रेणुकका पाण्डे (भूसाल), शाखा अधिकृत, शिक्षा तथा खेलकुद मन्त्रालय |
| १५ | श्रीकृष्ण खनाल, उपसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |
| १६ | श्री चित्र प्रसाद देवकोटा, उपसचिव, पाठ्यक्रम विकास केन्द्र |
| १७ | श्री आनन्द पौडेल, पाठ्यक्रम अधिकृत, पाठ्क्रम विकास केन्द्र |
| १८ | श्री शोभियतराम विष्ट, उपसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |
| १९ | श्री भोजराज शर्मा काफ्ले, पाठ्यक्रम अधिकृत, पाठ्क्रम विकास केन्द्र |
| २० | श्री विष्णु कार्की, |
| २१ | श्री गेहनाथ गौतम, शाखा अधिकृत, शिक्षा तथा खेलकुद मन्त्रालय |
| २२ | श्री अष्टराज गौतम, ना.सु. शिक्षा तथा खेलकुद मन्त्रालय |
| २३ | श्री नकुल बानिया, शाखा अधिकृत, शिक्षा तथा खेलकुद मन्त्रालय |
| २४ | श्री मुकुन्दमणि खनाल, शाखा अधिकृत, शिक्षा तथा खेलकुद मन्त्रालय |
| २५ | श्री नवराज रिजाल, ना.सु शिक्षा तथा खेलकुद मन्त्रालय |
| २६ | श्री दिवाकर ढुङ्गेल, उपसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय |

# अनुसूची - ८

## ऐच्छिक विषयसम्बन्धी थप विवरण

| | |
|---|---|
| ऐच्छिक विषय समूह : क | नेपाली, अङ्ग्रेजी, संस्कृत, अवधी, नेवारी, ल्याटिन<br>इतिहास<br>अतिरिक्त गणित, औद्योगिक शिक्षा, खाद्यविज्ञान, कृषिशिक्षा<br>सङ्गीत र वाद्यवादन<br>वेद, व्याकरण, विद्युत्, बागवानी, होटल व्यवस्थापन |
| ऐच्छिक विषय समूह : ख | हिन्दी, फ्रेन्च, चिनियाँ, रसियन, ग्रिक, भोजपुरी<br>अर्थशास्त्र, वातारण तथा जनसङ्ख्या अध्ययन, पर्यटन व्यवसाय<br>कार्यालय सञ्चालन र लेखा, गृहविज्ञान, हस्तकला, फोटोग्राफी<br>नृत्य, न्याय, साहित्य, आयुर्वेद, प्लम्बिङ र स्यानिटेसन, पशुपालन |
| ऐच्छिक विषय समूह : ग | बङ्गाली, जापानी, मैथिली, हिब्रू<br>भूगोल, स्वास्थ्य र शारीरिक शिक्षा<br>कम्प्युटर विज्ञान, लेखापरीक्षण, शिक्षा, चित्रकला, सामुदायिक स्वास्थ्य<br>प्राकृतिक चिकित्सा, योगशिक्षा<br>ज्योतिष, नीतिशास्त्र, कला, ड्राइभिङ शिक्षा |
| ऐच्छिक विषय समूह : घ | उर्दू, तिब्बती, जर्मन, स्पेनिस, अरेबिक, पर्सियन<br>नागरिकशास्त्र, समाजशास्त्र, सूचना तथा सञ्चार प्रविधि<br>अतिरिक्त विज्ञान, सिलाइबुनाइ, बेतबाँस शिल्प शिक्षा, पत्रकारिता<br>फलित ज्योतिष, कर्मकाण्ड, वास्तुकला, पर्वतारोहण, पाकशिक्षा, सामुदायिक सेवा |

**नोट** : नेपाल सरकारको निर्णयअनुसार ऐच्छिक विषयहरूमा थपघट हुनेछ ।

## प्रारूप तयारी एवम् परिमार्जन प्रक्रियाका विभिन्न चरणमा सहयोग पुऱ्याउने महानुभावहरू

| | |
|---|---|
| १ | श्री हरिबोल खनाल, कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र |
| २ | श्री लक्ष्मीप्रसाद खत्री, पूर्व कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र |
| ३ | श्री जगन्नाथ अवा, पूर्व कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र |
| ४ | श्री चुमानसिंह बस्नेत, पूर्व महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र |
| ५ | श्री शिवप्रसाद सत्याल, पूर्व महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र |
| ६ | श्री गोपालप्रसाद अधिकारी, पूर्व उपनिर्देशक, पाठ्यक्रम विकास केन्द्र |
| ७ | श्री शम्भुप्रसाद दाहाल, उपनिर्देशक, पाठ्यक्रम विकास केन्द्र |

### विषयवस्तु सम्पादन

१. श्री चित्रप्रसाद देवकोटा

२. श्री भोजराज शर्मा

२. श्री आनन्द पौडेल

३. श्री विष्णुप्रसाद अधिकारी

### भाषा सम्पादन

१. श्री विष्णुप्रसाद अधिकारी

२. श्री गणेशप्रसाद भट्टराई

३. श्री दिनानाथ गौतम

### कम्प्युटर टाइप तथा लेआउट डिजाइन

श्री रविन श्रेष्ठ

# राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास प्रक्रिया

### कार्यशाला/सुझाव सङ्कलन

- राष्ट्रिय प्रारूपको धारणगत स्पस्टताका लागि केन्द्रीय तहको कार्यशाला र सुझाव सङ्कलन
- राष्ट्रिय पाठ्यक्रम प्रारूपलगायत मूल्याङ्कनका सम्बन्धमा शिक्षक विद्यार्थी र विभिन्न सरोकारवालाहरूसँग पाँच क्षेत्रमा क्षेत्रीय कार्यशालामा प्रतिवेदन तयारी र मुद्दा पहिचान

### सन्दर्भ सामग्री पुनावलोकन

- विभिन्न देशहरूको विद्यालय तहको पाठ्यक्रम प्रारूप र मूल्याङ्कन प्रक्रिया र प्रणालीको बारेमा अध्ययन र पुनारावलोकन - अस्ट्रेलिया, भारत, थाइल्यान्ड र न्युजिल्यान्ड
- राष्ट्रिय तहका विभिन्न आयोगका प्रतिवेदन र अनुसन्धान प्रतिवेदनहरू अध्ययन र पुनरावलोकन

### वर्तमान पाठ्यक्रमको विश्लेषण

- छ मुख्य विषयका पाठ्यक्रमको विश्लेषण गर्न छ ओटा प्राविधिक कार्यदल गठन
- आवासीय कार्यशाला
- मसौदा प्रतिवेदनमा छलफल
- मसौदा प्रतिवेदन तयारी
- विद्यालय भ्रमण र अन्तिम प्रतिवेदन

### मूल्याङ्कनसम्बन्धी कार्यशाला

- मूल्याङ्कन कार्यदल गठन
- कार्यदल सुझाव साझेदारी गर्न आन्तरिक कार्यशाला र मूल्याङ्कनको प्राविधिक दस्तावेज तयार गर्न शीर्षक क्षेत्र पहिचान कार्यशाला
- विशेषज्ञहरूबाट तीनओटा प्राविधिक दस्तावेज तयार र प्रस्तुति
- मूल्याङ्कन नीति सम्बन्धमा केन्द्रीय कार्यशाला : तीनओटा दस्तावेज र क्षेत्रीय कार्यशालाका प्राप्तिका बारेमा छलफल
- प्रारम्भिक प्रस्तावित मसौदा (मूल्याङ्कन नीतिसम्बन्धी) मा अन्तरक्रिया
- मसौदा नीति पत्र तयार र पुनरावलोकन
- पहिलो मसौदा तयार र राष्ट्रियस्तरमा छलफल
- दोस्रो मसौदा तयार र राष्ट्रियस्तरमा छलफल
- राष्ट्रिय विद्यालय मूल्याङ्कन नीतिसम्बन्धी विज्ञको सुझाव समेत संलग्न गरी अन्तिम रूप प्रदान

### पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विभिन्न दृष्टिकोणबाट विश्लेषण

- महिला, दलित, मानवअधिकारवादी संस्था, जनजातिका जनसमुदाय, अपाङ्गहरू संलग्न विशेष कार्यक्रम आयोजना
- मसौदाहरू सरोकारवालाहरूबाट तयार
- शैक्षिक क्षेत्र सल्लाहकार समूह (इस्याट) र विशेषशहरूबाट मसौदामा पृष्ठपोषण
- अन्तिम प्रतिवेदनहरू तयार र बुझाउने कार्य
- प्रतिवेदनहरूको परामर्शदाताहरूबाट पुनरावृत्ति र प्रयोग

### राष्ट्रिय पाठ्यक्रम प्रारूप

- परामर्शदाता भर्ना
- अवधारणा स्पस्टताका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप सम्बन्धमा केन्द्रीय कार्यशाला आयोजना
- प्रारूप ढाँचा (खाका) तयार
- प्रस्तावित प्रारूपमा छलफल र विज्ञबाट आवश्यक सुझाव प्रदान
- प्रारम्भिक प्रस्तावित मसौदा
- जीवनोपयोगी सीप, सूचना तथा सञ्चार प्रविधि, प्राविधिक तथा व्यावसायिक शिक्षा, भाषाको मुद्दा, स्थानीय पाठ्यक्रम र विद्यार्थी मूल्याङ्कन सम्बन्धमा विषयगत (themetic) छलफल
- पहिलो प्रतिवेदन तयारी र आन्तरिक छलफलमा प्रस्तुति
- दोस्रो मसौदामा पृष्ठपोषणको निम्ति शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतका पदाधिकारीहरूसँग छलफल
- शिक्षा सल्लाहकार समूह र राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन समितिका सदस्यहरूबाट पृष्ठपोषणका आधारमा थप सुधार

---

- लोकतान्त्रिक परिवेश अनुरूप प्रारूपमा सुधार
- प्राविधिक समिति गठन र प्रारूपमा सुधार
- नीति निर्माण तहका सरोकारवालाहरूसँग छलफल
- विभिन्न सरोकारवालाहरू (दलित, अपाङ्ग, अपाङ्गतासम्बन्धी सङ्घ, जनजाति सङ्घ, महिला आयोग, मानव अधिकार आयोग, जनजाति सङ्घ र विज्ञहरू) बीच छलफल तथा अन्तर्क्रिया
- शिक्षा मन्त्रालय सम्बद्ध नीति निर्माण तहमा कार्यरत नीति निर्माताहरूबीच पुन अन्तर्क्रिया एवम् सुधार